सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ पुस २०८१, शुक्रबार (10 Jan 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २६४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ टीकापुर नगर विकास कोषको जग्गा घोटालामा ८९ जना दोषी

टीकापुरका उपमेयर शाह भ्रष्टाचारी ठहर, तीन महिना कैद





नेत्रप्रसाद जोशी
अध्यक्ष, टीकापुर नगर विकास समिति
सजाय
एक वर्ष नौ महिना कैद र १३ लाख ७ हजार जरिवाना

मुख्य दोषी



गणेशसिंह रावल
उपसमिति संयोजक, टीकापुर नगर विकास समिति
सजाय
एक वर्ष ६ महिना कैद र १३ लाख ७ हजार जरिवाना



खड्कबहादुर शाह
उपमेयर, टीकापुर नगरपालिका, कैलाली
सजाय
तीन महिना कैद र १३ लाख ७ हजार जरिवाना

■ जोशी, रावल र शाहसहित पदाधिकारी, सदस्य, उपसमितिका सदस्य, कर्मचारी गरी ११ जनामाथि किर्ते तथा नक्कली कागजात पेस गरी जग्गा व्यक्तिका नाममा बाँडेको कसुर ठहर, उक्त जग्गा आफ्नो बनाउने ७८ जनाको हकमा जग्गा जफतदेखि कैदसम्मको फैसला

शिल्पा कर्ण/नयाँ पत्रिका

कैलालीको टीकापुर नगरपालिकाका उपमेयर खड्कबहादुर शाह भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका छन्। ०६५/६६ मा किर्ते तथा नक्कली कागजात बनाएर टीकापुर विकास समितिको जग्गा परिवारका सदस्यसहितको नाममा बाँडेको मुद्दामा शाहसहित ८९ जना दोषी ठहर भएका हुन्।

विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र रितेन्द्र थापाको बिहीबारको इजलासले शाहलाई तीन महिना कैद र बिगोको दामासाहीले १३ लाख सात हजार जरिवाना हुने फैसला गरेको हो। गैरकानुनी रूपमा जग्गाको हक व्यक्तिविशेषमा हस्तान्तरण गरेको अदालतको ठहर छ। अख्तियारले २४९ लाई प्रतिवादी बनाएर एक वर्षअघि मुद्दा दायर गरेको थियो।

> नगर विकास समितिको जग्गा गैरकानुनी रूपमा व्यक्तिको नाममा पुऱ्याएको भन्दै अख्तियारले २४९ विरुद्ध चलाएको थियो मुद्दा

अख्तियारले टीकापुर नगर विकास समितिका तत्कालीन तीन अध्यक्षविरुद्ध मुद्दा चलाए पनि २० जेठ ०६५ मा अध्यक्ष बनेका नेत्रप्रसाद जोशी मात्र दोषी ठहर भएका छन्। तत्कालीन मधेशी जनअधिकार फोरमबाट समितिको अध्यक्ष बनेका जोशी हाल नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय सदस्य छन्।

अदालतले जोशी र उनले गठन गरेको उपसमिति संयोजक गणेशसिंह रावललाई मुख्य दोषी ठहर गरेको छ। जोशीलाई एक वर्ष नौ महिना र रावललाई एक वर्ष ६ महिना कैद तथा बिगोको दामासाहीले हुन आउने १३ लाख सात हजार जरिवाना फैसला गरेको छ।

यसबाहेक उपसमितिका तत्कालीन सदस्यहरू श्याम खत्री, बमबहादुर बम, देवेन्द्रबहादुर कुँवर, पदमराज न्यौपाने, सदस्यसचिव अम्बादत्त जोशी, योजना प्रमुख बलबहादुर कडायत, नापी अधिकृत मानबहादुर चन्द र मालपोत अधिकृत जयबहादुर विष्ट पनि दोषी ठहर भएका छन्। उनीहरूलाई तीन महिना कैद र बिगोको दामासाहीले जनही १३ लाख सात हजार जरिवाना ठहर भएको छ। दोषी ठहर भएका खत्री गत निर्वाचनमा एमालेबाट टीकापुर नगरपालिकाको मेयरका उम्मेदवार थिए।

'...आरोप दाबीमा उल्लिखित अधिकांश जग्गाहरू किर्ते कागजातको आधारमा विभिन्न व्यक्तिहरूका नाउँमा दाखिला गरेको पुष्टि हुन्छ। विधिविज्ञान प्रयोगशालाबाट परीक्षण भएका अड्डाको छाप र अक्षरहरूको बनावटसमेत विश्लेषण गरी दाबीको कित्ता नम्बरका जग्गाहरूको दाखिला, नामसारी गर्ने व्यक्तिहरू अधिकांशले नक्कली कागजात पेस गरी जग्गा दाखिला गरेको देखिन आउँछ,' विशेषले भनेको छ।

जग्गा आफन्त र परिवारका नाममा पुऱ्याउन समितिका अध्यक्ष जोशीले रावलको

» पृष्ठ २ मा क्रमशः

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

८४ दिनपछि छुटे रवि

२ कात्तिकमा पक्राउ गरेर सहकारी ठगीसँगै संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा चलाइएका लामिछानेलाई पटक-पटक म्याद थप्दै ८४ दिनसम्म हिरासतमा राखिएको थियो



रिहा भएपछि रास्वपा सभापति रवि लामिछाने

पोखरामा **रोहितराज पराजुली**

पोखराको सूर्यदर्शन सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा लगाएर ८४ दिनसम्म हिरासतमा राखिएका रास्वपा सभापति रवि लामिछाने जिल्ला अदालत कास्कीका न्यायाधीश नीतिज राईको आदेशमा रिहा भएका छन्। थुनछेक बहसपछि बिहीबार राईको इजलासले लामिछानेसँगै पूरक मुद्दामा हिरासतमा रहेका सातैजनालाई धरौटीमा छाड्न आदेश दिएको थियो। मुलुकी फौजदारी कार्यविधि संहिता, ०७४ को दफा ६८ र ७२ समेतको आधारमा धरौटी तारेखमा छाड्ने आदेश भएको अदालतका स्प्रेस्तेदार राजन खनालले बताए।

■ आज बिहान १० बजे काठमाडौं प्रहरी परिसरमा उपस्थित हुनुपर्ने

आदेशपछि साँझै लामिछाने ६५ लाख, नेपाल प्रहरीका पूर्वडिआइजी छविलाल जोशी ८८ लाख र नेचर हर्ब्स

» पृष्ठ २ मा क्रमशः



■ रिहा भएपछि रविको प्रतिक्रिया–

सबैजनालाई धेरैधेरै धन्यवाद। मैले बोल्ने समय आएपछि नबोल् भने पनि बोलुँला। धेरै लडाइँ बाँकी नै छ। जस-जसले माया गर्नुभयो, सबैलाई धन्यवाद। न्यायालयप्रति म विशेष आभारी छु। न्यायप्रणालीप्रति विश्वास गर्ने ठाउँ प्राप्त गरेकोमा धन्यवाद भन्न चाहन्छु।

■ रविलाई फेरि पक्रिने योजनाबाट यसरी 'ब्याक' भयो सरकार

प्रहरीको तयारी थियो- रास्वपा सभापति रवि लामिछानेलाई जिल्ला अदालतले छाड्ने आदेश दिए पनि फेरि पक्राउ गर्ने। तर, बिहीबार साँझ अदालतको आदेशपछि उनी काठमाडौंमा उपस्थित हुने गरी रिहा भएका छन्। अन्यत्र पनि पक्राउ पुर्जी जारी भएको भन्दै छुटेलगत्तै पक्राउ गर्ने योजना रहे पनि सबैभन्दा धेरै कसुर लगाइएकै मुद्दामा अदालतबाट धरौटी माग गर्ने आदेश भयो। राज्यले 'अत्याचार' गरिरहेको भनेर आलोचना भइरहेको वेला आदेश पनि त्यस्तो आएपछि रविलाई फेरि पक्राउ गर्नबाट सरकार 'ब्याक' भयो।

'प्रहरीले धेरै दमन गऱ्यो भन्ने गुनासोपछि माथिकै आदेशमा यति सहुलियत दिएका हौं,' कास्की प्रहरीका एक अधिकारीले भने। कास्कीमा लामिछानेविरुद्ध सहकारी ठगीका साथै संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरसमेत लगाइएको छ। काठमाडौंमा भने उनीविरुद्ध सहकारी ठगी र संगठित अपराधको मात्र अभियोग लगाइएको छ। उनीविरुद्ध पाँच जिल्लामा अनुसन्धान भए पनि सम्पत्ति शुद्धीकरणको मुद्दा भने कास्कीबाहेक अन्यत्र नलगाउने प्रहरी रणनीति छ। कास्कीमा रविविरुद्ध २७ करोड ८९ लाख बिगो कायम गरी सम्पत्ति शुद्धीकरण मुद्दा दायर भएको थियो। उनी ग्यालेक्सी टिभीमा सञ्चालक हुँदा विभिन्न सहकारीबाट आएको सबै रकमलाई सम्पत्ति शुद्धीकरणको बिगो बनाइएको छ।



● **रमण श्रेष्ठ**
वरिष्ठ अधिवक्ता

यो मुद्दाले सरकारकै बेइज्जत भएपछि फेरि पक्राउ गर्न नसकेको हो

सबैभन्दा धेरै कसुर र बिगो रहेकै मुद्दामा धरौटीमा छुटेपछि अन्य मुद्दामा फेरि थुनामै राख्दा जनआक्रोश बढ्ने विश्लेषणअनुसार रविलाई फेरि नियन्त्रणमा लिनबाट सरकार पछि हटेको स्रोत बताउँछ।

पूर्वमहान्यायाधिवक्ता रमण श्रेष्ठ यो मुद्दाले सरकारकै बेइज्जत भएपछि फेरि पक्राउ गर्न नसकेको बताउँछन्। 'मुद्दा दायर गर्दा कानुनी प्रक्रिया पूरा भएको छैन, कुनै प्रमाण छैन,' उनी भन्छन्, 'तैपनि कोकोहोलो मच्चाएर मुद्दा दायर गरियो, त्यहीकारण लाज भएर फेरि पक्राउ गर्न नसकेको होला, पूरक अभियोग लगाउँदा उच्च सरकारी वकिल कार्यालयबाट निर्णय हुनुपर्नेमा त्यो नभएकाले यो मुद्दा शून्यमा झर्ने निश्चित छ।'

प्रहरीले यसअघि काठमाडौं, चितवन, रूपन्देही र पर्सा लगेर उनको बयान लिइसकेको छ। काठमाडौंमा मुद्दा दायर भइसकेको छ भने अन्यत्र दायरको तयारी छ। जिबी राईको समूहले सञ्चालन गरेका सबै सहकारीमा उनलाई केन्द्रमा राखी प्रहरीले अनुसन्धान गरिरहेको छ। संसदीय समितिले सहकारीबाट गोर्खा मिडियामा पैसा लैजाने प्रक्रियामा उनको कुनै भूमिका नभएको, तर गोर्खा मिडियाको सञ्चालक भएकै आधारमा पक्राउ गरिएको भन्दै राजनीतिक प्रतिशोधको आरोप लगाउँदै आएको छ। यो मुद्दामा प्रहरीले ९० दिनसम्म प्रतिवादीमाथि अनुसन्धान गरेकोमा अदालतमा थुनछेकमा मात्र १८ दिन लागेको थियो।

■ संविधान संशोधनको बहस

प्रधानमन्त्री ओलीको नियतमाथि कांग्रेसको आशंका



■ सरकारको कार्यसम्पादनमाथि सत्तापक्षका नेताबाट प्रश्न उठिरहेका वेला संविधान संशोधनको एजेन्डामा कांग्रेस-एमालेबिच किचलो

(विस्तृत पृष्ठ ३)

संघीय सरकार घाटामा, स्थानीय र प्रदेश सरकार बचतमा



तीनै तहको खर्च प्रतिबद्धता सवा नौ खर्बको, पौने १८ अर्ब भुक्तानी गर्न बाँकी, तर सञ्चित कोष भने एक खर्ब १७ अर्बले ऋणात्मक

(विस्तृत पृष्ठ ६)

युरोपमा सोल्टीको आतिथ्य सत्कार

जर्मनीको फ्रैंकफर्टमा दुईवटा होटेल व्यवस्थापनको जिम्मेवारी लिँदै सोल्टीको अन्तर्राष्ट्रिय यात्रा सुरु



सोल्टी वेस्टेन्ड मेसी फ्रैंकफर्ट



सोल्टी वेस्टेन्ड प्रिमियर मेसी फ्रैंकफर्ट

नवीन अर्याल/नयाँ पत्रिका

नेपाली भूमिमा विदेशी पाहुनाको सत्कार गर्दै आएको सोल्टी होटल्स एन्ड रिसोर्ट्सले युरोपमा पनि सेवा विस्तार गरेको छ। यससँगै विदेशीले नेपाली आतिथ्य सत्कार युरोपकै भूमिमा पनि पाउने भएका छन्।

जर्मनीको फ्रैंकफर्टस्थित दुई होटेलको व्यवस्थापन जिम्मेवारी लिँदै सोल्टी होटल्स एन्ड रिसोर्ट्सले अन्तर्राष्ट्रिय यात्रा सुरु गरेको छ। म्यारियट, हिल्टन, सिन्तामणि र हायातलगायतका विदेशी ब्रान्डका दर्जनौं चेन होटेलले नेपालमा आतिथ्य सेवा प्रवाह गरिरहेको परिवेशमा नेपाली ब्रान्डको होटेल युरोप पुगेको हो।

विदेशका होटेल व्यवस्थापनमा हात हालेसँगै सोल्टी नेपालको पहिलो अन्तर्राष्ट्रिय आतिथ्य ब्रान्ड बनेको सोल्टीका उपाध्यक्ष सुदर्शन चापागाईंले बताए। उनका अनुसार सोल्टीले जर्मनीको ट्रिप इन होटेल समूहका दुईवटा होटेलको व्यवस्थापन हेर्ने जिम्मेवारी लिएको छ। ट्रिप इनले युरोपका विभिन्न सहरमा ३२ सय कोठा रहेको ५० भन्दा बढी होटेल सञ्चालन गर्छ।

सोल्टीले १७ पुसदेखि जर्मनीमा एउटा होटेलको व्यवस्थापन गर्न सुरु गरिसकेको छ, जसको 'सोल्टी वेस्टेन्ड मेसी फ्रैंकफर्ट' नामबाट रि-ब्रान्डिङ गरिएको छ। फ्रैंकफर्टमै अर्को 'सोल्टी वेस्टेन्ड प्रिमियर मेसी फ्रैंकफर्ट' होटेलको व्यवस्थापन तथा सञ्चालन १७ फागुनदेखि गर्ने सम्झौता छ।

'सोल्टीले आफ्नो ६ दशकभन्दा लामो विरासत

» पृष्ठ २ मा क्रमशः

सोफा हब काठमाडौं प्रा.लि.
प्रधान कार्यालय : गोठाटार, 9851152589



बबाल छुट २५% सम्म

नेपालकै नं. १ सोफा फ्याक्ट्री

हाम्रा शाखाहरू
कलंकी 9705114871 | सामाखुशी 9820114870 | पोखरा 9820114872 | बिर्तामोड 9705114873 | चितवन 9845728156 | नेपालगंज 9705114870

SOFA HUB KATHMANDU PVT. LTD. | 20 YEAR WARRANTY | FREE DELIVERY | 100% PREMIUM QUALITY

संविधान संशोधन बहस

मधेशकेन्द्रित दल नयाँ समीकरणको कसरतमा

जनकपुरधाममा **हदिश खुद्दार**

सत्ताधारी दल कांग्रेस र एमालेको संयुक्त सरकारले संविधान संशोधनको गृहकार्य थालेपछि मधेशकेन्द्रित दलहरू सामूहिक मुद्दा उठाउने गरी नयाँ समीकरणको कसरतमा लागेका छन् । मधेश आन्दोलनसहितबाट प्राप्त उपलब्धिको रक्षा तथा आफ्नो अस्तित्व जोगाउन भन्दै जसपा नेपाल, जनमत, लोसपासहितका दलहरू मोर्चाबन्दीको तयारीमा जुटेका हुन् ।

विगतका टुटफुट तथा विभाजनले मधेशकेन्द्रित दल कमजोर बन्दै गएकामा संशोधन मुद्दामा शक्ति बढाउने ध्याउन्नमा छन् । जसपा, जनमत र लोसपाले कार्यदल गठन गरेका छन् भने तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)ले अन्तरपार्टी संवाद समिति गठन गरेको छ ।

तमलोपाले मधेशी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल सद्भावना पार्टी, जन अधिकार पार्टी तथा एकीकृत समाजवादी पार्टीसँग मिलेर संयुक्त मधेश संघर्ष समिति गठन गरेको छ । संघर्ष समितिले संविधान संशोधनको नाममा वर्तमान सत्ताधारी दलले समानुपातिक प्रतिनिधित्व हटाउने, थ्रेस होल्ड बढाउने, राष्ट्रिय सभाको स्वरूप बदल्ने षड्यन्त्र भइरहेको भन्दै खबरदारी-सभासमेत मधेशका जिल्लामा गर्दै आएको छ ।

अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी, थरुहटकेन्द्रित नागरिक उन्मुक्ति पार्टी, पूर्वमन्त्री हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टीसहितले अर्का दलसँग सहकार्य र एकताका लागि वार्ता समिति गठन गरेका छन् ।

मुलुकको वर्तमान राजनीतिक अवस्था देखेर मधेशकेन्द्रित दलबिच तत्काल सहकार्य र कार्यगत एकता आवश्यक देखिएको जसपा नेपालका प्रवक्ता मनीष सुमनले बताए । कांग्रेस, एमाले, माओवादी केन्द्रले सत्तामा पुग्न तथा आफ्ना फाइदाका लागि अलग-अलग समयमा मधेशकेन्द्रित दललाई विभिन्न प्रलोभनमा पारेर विभाजन गराउने गरेको उनको आरोप छ । 'ठुला दलहरूले हामीलाई आपसमा लडाउने, सत्तास्वार्थ देखाएर विभाजन गराउने खेल खेले,' उनले भने, 'त्यसकारण हामी कमजोर हुँदै गयौं । तर, अहिले हामी आफैं सचेत भएर्नौं भने विगतका मधेश आन्दोलनबाट प्राप्त उपलब्धिलाई रक्षा गर्न कठिनाइ हुन्छ । त्यसकारण तत्काल पार्टी एकताभन्दा पनि लुज एलायन्स बनाएर अगाडि बढ्नुको विकल्प छैन ।'

लुज एलायन्स बनाएर संविधान संशोधनको विषयमा संसद्देखि सडकसम्म मधेशकेन्द्रित दलको एकमत हुनुपर्ने उनको भनाइ छ । त्यस्तै, एक दलले अर्को मधेशकेन्द्रित दलको बारेमा अनावश्यक टिप्पणी नगर्ने, विगतमा बढेका दूरीलाई घटाउँदै लगिनेलगायतका विषयमा मधेशकेन्द्रित दलहरूबिच सहकार्य, संवाद तथा कार्यगत एकताका लागि आफूहरूले पहल गरिरहेको उनले बताए ।

लोसपामा जितेन्द्र सोनललेे संविधान संशोधनको चर्चा चलिरहेको वेला लोकतन्त्रको, संघीयतासहित विगतका आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षाका लागि विचार मिल्ने पार्टीसँग सहकार्य र कार्यगत एकताको औपचारिक रूपमा तत्काल वार्ता थाल्ने बताए । 'पार्टी सरकारमा भए पनि विचार मिल्ने पार्टीसँग सहकार्य र कार्यगत एकता गर्न अवरोध हुँदैन,' उनले भने, 'कुन विषयमा संविधान संशोधन हुने हो ? त्यसमा सत्तागठबन्धन दलको विचार कस्तो हुन्छ ? यी एजेन्डाहरू अहिले सार्वजनिक भएका छैनन् । त्यसकारण सत्तामा हुँदैमा विचार मिल्ने पार्टीसँग सहकार्य र कार्यगत एकतामा अवरोध हुँदैन ।'

राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले ०७२ को संविधान संशोधन गरेर थप नश्लीय बनाउन लागेको आशंका रहेको बताए । त्यसलाई रोक्न मधेशी, आदिवासी, जनजातिसहित शक्तिहरू मिल्नुको विकल्प नरहेको उनले बताए ।



जसपा : उपेन्द्र यादव नेतृत्वको जसपा नेपालले दुई महिनाअघि नै पार्टीका वरिष्ठ उपाध्यक्ष राजकिशोर यादवको संयोजकत्वमा चारसदस्यीय वार्ता समिति गठन गरेको छ ।



लोसपा : सत्तागठबन्धनमा सहभागी लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले पार्टीका वरिष्ठ उपाध्यक्ष तथा मधेश प्रदेश अध्यक्ष जितेन्द्र सोनलको नेतृत्वमा पाँचसदस्यीय सहकार्य र पार्टी एकता वार्ता समिति गठन गरेको छ । राजनीतिक मुद्दा र सिद्धान्त मिल्ने पार्टीसँग संवाद, सहकार्य र कार्यगत एकता गर्न वार्ता समिति गठन गरिएको लोसपाले जनाएको छ ।



जनमत : कांग्रेस र एमालेको सहयोगमा मधेश सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले पनि मधेशकेन्द्रित दलसँग सहकार्य र एकताका लागि उपाध्यक्ष तथा पूर्वमन्त्री अब्दुल खानको संयोजकत्वमा कार्यदल बनाएको छ ।



तमलोपा : तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)ले पनि वरिष्ठ नेता डा. विजय सिंहको संयोजकत्वमा अन्तरपार्टी संवाद समिति गठन गरेको छ । तमलोपाले यसअघि नै मधेशी राष्ट्रिय मुक्ति मोर्चा, नेपाल सद्भावना पार्टी, जन अधिकार पार्टी तथा एकीकृत समाजवादी पार्टीसँग मिलेर संयुक्त मधेश संघर्ष समिति गठन गरेको थियो । संघर्ष समितिले संविधान संशोधनको नाममा वर्तमान सत्ताधारी दलले समानुपातिक प्रतिनिधित्व हटाउने, थ्रेस होल्ड बढाउने, राष्ट्रिय सभाको स्वरूप बदल्ने षड्यन्त्र भइरहेको भन्दै खबरदारी-सभासमेत मधेशका जिल्लामा गर्दै आएको छ ।

थप तीन दलको पनि वार्ता समिति : मधेशकेन्द्रित थप तीन दलले पनि वार्ता समिति बनाएका छन् । अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी, थरुहटकेन्द्रित नागरिक उन्मुक्ति पार्टी, पूर्वमन्त्री हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टीसहितले अर्का दलसँग सहकार्य र एकताका लागि वार्ता समिति गठन गरेका छन् ।

हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झ्यालवास, नवलपरासी (व.सु.पु.)

बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना

प्रकाशित मिति : २०८१/०५/२६

यस गाउँपालिकाबाट मिति २०८१/०७/१५ गतेको नयाँ पत्रिकामा प्रकाशित सूचना अनुसार विधुतीय खरिद प्रक्रियामा दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन हुँदा तपसिलका बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेकाले उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्न सात (७) दिनको आशयको सूचना जारी गरिएको छ ।

तपशिल

क्र. सं.	ठेक्का नं.	कामको विवरण	बोलपत्र दाताको नाम	कबोल रकम (भ्याट सहित)
१.	Hup/Ncb/W /3/081/82	Rudrapur Water Supply Project (Scheme No. 3)	कालिगण्डकी निर्माण सेवा, बुलिंगटार- ३, न.प (व.सु.पु.)	१,०३,९१,०७८/-

प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
सघन शहरी तथा भवन निर्माण आयोजना
धादिङ्ग

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/०९/२६

यस आयोजना कार्यालयबाट प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तपसिलमा उल्लेखित खरिद नम्बर र कार्य विवरण सँग सम्बन्धित निर्माण कार्यको लागि रीतपुर्वक EGP मार्फत दर्ता हुन आएका बोलपत्रहरु मूल्याङ्कन समितिले प्राबिधिक प्रस्ताव मूल्याङ्कन हुँदा सारभूत रुपमा प्रभावग्राही बोलपत्रहरु (Substantial Responsive Bidders) तल तालिकामा निर्धारण गरिएकोले सार्वजनिक खरीद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१ (ज) उपनियम (५) अनुसार बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८१/१०/०४ गते दिनको १.०० बजे यस आयोजना कार्यालयमा खोलिने भएकोले सरोकारवाला सबैको जानकारीको लागि यो सार्वजनिक सूचना जारी गरीएको छ ।

सि. नं.	खरिद नं.	निर्माण कार्यको विवरण/योजनाको नाम	सफल बोलपत्रदाताको नाम र ठेगाना	आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान
1.	PUDBC/Dhading/ Works/NCB/08/ 2081/82	Integrated Urban Infrastructure Development Work at Dhading District Nilkantha Municipality. (PHASE-II).	M/S BGS-Trailokya J/V, Chandragiri 05, Kathmandu. NSN/BCNSPL J.V., Nilkantha-03, Dhading. Ralukadevi/UN/Skill JV, Gajuri-01, Dhading. Gaurab-Sagarmatha-Nilkantha JV. Kasthmandu. Shreekrishna-Jaleshwori JV Kakani-01, Nuwakot.	Financial Opening Date: 2081/10/04 Time: 1:00 PM Venue:PUDBC, Dhadingbesi, Dhading.

आयोजना प्रमुख

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply & Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Biratnagar

Invitation of Bids

Contract Identification No: 08/81-82/WQIP/FWSSMP_BRT & 09/81-82/Integrated-Damak/FWSSMP_BRT
Date of Publication: January 10, 2025

Federal Water Supply and Sewerage Management Project- Biratnagar, invites electronic bids from eligible bidders for the following works

S. N.	Contract No.	Description of Works	Average Annual Turnover of best 3 years overlast 10 years (Excluding VAT) NRs.	Required Bid Capacity NRs.	Work Experience of Similar Size and Nature (At least one contract, Excluding VAT), NRs.	Last date of Bid Purchase
1	08/81-82/ WQIP/ FWSSMP_ BRT	Construction and Installation of Mechanical Treatment Plant for Damak, Khanar and Sundarpur Water Quality Improvement Project, Jhapa, Sunsari and Morang	2,99,00,000.00	1,99,00,000.00	12,000,000.00	February 9th, 2025, 16:00

S. N.	Contract No.	Description of Works	Total Estimated Amount with Vat (NRs.)	Bid Security Amount (NRs.)	Bid Document Fee(NRs.)	Last Date of Bid Submission
2	10/81-82/ Integrated-Damak/ FWSSMP_ BRT	Construction of Deep Tubewell Drilling and Installation of 250/200mm dia. upto 170m Deep by Rig Machine for Damak Integrated Water Supply Project, Damak Jhapa	1,05,34,425.60	2,65,000.00	3,000.00	February 10th, 2025, 12:00

- The detail notice can be accessed from www.bolpatra.gov.np/egp.

Project Chief

८४ दिनपछि...

पृष्ठ १ बाट क्रमशः

इन्टरनेसनलका सञ्चालक एवं सेयरधनी रामबहादुर खनाल १५ लाख धरौटी बुझाएर छुटेका हुन् । उनीहरू तीनैजनालाई सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा छ । त्यस्तै, एमालेबाट गण्डकी प्रदेश सभाका पूर्वसांसद एवं सहकारीका पूर्वउपाध्यक्ष मीना गुरुङ र पूर्वकोषाध्यक्ष आरती गुरुङ पाँच-पाँच लाख तथा मीनाका बुवा सहकारी सञ्चालक सदस्य कृष्णबहादुर एक लाख धरौटी बुझाएर रिहा भएका छन् । मीना, कृष्ण र आरती सूर्यदर्शन सहकारीमा ज्ञानबहादुर बमजन नेतृत्वको कार्यसमितिमा थिए । उनीहरूविरुद्ध सहकारी ठगी मुद्दा छ । तर, सहकारीका पूर्वअध्यक्ष एवं गोर्खा मिडियाका अध्यक्ष जिबी राईका साझेदार एवं सहयोगी भनिएकी लीला पछाईलाई भने धरौटी नबुझाएका कारण कारागार पठाइएको छ । पछाईलाई सहकारी ठगी, संगठित अपराध, सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गत मुद्दा चलेकामा ३७ लाख धरौटी माग भएको थियो ।

सबैलाई तत्काल प्राप्त आधार प्रमाणबाट अहिले नै कसुरदार रहेनछन् भन्न सकिने मनासिब आधार नदेखिएको र पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी धरौटी लिएर तारेखमा छाड्न अदालतले आदेश दिएको छ । '... निज प्रतिवादी अहिले नै कसुरदार रहेनछन् भन्न सकिने मनासिब आधार नदेखिएपनि तत्काल प्राप्त माथि उल्लेखित प्रमाणहरूबाट कसुरदार प्रतिवादीलाई पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा निज प्रतिवादी रवि लामिछानेबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ समेतको आधारमा धरौटी रु. ६५ लाख नगदै वा सो बराबरको जेथा वा बैंक जमानत दिए लिई तारेखमा राख्नु,' आदेशमा भनिएको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय कास्कीले ७ पुसमा ४४ विरुद्ध पूरक मुद्दा चलाएको थियो । यो मुद्दाका मुख्य कसुरदार ३२ मध्ये २५ जना फरार छन् । प्रहरीले जोशीलाई ६ असोजमा काठमाडौंबाट, पछाईलाई १५ असोजमा ललितपुरबाट, लामिछानेलाई २ कात्तिकमा काठमाडौंबाट, खनाललाई ८ कात्तिकमा काठमाडौंबाट, आरतीलाई ९ मंसिरमा पोखराबाट र कृष्णबहादुर भने कतार उड्न लागेका वेला २१ मंसिरमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ परेका थिए । त्यस्तै, मीना भने अभियोग दर्ता भएपछि पक्राउ परेकी थिइन् ।

बिहीबार अदालती प्रक्रिया सुरु भएपछि रास्वपा कार्यबाहक सभापति डिपी अर्याल, कार्यबाहक प्रवक्ता मनीष झा, पार्टीका नेता विराजभक्त श्रेष्ठलगायत नेताहरू अदालत पुगेका थिए । इजलासमा सरकारी पक्षको जवाफी बहस सकिएपछि लामिछानेपत्नी निकिता अदालतपरिसरको विश्राम कक्षमा श्रीमान्सँगै बसेकी थिइन् ।

लामिछानेसहितलाई धरौटीमा छाड्ने आदेश भएसँगै अदालतअगाडि रास्वपा नेता, कार्यकर्ता र समर्थकहरू भेला भएर खुसियाली मनाएका थिए । उनीहरूले राजनीतिक प्रतिशोध साधेर पार्टी सभापतिलाई फसाउन खेजेको भए पनि सत्यको जित भएको, अदालतले न्याय गरेको बताएका थिए ।

आज काठमाडौं प्रहरी परिसरमा उपस्थित हुनुपर्ने

कास्की अदालतको आदेशपछि हिरासतमुक्त भएका लामिछाने आज (शुक्रबार) काठमाडौं प्रहरी परिसरमा उपस्थित हुनुपर्नेछ । शुक्रबार बिहान १० बजे उपस्थित हुने गरी लामिछानेलाई रास्वपा कार्यबाहक सभापति डिपी अर्यालको जिम्मा लगाइएको कास्की प्रहरीका प्रवक्ता वसन्तकुमार शर्माले बताए । उनीविरुद्ध कालीमाटीको स्वर्णलक्ष्मी सहकारी ठगीको पनि मुद्दा छ ।

पक्राउदेखि रिहासम्म

२ **कात्तिक** : काठमाडौंबाट पक्राउ
४ **कात्तिक** : पहिलोपटक ६ दिन
८ **कात्तिक** : दोस्रोपटक ७ दिन
२० **कात्तिक** : तेस्रोपटक १० दिन
२५ **कात्तिक** : चौथोपटक १३ दिन (भैरहवा लगेर बयान)
९ **मंसिर** : छैटौंपटक १५ दिन
१३ **मंसिर** : काठमाडौं पुऱ्याएर बयान
१८ **मंसिर** : काठमाडौंबाट चितवन पुऱ्याएर बयान
२३ **मंसिर** : सातौंपटक ४ दिन
२४ **मंसिर** : पोखरा-काठमाडौं हुँदै पर्सा
२५ **मंसिर** : पर्सामा बयान
२६ **मंसिर** : पर्सा-काठमाडौं हुँदै पोखरा पुऱ्याइयो
२७ **मंसिर** : आठौंपटक ५ दिन
१ **पुस** : सूर्यदर्शन सहकारीको प्रहरी अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा पेस
२ **पुस** : अन्तिमपटक ४ दिन
७ **पुस** : रविसहित ४४ विरुद्ध कास्की जिल्ला अदालतमा मुद्दा दायर
२५ **पुस** : ६५ लाख धरौटीमा रिहाको आदेश

दुई पूरकसहित तीन मुद्दा कास्की अदालतमा विचाराधीन

सूर्यदर्शन सहकारीका दुई पूरकसहित तीन मुद्दा कास्की जिल्ला अदालतमा विचाराधीन छन् । १८ असोज ०८० मा १९ जनाविरुद्ध सहकारी ठगी कसुरमा मुद्दा चलेकामा ५ पुसमा फेरि उनीहरूविरुद्ध संगठित अपराधमा मुद्दा चलेको थियो भने फरार रहेका सहकारीका पूर्वअध्यक्ष जिबी राईमाथि भने सम्पत्ति शुद्धीकरण र राष्ट्र बैंक ऐनअन्तर्गत पनि 'चार्ज' छ ।

त्यसको दुई दिनपछि रास्वपा सभापति रवि लामिछानेसहित ४४ विरुद्ध मुद्दा चलेको हो । सहकारी ठगी कसुरमा मात्र एक अर्ब ५१ करोड ४० लाख १९ हजार बिगो छ, जसमध्ये एक अर्ब १४ करोड ६८ लाख ३८ हजार एक हजार १५६ बचतकर्तालाई भराउन भनिएको छ । ०८० मा भने सहकरी ठगीमा एक अर्ब ११ करोड १९ लाख बिगो थियो । सुरुका १९ जनामध्ये हालसम्म देवकुमार नेपाली, ओमप्रकाश गुरुङ, लीलाबहादुर गुरुङ, शिवबहादुर गुरुङ, भवीश्वर अर्याल, कैलाशकुमार दर्लामी, कुमार रम्तेल र अनुज नकर्मी मात्र पुर्पक्षका लागि थुनामा छन्, बाँकी फरार छन् ।

रास्वपाको प्रतिक्रिया- न्यायालय जीवित छ भन्ने विश्वास दिलाएको छ

सभापति लामिछानेलाई धरौटीमा छाड्न अदालतबाट भएको आदेशले न्यायालय जीवित रहेको विश्वास दिलाएको रास्वपाको प्रतिक्रिया छ । 'गल्ती नगरे डराउनुपर्दैन भन्ने सन्देश आजको फैसलाले गरेको छ । न्यायालय जीवित छ भन्ने विश्वास पनि दिलाएको छ,' रास्वपा कार्यवाहक प्रवक्ता मनीष झाले भने । सभापतिमाथि राजनीतिक प्रतिशोध साधेर दिएको दुःखले केही कमजोर बनाए पनि आफूहरूले सुरु गरेको नयाँ राजनीतिक अभ्यास नमर्ने र यसलाई अझ विस्तार गर्दै जाने उनको भनाइ छ । 'आजको अदालतको फैसलाले समेत तिमीहरूले आँटेको पूरा गर्नु भनी साथ दिएको जस्तो अनुभव भएको छ । जस्तो आरोप लगाइएको थियो, आशंका गरिएको थियो, न्यायालयले त्यस्तो होइन भनेर त्यसलाई चिर्ने काम गरेको छ । यसले हामीमा आत्मविश्वास बढाएको छ,' उनले भने ।

टीकापुरका...

पृष्ठ १ बाट क्रमशः

संयोजकत्वमा उपसमिति गठन गरेका थिए । सिफारिस गर्दा कतिपय निवेदकलाई विनाघडेरी प्रमाणपत्र र विनारसिद नै सिफारिस गरेको पाइन्छ । फैसलामा भनिएको छ, 'समितिका अध्यक्ष जोशीले उपसमितिले पेस गरेको प्रतिवेदन समितिको बोर्डसमक्ष निर्णयार्थ प्रस्तुत नगरी आफ्नै एकल निर्णयको आधारमा दाखिलाको सिफारिस गरेकोसमेत देखिन आउँछ ।'

त्यस्तै, मालपोत प्रमुख तथा विकास समितिका कर्मचारीले समेत यसअघि प्लट रजिस्टरमा अभिलिखित व्यक्तिहरू नै सूचनाअनुसार दाखिला गर्ने प्रयोजनका लागि निवेदन दिन आएको कुरा ख्याल गरेनन् । 'यसतर्फ गम्भीरतापूर्वक छानबिन, चेकजाँच नगरी बदनियत राखी, जानाजान त्यस्ता कृत्रिम प्रमाण पेस गरेका व्यक्तिहरूको नाममा दाखिला गर्न-गराउन उनीहरूले भूमिका निर्वाह गरेको विशेषको ठहर छ,' फैसलामा भनिएको छ, 'पहिले नै निवेदन दिई दाखिला नामसारी हुन बाँकी रहेका निवेदकहरूको घडेरी प्रमाणितपत्रमा भएका अंक, अक्षर र छापसँग यी प्रतिवादीहरू रहेको समितिले जारी गरेको सूचनापश्चात् पेस भएका घडेरी प्रमाणित पत्र र घडेरी प्लटको असुली पुर्जी रसिदमा भएको अंक, अक्षर र छाप विशेषज्ञको जाँच प्रतिवेदनअनुरूप मिलेभिडेको देखिन आएन ।'

सरकारले व्यवस्थित बसोबास बसाउने तथा न्यून आयका वञ्चित समूहलाई प्राथमिकतामा राखी घडेरी उपलब्ध गराउने उद्देश्यले ०२८ देखि दीर्घकालीन योजना ल्याएकोमा समितिका पदाधिकारीले बदनियत राखेर मिलेमतोबाट तोकिएको कर्तव्य र दायित्वभन्दा पर गई निर्णय गरेको ठहर विशेषको छ । तर, ०६७ देखि ०७१ सम्मका समितिका अध्यक्षहरू ललित ताम्राकार र धीरजराज रेग्मी तथा गठित उपसमितिका पदाधिकारीहरूलाई भने सफाइ दिइएको छ । जुन समयमा ती व्यक्तिहरू उक्त पदमा थिए, त्यसअघिका कागजात पेस गरी आरोप लगाइएकाले उक्त दाबी पुष्टि नहुने फैसलामा छ । 'यसका अतिरिक्त निज प्रतिवादीहरूले कुनै नाता-सम्बन्धका व्यक्ति, नातेदार वा आफन्तलाई सिफारिस गरेकोसमेत नपाइँदा प्रतिवादीहरूलाई अनुमान र शंकाको भरमा कसुरदार ठहर गर्न मनासिब देखिएन,' फैसलामा छ ।

जग्गा नाममा रहेकाहरू पनि मतियारका रूपमा दोषी

अदालतले जग्गा खरिदकर्तालाई मतियार मान्दै सजाय सुनाएको छ । उनीहरूलाई जनही तीन महिना कैद र आ-आफ्नो जग्गाको बिगोअनुसार जरिवाना तथा जग्गा जफत भई विकास समितिको नाममा हुने फैसला भएको छ । यद्यपि, कसुरमा सहभागी हुने प्रमाण अभावमा केशरबहादुर कुँवर तथा राजु आचार्यले भने सफाइ पाएका छन् । जग्गा खरिद गरिलिनेले बिक्रीकर्तासँग दाबी गरी लिन पाउने भएकाले अदालत यसतर्फ केही बोलेको छैन ।

जग्गा प्रथम प्राप्ति गर्ने अर्जुनप्रसाद कठायत, अशोक स्वाँर, इन्द्रादेवी भण्डारी, चक्रप्रसाद जैसी, डम्मरदेवी कुँवर, ताराकुमारी थापा, दलबहादुर विष्ट, दुर्गा रावल र देवकला विष्टलाई पनि कैद, जरिवाना तथा जग्गा जफतको फैसला भएको छ ।

धनबहादुर बम, पदमराज जोशी, पवित्रा जैसी, भवानीप्रसाद पण्डित, मणिराज देवकोटा, मदनकुमार भट्टराई, महादेव थारू चौधरी, मेदेनी रावल, रतनदेवी रावल, लालबहादुर साउद, बिमादेवी कुँवर, शारदादेवी विष्ट, सुशीला हमाल, संगीता स्वाँर, हर्कबहादुर विष्ट, हिमा रावल, अरुणा केसी, अर्चना बम, आरती बम, ईश्वरी कुँवर, ईश्वरी विश्वकर्मा, कमलबहादुर धामी, कमलादेवी न्यौपाने, कलशा कुँवर, काशीलाल खत्री, केशरबहादुर कुँवर र कोकिला भण्डारीलाई पनि सोही सजाय हुने भएको छ ।

गणेशबहादुर खड्का, चन्द्रप्रकाश सोडारी, चेतराज जोशी, झपटसिंह बोहरा, टेकबहादुर रावल, तपेन्द्रबहादुर शाह, तिलकबहादुर विष्ट, दीपा ठकुल्ला, दुर्गादेवी बुढा, देवसरा भण्डारी, नन्दराम धमला, नामसराकुमारी शाह, पदमराज कठायत, परमानन्द जोशी, पशुपति रावल, पार्वतीदेवी भण्डारी, पूर्णप्रसाद शर्मा, पुष्पादेवी रावल, प्रवीण पौड्याल, प्रेमप्रसाद कठायत जैसी, भद्रा रोका क्षेत्री, भवानीप्रसाद जैसी, भारतीदेवी कडायत, मानबहादुर कुँवर, मीनादेवी थापामगर, राजु आचार्य, रामबहादुर कडायत, रेखा आचार्य, लक्षिराम रिमाल, लक्ष्मीदेवी कुँवर, लक्ष्मीप्रसाद जैसी, लोगराज कठायत, वसुन्धरा कुँवर, विनिता न्यौपाने, सिद्धराज जैसी, सुनितादेवी रावल, सूर्यबहादुर रावल, तर्कराज टमाटा, मीनराज गिरी, रमेश खत्री, नरेशकुमार खत्री र हरिबहादुर कडायतलाई कैद, जरिवाना तथा जग्गा जफतको फैसला भएको छ ।

युरोपमा...

पृष्ठ १ बाट क्रमशः

अन्तर्राष्ट्रिय स्तरमा विस्तार गरेको छ । अब नेपाली आतिथ्य सत्कार युरोपकै जीवन्त र गतिशील सहरहरूमध्येको एक फ्रैंकफर्ट पुगेको छ । यसले अन्तर्राष्ट्रिय स्तरमा नेपाली आतिथ्य अनुभव प्रदान गर्नका लागि सोल्टी ब्रान्डको प्रतिबद्धता तथा दृढतालाई समेत प्रतिबिम्बित गर्दछ,' उपाध्यक्ष चापागाईंले नयाँ पत्रिकासँग भने ।

नेपाली आतिथ्य सेवा अन्तर्राष्ट्रिय क्षेत्रमा पुऱ्याउन तीन आतिथ्य कम्पनीहरू ट्रिप इन मेनेजमेन्ट एन्ड सर्भिस लिमिटेड, ट्रिप इन रिसेन लिमिटेड र सोल्टी होटेलको एसोसियट कम्पनी स्ट्रिम पिक इन्टरनेसनल प्रालिबिच सहकार्य भएको छ । स्ट्रिम पिक इन्टरनेसनल सोल्टीको म्यानेजमेन्ट हेर्ने कम्पनी हो । यो सहकार्य सोल्टी ब्रान्ड सुदृढ गर्दै अन्तर्राष्ट्रियस्तरमा होटेल व्यवस्थापन गर्ने पहिलो प्रयास हो ।

फ्रैंकफर्टमा गैलसवर्ट एस-वान रेलवे स्टेसननजिकै अवस्थित दुवै होटेलबाट फ्रैंकफर्ट व्यापार मेला सेन्टर र मुख्य ट्रेन स्टेसनसहित सहरका प्रमुख व्यावसायिक केन्द्रहरूसम्म सहजै पुग्न सकिन्छ । दुवै होटेल व्यावसायिक, यात्री अतिथि र पर्यटकका लागि आदर्श विकल्प हुने स्ट्रिम पिक इन्टरनेसनलको विश्वास छ ।

'सोल्टी वेस्टेन्ड मेसी फ्रैंकफर्ट'मा अतिथिलाई आरामदायक, सुविधासम्पन्न र रमणीय वातावरण प्रदान गर्ने ५० कोठा छन् । यस्तै, 'सोल्टी वेस्टेन्ड प्रिमियर मेसी फ्रैंकफर्ट'मा सुधिासम्पन्न अत्याधुनिक २३६ कोठा छन्, जसमा परिष्कृत सौन्दर्यताको साथै आधुनिक सेवासुविधाको उपयुक्त संयोजन पनि छ,' सोल्टीले विज्ञप्तिमा भनेको छ ।

सन् १९६६ मा पहिलोपटक 'द सोल्टी काठमाडौं' सञ्चालनमा आएको थियो । ६ दशकअघि काठमाडौंबाट सुरु सोल्टीको आतिथ्य सत्कार नेपालभित्र नगरकोट, इटहरी, जनकपुर, चितवन, रूपन्देही र नेपालगन्जमा यसअघि नै पुगेको छ । सोल्टीकै व्यवस्थापनमा मनकामनालगायत ठाउँमा रिसोर्ट सञ्चालनमा आउँदै छन् । पोखरामा पनि सोल्टीले आफ्नै पूर्वाधारसहित लक्जरी रिसोर्ट सञ्चालनको तयारी गरेको छ ।

संविधान संशोधनको बहस

प्रधानमन्त्री ओलीको नियतमाथि कांग्रेसको आशंका

०८७ मा मात्रै संविधान संशोधन गर्न सकिने प्रधानमन्त्रीको अभिव्यक्ति सातबुँदे सहमतिको अपमान भएको र दुई ठुला दलको गठबन्धनको औचित्यमाथि नै प्रश्न उठेको कांग्रेस नेताहरूको टिप्पणी

सरकारको कार्यसम्पादनमाथि सत्तापक्षका नेताबाट प्रश्न उठिरहेका वेला संविधान संशोधनको एजेन्डामा कांग्रेस-एमालेबिच किचलो

शुरोजंग पाण्डे र केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

गठबन्धन निर्माणको सबैभन्दा ठुलो मानिएको संविधान संशोधनको एजेन्डामा सत्तारूढ दल कांग्रेस र एमालेबिच गम्भीर मतभेद देखापरेको छ। ६ वर्षपछि मात्रै संविधान संशोधन हुन सक्ने प्रधानमन्त्री केपी ओलीको अभिव्यक्तिले गम्भीर संशय पैदा गरेको संकेत दिने गरी कांग्रेस नेताहरूले कठोर प्रतिक्रिया दिएका छन्। यतिसम्म कि कांग्रेस नेताहरूले प्रधानमन्त्रीको अभिव्यक्तिले सातबुँदे सहमतिमाथि अपमान भएको भन्दै दुई ठुला दलको गठबन्धनकै औचित्यमाथि नै प्रश्न उठेको बताएका छन्।

राजनीतिक स्थिरताका लागि नयाँ गठबन्धन आवश्यक रहेको जिकिरसहित १७ असारमा कांग्रेस-एमालेले संविधान संशोधनसहितका सातबुँदे सहमतिका आधारमा सत्तासहकार्य थालेका थिए। यसैका आधारमा कार्यदल बनाएसमेत थालेको दाबी गरेका यी दुई दलबिच प्रधानमन्त्री ओलीको अभिव्यक्तिपछि आपसी आशंका पैदा भएका छन्। सरकारका कामलाई लिएर गठबन्धन दलकै नेताहरूले सार्वजनिक रूपमै असन्तुष्टि जनाइरहेका वेला गठबन्धनको मूल एजेन्डामै विवाद देखिनुलाई राजनीतिक वृत्तमा महत्वका साथ हेरिएको छ।

२३ पुसमा प्रधानमन्त्री ओलीले केन्द्रीय कमिटी बैठकमा सहमतिमै संशय उत्पन्न गर्ने गरी 'संसद्को अहिलेको कार्यकालमा दुईतिहाइ पुगेन भने ०८७ मा संविधान संशोधन हुन्छ,' भन्ने अभिव्यक्ति दिए। सरकार सञ्चालनका लागि सहयोग पुऱ्याउन गठित राजनीतिक संयन्त्रले संविधान संशोधनका लागि कार्यदलमार्फत काम अघि बढाउने कोसिस गरिरहेकै वेला प्रधानमन्त्रीको अभिव्यक्ति आपत्तिजनक भन्दै कांग्रेसकै प्रभावशाली नेताले सार्वजनिक टिप्पणी गरेका छन्।

केन्द्रीय सदस्यहरूले सरकारले स्थायित्वका लागि संविधान संशोधनको गृहकार्य छिटो अगाडि बढाउनुपर्ने भन्दै ध्यानाकर्षण गराएपछि जवाफमा ओलीले अहिलेकै कार्यकालमा संसद्मा दुईतिहाइ बहुमत नजुटे संविधान संशोधन असम्भव हुने बताएका थिए। 'संविधान संशोधनको एजेन्डा अहिले हामीले बाहिर र पार्टीभित्र धेरै छलफल र बहस गर्ने विषय होइन, यो संसद्को बिजनेसको मामिला हो। संसद्भित्र रहेका राजनीतिक दलहरूबिच छलफल हुन्छ, बहस हुन्छ, संसद्ले नै आवश्यक ठानेर गृहकार्य गर्छ, त्यस क्रममा जे-जति सहमति हुन्छ, त्यसअनुसार नै प्रक्रिया अगाडि बढ्छ, एमालेले मात्र हतार गर्ने विषय होइन,' ओलीलाई उद्धृत गर्दै केन्द्रीय सदस्य नीरज आचार्यले भने, 'एमालेले मात्रै चाहेअनुसार नै संविधान संशोधन गर्ने हो भने त ०८४ को चुनावमा आवश्यक संख्या जित्नुपर्छ, प्रतिनिधिसभाको संख्याले मात्र पुग्दैन, राष्ट्रिय सभा पनि चाहिन्छ, दुईतिहाइ पुगेपछि हुन्छ। त्यसो हुँदा एमालेले मात्रै गर्ने हो भने ०८७ सालमा हुन्छ, त्यसैले यो मामिलामा धेरै हतारो गर्नेभन्दा पनि संसद्लाई नै छाडिदिनुपर्छ।'



● **विश्वप्रकाश शर्मा**, महामन्त्री, कांग्रेस

संविधान संशोधन गर्नका लागि गणितीय रूपमा पुग्दैन भनेर ब्याक गेयर लगाउने अवस्थामा हामी छैनौं, प्रधानमन्त्रीज्यू ! हामी दुई मुख्य दलले सरकारमा रहेको वेला हामी मात्रै संविधान संशोधन गरेर जान्छौं भनेर हामीले घोषणा गरेका हौं। विनाछलफल ०८७ मा संविधान संशोधन गर्छौं भन्ने हक एमाले अध्यक्षलाई छैन।



● **योगेश भट्टराई** सचिव, एमाले

संविधान संशोधन गर्ने सहमतिअनुसार नै शीर्ष उपस्थितिमा अलग्गै दुई दलको कार्यदल बनेको छ। कुन-कुन विषय पहिला कसरी अगाडि बढाउने, त्यहाँ रहनुभएका सदस्यहरूले नै सुरुमा गृहकार्य गर्नुहुन्छ, काम गर्नुहुन्छ। सातबुँदे सहमति कार्यान्वयनका लागि कार्यदल बनेर काम अगाडि बढ्न लागेकाले थप टिप्पणी गर्न आवश्यक छैन।

प्रधानमन्त्री ओलीको भनाइमा सार्वजनिक रूपमै कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले आपत्ति जनाए। 'प्रधानमन्त्रीज्यूले एमालेको बैठक हुँदैगर्दा भन्नुभएको मैले सुनैं। यदि उहाँले संविधान संशोधन ०८७ मा हुन्छ भनेर भन्नुभएको हो भने म गम्भीरतापूर्वक विमति राख्न चाहन्छु। संविधान संशोधन राष्ट्रिय सभामा माओवादीको सहभागिता भएन भने दुईतिहाइको गणित पुग्दैन,' बुधबार झापामा एक कार्यक्रममा उनले भने, 'संविधान संशोधन गर्नका लागि गणितीय रूपमा पुग्दैन भनेर ब्याक गेयर लगाउने अवस्थामा हामी छैनौं, प्रधानमन्त्रीज्यू ! हामी दुई मुख्य दलले सरकारमा रहेको वेला हामी मात्रै संविधान संशोधन गरेर जान्छौं भनेर हामीले घोषणा गरेका हौं। विनाछलफल ०८७ मा संविधान संशोधन गर्छौं भन्ने हक एमाले अध्यक्षलाई छैन।'

नेता एनपी साउदले पनि प्रधानमन्त्री ओलीले संविधान संशोधनबारे दिएको अभिव्यक्ति दुई दलबिचको सहमतिविपरीत रहेको बताए। 'हामीले गठबन्धन बनाउँदा नै संविधानमा केही कमजोरी देखिएका छन्, भन्यौं। र, त्यसलाई संशोधन गर्ने बुँदा राखिएको छ र प्रतिबद्धता व्यक्त गरेका छौं,' कांग्रेस बर्दियाको कार्यक्रममा बिहीबार साउदले भने, 'तर, यही सहमतिमा प्रतिबद्धता व्यक्त गरेका प्रधानमन्त्रीले नै ०८७ मा संशोधन गर्ने जुन अभिव्यक्ति दिनुभएको छ, यो सरकार गठनका लागि भएको सहमति विपरीत छ। यसले गठबन्धनको औचित्य र सान्दर्भिकताका विषयमा कांग्रेसले सोच्न आवश्यक छ।' बिहीबार नै कांग्रेस नेता अर्जुननरसिंह केसीले प्रधानमन्त्रीको अभिव्यक्तिले दुई दलबिचको सहकार्यमाथि प्रश्न उठेको बताए।



कसरी सुरु हुन्छ संविधान संशोधन ?

संविधानको धारा २७४ अनुसार सबैभन्दा पहिले संविधान संशोधन विधेयक संघीय संसद्को कुनै सदन (प्रतिनिधिसभा वा राष्ट्रिय सभा)मा दर्ता गर्नुपर्छ। यस्तो विधेयक नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र सार्वभौमसत्ताअनुकूल हुनुपर्छ। विधेयक सदनमा प्रस्तुत भएको ३० दिनभित्र सर्वसाधारणको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्छ। सर्वसाधारणको सुझावसहित सांसदहरूले विधेयकमा आफ्नो धारणा राख्छन्। सदनमा मत विभाजनबाट निर्णय हुन्छ। हुबहु वा संशोधनसहित विधेयक पारित हुन्छ। विधेयक पारित गर्न संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ बहुमत चाहिन्छ। पारित भएको विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस गरिन्छ। प्रमाणीकरण भएपछि संविधान संशोधन हुन्छ। संविधानअनुसार कुनै प्रदेशको सिमाना परिवर्तन संशोधन गर्नुपर्ने भएमा सम्बन्धित प्रदेशको सहमति लिनुपर्नेछ। सम्बन्धित प्रदेश सभाको दुईतिहाइले विधेयक स्वीकृत गरेर पठाउनुपर्छ।

संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुईतिहाइ बहुमत चाहिने भएकाले संविधान संशोधन आफैंमा कठिन काम हो। हाल २७५ सदस्यीय प्रतिनिधिसभा र ५९ सदस्यीय राष्ट्रिय सभा छ। जहाँ छुट्टाछुट्टै भोटिङ हुन्छ। प्रतिनिधिसभामा संविधान संशोधन प्रस्ताव पारित गराउन १८४ र राष्ट्रिय सभामा ४० सांसद चाहिन्छ। ६ साउनमा विश्वासको मत लिने क्रममा प्रधानमन्त्री ओलीले १८८ अर्थात् दुईतिहाइ बढी सांसदको समर्थन प्राप्त गरेका थिए। तर, राष्ट्रिय सभामा माओवादी र एकीकृत समाजवादी मात्रै पनि विपक्षमा उभिँदा दुईतिहाइ पुग्दैन। राष्ट्रिय सभामा माओवादी १८ (अध्यक्षसहित), कांग्रेस १६, एमाले १२, एकीकृत समाजवादी आठ, जसपा नेपाल तीन, लोसपा एक, जनमोर्चाका एक सदस्य छन्। कांग्रेस, एमाले , जसपा नेपाल र लोसपा जोड्दा ३२ सांसद मात्रै हुन्छन्।

एमाले सचिव योगेश भट्टराईले संविधान संशोधनको विषय दुई पार्टीले गठन गरेको कार्यदलले छलफल गरेर अगाडि बढाउने भएकाले अहिले बहस आवश्यक नरहेको बताए। 'संविधान संशोधन गर्ने सहमतिअनुसार नै शीर्ष उपस्थितिमा अलग्गै दुई दलको कार्यदल बनेको छ। त्यसले नै आफ्नो काम अगाडि बढाउँदै छ। त्यहाँ रहनुभएका सदस्यहरूले नै सुरुमा गृहकार्य गर्नुहुन्छ, काम गर्नुहुन्छ, त्यसपछि मात्र थप प्रतिक्रिया जनाउनु वान्छनीय हुन्छ,' भट्टराईले भने, 'सातबुँदे सहमति कार्यान्वयनका लागि कार्यदल बनेर काम अगाडि बढ्न लागेकाले थप टिप्पणी गर्न आवश्यक छैन।'

संविधानविद् भीमार्जुन आचार्य भन्छन्-

संशोधनको बहाना वा आवरणमा सत्तालाई टिकाइराख्न दुई ठुला दल मिलेको पुष्टि गऱ्यो



संविधानविद् भीमार्जुन आचार्य प्रधानमन्त्रीको अभिव्यक्तिले गठबन्धनको औचित्यमाथिको आशंकामा बल पुगेको तर्क गर्छन्। यसले प्रधानमन्त्री ओली संविधान संशोधनप्रति प्रतिबद्ध नरहेको र संविधान संशोधनको आवरणमा सत्तालाई टिकाइराख्नु सत्तासाझेदार दुई ठुला दलको मुख्य उद्देश्यको देखिएको उनको जिकिर छ। 'प्रधानमन्त्रीको अभिव्यक्तिले सत्तागठबन्धनमा आफूले प्रतिबद्धता गरेको विषयमा प्रतिबद्ध नरहेको देखाउँछ। समझदारी हुँदाको समयमा ठुला भनिएका दुई दलले संविधान संशोधनको विषय सत्ताको औचित्य पुष्टि गर्न उठाएका हुन्, उनीहरू यसप्रति इमानदार छैनन् भन्ने आशंका पनि थियो। प्रधानमन्त्रीको अभिव्यक्तिले आशंकालाई बल पुगेको छ। यो प्रधानमन्त्रीको गैरजिम्मेवारीपना हो। प्रधानमन्त्री नै बोलेको विषयलाई जिम्मेवार रूपमै लिनुपर्दछ,' उनले नयाँ पत्रिकासँग भने, 'यो गठबन्धन संविधान संशोधनप्रति इमानदार छैन भन्ने स्पष्ट पारेको छ। प्रधानमन्त्री गठबन्धनका अन्य सत्तासहयात्री दलसँग पनि इमानदार छैनन् भन्ने हो। प्रधानमन्त्रीको अभिष्ट भनेको पहिलो प्राथमिकतामा उनको पद मात्रै हो, अरू त्यसपछिका प्राथमिकता हुन् भन्ने स्पष्ट पारेको छ। यसले संविधान संशोधनको बहाना वा आवरणमा सत्तालाई टिकाइराख्न दुई ठुला दल मिलेको आशंकालाई पुष्टि गर्ने आधार बनेको छ।'

संविधान संशोधन दुई दलको साझा दृष्टिकोणकै रूपमा नआउँदा स्पष्ट हुने अवस्था नरहेको संविधानविद् विपिन अधिकारी बताउँछन्। 'सरकार बनाउँदा एउटा आधार संविधान संशोधन पनि बनेको देखिन्छ। तर कहिले, कुन रूपमा र के-के विषयमा संशोधन आवश्यक हो भन्नेबारे दुवै पार्टीको स्ट्यान्डर्ड कन्सेप्ट बनेको थिएन र अहिले पनि देखिँदैन। दुवै पार्टीका आ-आफ्ना संरचना र साझा संरचनामा कुरा भएको देखिँदैन। दुई पार्टीबिच आफ्नै रूपमा व्याख्या गर्ने गरिएको देखिन्छ,' उनले भने, 'त्यस्तो हुनु राम्रो होइन। यदि साँच्चिकै संविधान संशोधन एजेन्डा हो भने कहिले र कुन रूपमा साझा दृष्टिकोण आउनुपर्ने हो। कुराको उठान हुँदा तुरुन्तै होलाजस्तो देखिन्थ्यो, तर अहिले त्यस्तो छैन। अब भविष्यको मिति दिएर कुरा गर्न थालिएको छ। यसले 'डिसइल्युजन' भएको छ जुन राम्रो कुरा होइन।'

दुई दलले संविधान संशोधनसहित विधेयकहरूको अध्ययन र सुशासन तथा सेवा प्रवाहका विषयमा १० पुसमा अलग-अलग कार्यदल बनाएका थिए। संविधान संशोधनसम्बन्धी कार्यदलमा कांग्रेस र एमालेबाट तीन/तीनजनाको कार्यदल रहने सहमति भएको थियो। तर, अन्य कार्यदलको नाम सार्वजनिक भए पनि संविधान संशोधनसम्बन्धी कार्यदलमा रहने नेताहरूको नाम भने सार्वजनिक भइसकेको छैन।

संक्षेप

एकीकरणको चरण सकियो, अब एमाले गाभ्ने नीतिमा छ : ओली

काठमाडौं/ प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओलीले एमाले विभिन्न पार्टीसँग एकीकरण गर्ने नीति नभएर मर्जर (गाभ्ने) नीतिका साथ अगाडि बढिरहेको बताएका छन्। स्ववियु निर्वाचनको तयारीका सन्दर्भमा अनेरास्ववियुले बिहीबार पार्टी कार्यालय, च्यासलमा आयोजना गरेको भेलालाई सम्बोधन गर्दै उनले विभिन्न पार्टीसँग एकीकरण गर्ने नीतिलाई परिमार्जन गरेर गाभ्ने नीति अख्तियार गरेको प्रस्ट्याए। 'अहिलेसम्म एकीकृत भएको ५७/५८ वटा संगठन भइसक्यो होला। त्यसयता हामीले एकीकरण भन्ने कुरा छाडिदिएका छौं। खासगरी ०७८ मा जब (प्रचण्ड र माधव नेपालले) पार्टी फुटाए, त्यसपछि एकता, एकीकरणको चरण समाप्त भयो। हामी आफ्नो पार्टी विस्तार गर्छौं। कोही आउँछ भन्ने मिल्न आउँदा हुन्छ, मर्ज गर्न आउँदा हुन्छ एमालेमा,' ओलीले भने, 'एमाले तिम्रा नीति अलिकति मान्छु, मेरा नीति अलिकति मान भनेर नीति बन्दरबाड गर्ने अनि संगठनमा योग्यता नभएका मान्छे म स्थायी सदस्य हुँ भन्छ एउटा भुरो र त्योसँग वार्ता गर्नुपर्ने। त्यसो भए पोलिटब्युरोमा बस भन्ने खालका बार्गेनिङ चल्दैन। पार्टीले निर्णय गरेर कुन ठाउँमा राख्नुपर्ने हो, त्यो ठाउँमा राख्ने काम गर्छ। बार्गेनको लफडामा छैनौं।' ओलीले एमाले आफ्नै पार्टीलाई अनुशासित र एकताबद्ध बनाउने एजेन्डालाई प्राथमिकता दिएर अगाडि बढेको भन्दै उनले समाजवादको एजेन्डाका नाममा आफँबाट फुटेको एकीकृत समाजवादीसँग एकता गर्ने पक्षमा नरहेकोसमेत संकेत गरे।

दुई छोरीको हत्या गरेको पूर्णिमाले गरिन् स्वीकार

सल्यान/ वनगाड-कुपिन्डे नगरपालिका- १ गोलगौलमा घरमा मृत भेटिएका दुई दिदीबहिनीको हत्या उनकै आमाले गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। बुधबार बिहान ११ बजेतिर २६ वर्षीया आमा पूर्णिमा रानाले आफूले दुई छोरीको हत्या गरेको स्वीकार गरे पनि हत्याको कारण भने खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक केशरकुमार न्यौपानले जानकारी दिए। सोधपुछका क्रममा श्रीमान्सँग समय-समयमा विवाद भएका कारण छोरीहरूको हत्या गरेको बताए पनि श्रीमान् कामको सिलसिलामा जिल्लाबाहिर भएकाले फोनमा भएको विवादलाई मात्र मुख्य कारण मान्न नसकिने उनको भनाइ छ। घटना भएको दिनसमेत श्रीमान्लाई फोन गरेको वा आएको मोबाइलमा नदेखिएको न्यौपानेले बताए। श्रीमान् आउँदै गरेको र श्रीमान्सँग पनि थप सोधपुछपछि घटनाको वास्तविकता पत्ता लाग्ने उनले बताए। बुधबार बिहान तीन वर्षीया करिश्मा र ६ महिनाकी राघवी घरमा मृत फेला परेका थिए। घटनाको थप अनुसन्धान गरिरहेको प्रहरीको भनाइ छ।

जनकपुर उपमहानगरका वडाध्यक्षले घुस लिएको पुष्टि, तीनजनालाई सजाय

काठमाडौं/ धनुषाको जनकपुर उपमहानगरपालिकाका वडाध्यक्षसमेत तीनजना घुस लिई भ्रष्टाचार गरेको मुद्दामा दोषी पाइएका छन्। बिहीबार विशेष अदालतले यस मुद्दामा सुनुवाइ गर्दै आंशिक ठहरको फैसला गरेको हो। जनकपुर- २४ का अध्यक्ष उपेन्द्र सहनीलाई विशेषले ६ महिना कैद तथा दुई लाख २५ हजार रुपैयाँ जरिवाना हुने फैसला गरेको हो। विशेषका सदस्यहरू रामबहादुर थापा र मुरारीबाबु श्रेष्ठको इजलासले यस्तो फैसला गरेको हो। यो मुद्दामा वडासचिव उपेन्द्र साहू तेली र विजय मण्डललाई पनि सजाय तोकिएको छ। उनीहरूले मतियारको कसुर गरेको भन्दै जनही तीन महिना कैद र एक लाख १२ हजार पाँच सय रुपैयाँ जरिवाना हुने भएको विशेषले जनाएको छ।

वडाध्यक्ष सहनी र वडासचिव तथा शाखा अधिकृत साहूले घरबाटो प्रमाणित गरिदिनका लागि सेवाग्राहीसँग साढे चार लाख रुपैयाँ घुस मागिरहेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो। जसपछि आयोगको बर्दिवासबाट खटिएको टोलीले घुस लिइसकेको अवस्थामा सहनी, साहु र मण्डललाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धानपछि १४ असोजमा मुद्दा दायर गरेको थियो।

सवारी प्रदूषण जाँच्न आएका गाडीले जाम



यातायात व्यवस्था कार्यालय एकान्तकुनामा प्रदूषण चेक गराउन लामबद्ध भएका सवारीसाधन। चक्रपथमा पर्ने सडकमा जाम हुने गरी पार्किङ गर्दा आवागमनमा समस्या पर्दै आएको छ। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

छाती दुखेका बिरामीलाई स्वास्थ्यकर्मीले रेबिज खोप लगाएपछि मृत्यु भएको आरोप

कञ्चनपुरमा **मोहन विष्ट**

छाती दुखेपछि उपचारका लागि महाकाली अस्पताल पुगेका एक वृद्धको उपचारका क्रममा मृत्यु भएको छ। भीमदत्त नगरपालिका- २, उल्टाखामका ७७ वर्षीय जग्गु भण्डारीको उपचारका क्रममा बिहीबार मृत्यु भएको हो। उपचारका लागि बुधबार अस्पताल पुगेका भण्डारीलाई चिकित्सकले छातीको जाँच (इसिजी)का लागि भोलिपल्ट आउन सुझाव दिएका थिए। चिकित्सकको सुझावअनुरूप भण्डारीलाई उनकी बुहारी विनिता भण्डारीले उपचारका लागि दोस्रो दिन बिहीबार अस्पताल ल्याइन्। चिकित्सकको सिफारिसअनुसार भण्डारीको इसिजी गरिएको थियो। इसिजीसँगै रेबिजविरुद्धको खोप पनि लगाइयो। भण्डारीको उपचारमा सँगै रहेकी बुहारी विनिता भण्डारीले इसिजी गरेपछि त्यहाँ रहेका स्वास्थ्यकर्मीले कुममा दुईवटा खोप लगाइदिएको बताइन्।

'हामीलाई डाक्टरले इसिजी गराउन पठाए, तर स्वास्थ्यकर्मीले दुईवटा खोप पनि लगाइदिए। सुरुमा खोपबारे थाहै भएन, खोप लगाएको १० मिनेटमै मेरो ससुरा त्यहीं ढलेर प्राण गयो,' उनले भनिन्। मृतक भण्डारीका आफन्तले इसिजीका लागि सिफारिसविपरीत रेबिजको सुई लगाएर जनस्वास्थ्य निरीक्षक गौरीदत्त जोशीले गम्भीर त्रुटि गरेको आरोप लगाएका छन्। उनीहरूले लापरबाही गर्नेमाथि कारबाहीको माग गरेका छन्। मृतकका आफन्तले घटनाको सत्यतथ्य छानबिन गरेर दोषीलाई कारबाही नहुँदासम्म शव नबुझ्ने जनाएका छन्। शव अहिलेसम्म अस्पतालमै छ। भण्डारीलाई रेबिजकै खोप लगाएकोबारे पुष्टि भने भएको छैन।

महाकाली अस्पतालका जनस्वास्थ्य निरीक्षक गौरीदत्त जोशीले आफूले भण्डारीको इसिजी जाँच मात्रै गरेको दाबी गरे। महाकाली अस्पतालले पनि रेबिज भ्याक्सिन लगाउँदैमा मृत्युको कारण त्यही हुन नसक्ने जनाएको छ। अस्पतालका निमित्त मेसु डा. अर्जुन भट्टले छातीका बिरामी भण्डारीको मृत्यु रेबिज भ्याक्सिनकै कारणले नभएको बताए। 'उहाँ पहिल्यैदेखि बिरामी भएकाले अन्य कारणले पनि मृत्यु भएको हुन सक्छ। त्यसबारे हामी अध्ययन गर्दै छौं,' उनले भने, 'अस्पतालको एउटै कोठाबाट इसिजी जाँच र रेबिजविरुद्धको खोप लगाइँदै आएको छ।' महाकाली अस्पताल व्यवस्थापन समितिका अध्यक्ष कृष्णानन्द भट्टले घटनाबारे अस्पताल गम्भीर भएको र छानबिन गरिने बताए। मृतकका आफन्त र अस्पतालबिच छलफल भए पनि निष्कर्षमा पुगेको छैन।

धितो राखेको जग्गा प्रक्रिया छलेर लिलामी गरेको भन्दै ऋणी सडक आन्दोलनमा

सावाँ-ब्याज तिरे पनि बैंकले बिचौलियाको सेटिङमा धितोको जग्गा लिलामी गरेको सिराहा लहानका ऋणी रामचन्द्र यादवको आरोप

लहानमा **मणिलाल विश्वकर्मा**

प्रक्रिया छलेर लिलामी गरेको जग्गा फिर्ता गर्न कृषि विकास बैंकको लहान शाखाले गरेको सहमति कार्यान्वयनको माग गर्दै बिहीबार सिराहाको लहान नगरपालिका- १ स्थित बैंकपरिसर र पूर्व-पश्चिम सडक करिब तीन घण्टा तनावग्रस्त रह्यो। १२ पुसमा बैंकले गरेको सहमति कार्यान्वयनको माग गर्दै ऋणी रामचन्द्र यादवको अगुवाइमा उनका आफन्त तथा स्थानीय बिहान करिब साढे १० बजेतिर बैंकमा ताला लगाउन जाँदा प्रहरीले रोकेपछि बैंकअगाडि सडकमा टायर बालेर सडक अवरुद्ध गरिएको हो।

ऋणी यादव बैंकका कारण आफू सुकुम्बासी बनेको भन्दै सडकमा लम्पसार परेका थिए। उनका आफन्त तथा सहयोगीले सडक अवरुद्ध गरेपछि प्रहरीले बल प्रयोग गऱ्यो। त्यसपछि ढुंगा हानाहान हुँदा प्रहरीले स्थिति नियन्त्रणमा लिन १० राउन्ड अश्रुग्यास र चार राउन्ड हवाई फायर गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले बताए। उनका अनुसार अवरुद्ध सडक खुलाउने क्रममा भिडले हानेको ढुंगा लागेर प्रहरी निरीक्षकसहित १० प्रहरी घाइते भएका छन्। आफूले न्याय पाउनुपर्ने माग गर्दै सडकमा सुतेका ऋणी यादवसहित उनकी श्रीमती आशादेवी र छोरी विनितालाई प्रहरीले सडकबाट घिसार्दै हटाउने क्रममा घाइते भएका छन्। प्रहरीले अन्धाधुन्ध लाठीचार्ज गर्दा ऋणी र उनको परिवारबाहेक उनलाई न्यायका लागि सघाउन गएकामध्ये १५ जना घाइते भएको लहान- २१ का पूर्ववडाध्यक्ष हेमन्तकुमार यादवले बताए।

लहान नगरपालिका- २२ घर भई हाल वडा नम्बर २ मा बसोवास गर्दै आएका यादवले १५ फागुन ०७७ मा कृषि विकास बैंकको लहान शाखामा साबिक सिंगराही गाविस- ५ को कित्ता नम्बर ४६९ को ७.२५ धुर जग्गा धितो राखेर ३० लाख रुपैयाँ ऋण लिएका थिए। पूर्व-पश्चिम सडकलाई छोएको जग्गामा १२ कोठा रहेको दुईतले घरसमेत रहेकाले चलेको मूल्यअनुसार पनि एक करोड ९५ लाख हुनुपर्ने उनले बताए।

जिल्ला उद्योग वाणिज्य संघ, स्थानीय नागरिक समाज, व्यापारी र बैंकका कर्मचारीसहित भएको छलफलबमोजिम बैंकले १२ पुसमा सुनसरी भोक्राहा- ३ की ताराकुमारी रौनियारले लिलाम सकारेको कि.नं. ४६९, ०-०-७.२५ क्षेत्रफल रहेको जग्गा लहान मालपोतलाई रोक्काका लागि अनुरोधसहित पत्राचार गर्ने, २१ पुसम्म बैंकको मुख्य कार्यालयमा शाखाले लिलाम गरेको जग्गासम्बन्धी कानुनी परामर्श लिई २२ पुसमा प्रमुख जिल्ला अधिकारीको उपस्थितिमा बैंक र ऋणी तथा उनका प्रतिनिधिबिच समन्वयात्मक बैठक गर्ने सहमति भएको थियो।

ऋणी यादवले जग्गा रोक्का रहेकाले नियमित रूपमा सावाँ-ब्याज बुझाउँदै आएको दाबी गरेका छन्। ९ पुसमा लहानस्थित इलाका प्रशासन कार्यालयमा बुझाएको ज्ञापनपत्रमा उनले लिलामी हुनुअघिसम्म ३० लाख ऋणको १९ लाख ९२ हजार ७७३ रुपैयाँ सावाँ-ब्याज बुझाएको उल्लेख गरेका छन्। त्यसका बाबजुद ३ पुसमा जग्गा लिलाम गरिएको उनको आरोप छ।

कानुनी प्रक्रियामा जान कृषि बैंकको चुनौती

कृषि विकास बैंकले जग्गा लिलामी प्रक्रियाको विषयमा तालाबन्दी, ढुंगामुढासहित बैंकिङ सेवा बन्द गर्नेलगायतको कार्यप्रति ध्यानाकर्षण भएको जनाएको छ। बैंकले बिहीबार विज्ञप्तिमार्फत जग्गा लिलामी प्रक्रियाप्रति चित्त नबुझेको खण्डमा कर्जा नियमानुसार कानुनी प्रक्रियामा जान चुनौती दिएको छ। विज्ञप्तिमा ऋणी रामचन्द्र यादवले सरल कृषि कर्जा र व्यक्तिगत ओभरड्राफ्ट शीर्षकमा लिएको कर्जाको सावाँ-ब्याज कर्जा सम्झौताबमोजिम समयमा भुक्तानी नगरी भाखा नाघेको र लामो समयसम्म कर्जा चुक्ता/भुक्तान नगरेको उल्लेख छ। ऋणीले कर्जाको सावाँ-ब्याज भुक्तानी गर्न चासो नदिएपछि चौथोपटक ८ असोज ०८१ मा धितो लिलामी सूचना प्रकाशन गर्दा रितपूर्वक प्राप्त शिलबन्द बोलपत्रमध्येबाट आवश्यक प्रक्रिया पूरा गरी बोलपत्र स्वीकृत गरी कबोल गर्ने व्यक्तिको नाममा मालपोत कार्यालयमा दाखिल खारेज गरिएको विज्ञप्तिमा जनाइएको छ।

उच्च शिक्षामा प्रविधि प्रयोगको सम्भावना

विश्वले उच्च शिक्षामा प्रतिपादन र अंगीकार गरेका नवप्रवर्तनलाई नेपालले पनि आफ्नो परिवेश सुहाउँदो हुने गरी कार्यान्वयन गर्न ढिलो गर्नुहुँदैन



● सुदर्शन पौडेल

अग्रलेख

नेपालको उच्च शिक्षामा डिजिटल प्रविधिको प्रयोगले हालसालै तीव्र महत्त्व पाएको छ। इन्टरनेट पहुँच, डिजिटल उपकरण र सफ्टवेयरको बढ्दो विकास र विस्तारले शिक्षामा नयाँ सम्भावना सिर्जना गरेको छ। विश्वव्यापी रूपमा प्रभावकारी बन्दै आएको यो प्रविधिमैत्री शिक्षाको अवसरलाई राज्यका सबै तह र वर्गका मानिसको पहुँचमा पुर्‍याउन सबै तहका सरकार, नागरिक समाज, सम्बद्ध संस्थादेखि आमनागरिकसमेतको सरोकार र सहभागिता आवश्यक हुन्छ। त्यसका अलावा नयाँ परिवेशमा शिक्षाको गुणस्तर सुधार्ने दिशामा राज्यले आवश्यक नीति-नियम र मौलिकतासहितको प्रविधि निर्माणको वातावरण सिर्जना गर्नु आवश्यक छ।

नेपालजस्तो भौगोलिक रूपमा विविधता भएको देशमा सबै क्षेत्रका विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन डिजिटल प्रविधि उपयोगी बन्न सक्छ। विशेषगरी मोफसलका उच्च शिक्षासम्बद्ध संस्थामा शिक्षक, शैक्षिक सामग्री र भौतिक पूर्वाधार अभाव रहेको अवस्थामा त्यस्ता चुनौतीलाई सामना गर्न डिजिटल प्रविधि एउटा प्रभावकारी माध्यम बन्न सक्छ। ग्रामीण वा न्यून सामाजिक आर्थिक अवस्थाका परिवारका विद्यार्थीसँग इन्टरनेट सेवा र डिजिटल प्रविधिको पहुँच सीमित छ। शिक्षक विद्यार्थीमा डिजिटल साक्षरताको कमी छ। यसबाट पर्याप्त फाइदा लिन कठिनाइ होला, यद्यपि सरकार र शिक्षण संस्थाले सहकार्य गरी डिजिटल साक्षरता र पूर्वाधार बढाउन सकेमा उच्च शिक्षामा ठुलो सुधार गर्न सकिन्छ।

कोभिड-१९ महामारीको समयमा डिजिटल प्लेटफर्मजस्तै जुम, टिम्स, क्लासरुम, मिटलगायतले शिक्षण प्रक्रियालाई येनकेन सुचारु गर्न मद्दत पुर्‍याए। त्यसपछिको समयमा यसको विकास र विस्तारले तीव्र गति लियो। आजकल डिजिटल लाइब्रेरी, इ-पुस्तक र अनलाइन लेखको उपलब्धता निकै सहज भएको छ, जसले विद्यार्थीलाई अध्ययन सामग्रीमा सहज पहुँच दिएको छ। कतिपय परम्परागत कलेजले पनि डिजिटल प्रविधि प्रयोग गरी पठनपाठन सञ्चालन र मूल्यांकन गर्न थालेका छन् भने प्राविधिक शिक्षामा केन्द्रित उच्च शिक्षा प्रतिष्ठानले यस प्रविधिको अलि बढी प्रयोग गर्दै आएका छन्। त्यसमा नेपालमा खुला विश्वविद्यालय पनि सञ्चालित छ, जसका अधिकांश शैक्षिक गतिविधि डिजिटल माध्यमबाट हुन्छ।

उच्च शिक्षामा पहुँचको अधिकार विषयमा विभिन्न देशका केही मौलिक अनुभव छन्। यसै वर्षको १० डिसेम्बर अर्थात् विश्व मानवअधिकार दिवसमा विश्व उच्च शिक्षा पहुँच सञ्जालको बैठकमा त्यस्तै अनुभव समेटिएको प्रतिवेदन प्रकाशित भएको छ। युनेस्कोको आयोजनामा सम्पादित उक्त अध्ययन प्रतिवेदनले अबको उच्च शिक्षा प्रविधिमैत्री हुनुपर्ने इंगित गरेको छ। अबको समयमा मौजुदा प्रणाली र व्यवस्थापनले देशले चाहेको जनशक्ति उत्पादन गर्न नसक्ने यो अध्ययनले औँल्याएको छ।

सो अध्ययनमा समेटिएका केही देशका सिकाइ अनुभवबाट नेपालले पनि पाठ सिक्न सक्ने प्रशस्त अवसर छ। भारतले सन् २०१६ मा सुरु गरेको 'स्टडी वेब्स अफ एक्टिभ लर्निङ फर यङ एस्पायरिङ माइन्ड्स' घरेलु इ-लर्निङ प्लेटफर्म हो, जहाँ सरकारी मान्यता प्राप्त उच्च शिक्षाका विविध विधाका पाठ्यक्रम निःशुल्क उपलब्ध हुन्छन्। जोकोहीले कुनै खास पाठ्यक्रम वा विषयवस्तुलाई आआफ्नो रुचिअनुसार पढ्न सक्छन्। कसैले कुनै विषयमा मान्यता प्राप्त शैक्षिक प्रमाणपत्र लिन चाहेमा तोकिएको विधि पूरा गरी सैद्धान्तिक र व्यावहारिक परीक्षामा सहभागी हुन सक्छन्। यसै रीतले आफ्नो अनुकूलतामा पढ्दै जाने र त्यहाँ आर्जन गरेको शैक्षिक प्रतिफल वा प्राप्तांकलाई एकेडेमिक बैंक अफ क्रेडिट्समा संग्रह गर्ने र जब त्यस्तो क्रेडिट्सको भार कुनै डिग्रीलायक पुग्छ, त्यस्ता विद्यार्थीलाई दीक्षित हुन सिफारिस हुन्छ। छोटो अवधिमा भारतमा दसौँ हजारभन्दा बढी व्यक्तिले यस्ता पाठ्यक्रमबाट फाइदा लिएका छन् भने चार करोडभन्दा बढीले कार्यक्रममा आबद्ध भई विविध विषयमा ज्ञान सीप हासिल गरेका छन्। यो अनुभव शिक्षा विकासका लागि निकै फलदायी हुन सक्छ। यस प्रकारको शिक्षा विषम सामाजिक आर्थिक अवस्था भएको समाजमा शिक्षाको पहुँच र स्थानीय भाषा संस्कृतिको प्रवर्द्धनका लागि पनि उपयोगी हुन सक्छ।

सो अध्ययनमा कतिपय देशको अनुभवका आधारमा उच्च शिक्षामा हाल दिइँदै आएको आरक्षणमा आमूल सुधार गर्नुपर्ने तर्क दिइएको छ। यस्तो व्यवस्था आवश्यकता र औचित्यका आधारमा पूर्णदेखि आंशिक आरक्षण हुन सक्ने बताइएको छ। जस्तो, कोही विद्यार्थीलाई जीविकोपार्जनदेखि शिक्षाको अवसर चाहिन्छ भने कसैलाई शैक्षिक शुल्क र सामग्री मात्र दिँदा पनि पुग्छ। हाल प्रचलनमा रहेको खास वर्ग, क्षेत्र वा जात विशेषका मानिसलाई दिइँदै आएको एकै खालको आरक्षणले अपेक्षित प्रतिफल दिन नसकेको उल्लेख छ।

यस सम्बन्धमा ब्राजिलको अनुभवका आधारमा कतिपय प्राविधिक क्षेत्रमा उच्च शिक्षामा आरक्षणको



आधारमा छनोट गरिँदा त्यसको असर राष्ट्रले चिरकालपर्यन्त भोग्नुपर्ने, कक्षाकोठाभित्र पनि शैक्षिक उन्नयनमा उच्च प्रतिस्पर्धाबाट आउने र यस्ता समूहबाट प्रतिनिधित्व गर्ने विद्यार्थीबिचको फराकिलो अन्तरका कारण असहज वातावरण सिर्जना हुने उल्लेख छ। शिक्षण प्रक्रियालाई अघि बढाउने क्रमदेखि विद्यार्थी विद्यार्थीबिचको सौहार्द्रतामा समेत असहज अवस्था सिर्जना हुन सक्नेतर्फ सजग पारिएको छ। आरक्षणको अर्को ठुलो डर भनेको विद्यार्थी आफ्नो रुचिको विषयभन्दा पनि जस्तो अवसर पाइन्छ, त्यसैमा होमिन्छन्। यसले कहिलेकाहीँ उच्च शिक्षा हासिल गर्ने क्रममा र पछि पेसाकर्मीका रूपमा पनि अब्बल प्रस्तुति दिन कठिन हुन्छ। यस अर्थमा पनि उच्च (प्राविधिक) शिक्षामा आरक्षणबारे पुनर्विचार गर्नुपर्ने विषयमा चर्चा हुन थालेको छ।

नेपालले कार्यान्वयन गर्दै आएको शिक्षामा आरक्षण प्रणालीले समानताका लागि हकदार समूहको उचित पहिचान र सक्षमताका आधारमा पहुँचलाई सुनिश्चित गर्न सकिएको छैन। यस्तो अवस्थामा ब्राजिललगायत कैयौँ देशले भोगेको नियति नेपालको आरक्षण व्यवस्थाले पनि भोगेको छ। यहाँ आरक्षणबाट उच्च शिक्षामा छनोट भएका विद्यार्थीको शैक्षिक सफलता (र चुनौती) को अध्ययन भएकै छैन। यद्यपि केही प्राविधिक शिक्षालयको अनुभवका आधारमा भन्नुपर्दा केही विद्यार्थी, जो साँचो अर्थमा आरक्षण चाहिने खालका छन्, उनीहरूले अध्ययनलाई निरन्तरता दिन न्यूनतम आधारभूत आवश्यकता जुटाउन संघर्ष गर्नुपर्ने अवस्था भएकाले पढाइमा राम्रो गर्न सकिरहेका छैनन्।

नेपाल संघीयतामा गएपछि केही स्थानीय सरकारले आफ्ना मौलिक पहिचानलाई समेटेर विद्यालय तहको पाठ्यक्रम बनाउन र युवापुस्तामा हस्तान्तरण गर्ने केही प्रयास गरेका छन्। यो क्रमलाई थप सबलीकरण गर्दै उच्च शिक्षामा पनि यसको पठनपाठन थालनी गरिनु आवश्यक हुन्छ। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्थानीय समुदायको सामाजिक, आर्थिक, सांस्कृति अवस्थाको अध्ययन र राष्ट्रिय स्वास्थ्य प्रणालीका विभिन्न तह र क्षेत्रमा निश्चित अवधिसम्म शिक्षकको प्रत्यक्ष निगरानीमा विद्यार्थीलाई परिचालन सूक्ष्म अध्ययन गराउने र त्यसका आधारमा मूल्यांकन गर्दै आएको छ। यस्तो अध्ययनमा सूचना प्रविधिको उच्चस्थान रहने गरेको छ। यस्तै अन्य उच्च शिक्षा प्रतिष्ठानले पनि समसामयिक घटना परिवेशको प्रत्यक्ष अनुभव गरी अध्ययन गर्ने नवीनतम प्रयोग गर्दै आएका होलान्।

> नेपालमा उच्च शिक्षा सबैका लागि सहज उपलब्ध छैन। त्यसमा पनि प्राविधिक शिक्षा महँगो भएकाले आममानिसको पहुँचमा छैन। जब कि यस्तो शिक्षा नागरिकको अधिकार र देशको अग्रगमनको औजार हो।

यस्तो शिक्षा प्रणालीले प्राविधिक शिक्षाका विद्यार्थीले आफ्नो पेसा-व्यवसायको मर्यादा कायम गरी काम गर्न सफल भएको पाइएको छ। यस्तो उच्च शिक्षाका लागि शिक्षण अवसर, सन्दर्भ सामग्री, अभिमुखीकरण र मार्गदर्शनको खाँचो छ। नेपालमा यस्तो सिकाइको वातावरण विकसित भइसकेको छैन। नेपालका उच्च शिक्षासम्बद्ध संस्थालाई सम्भाव्य विद्यार्थीको खोजी र तिनलाई उच्च शिक्षामा समाहित गर्न धेरै गर्न आवश्यक छ। यस्तो अवस्थामा देशको आवश्यकताका आधारमा नीति-निर्मातासँगको परामर्शमा नयाँ पाठ्यक्रम बनाउने र त्यसको जानकारी सम्भाव्य विद्यार्थी र आममानिसलाई डिजिटल प्रविधिबाट उपलब्ध गराउँदै जानुपर्छ। यस्तै वा थप सिर्जनशील कोसिस नगर्दासम्म आगामी दिनमा विश्वविद्यालयले विद्यार्थी नपाउने, आममानिसको जनजीविकाका नवीनतम विषय अध्ययन अनुसन्धान हुन नसक्ने अवस्था आउन सक्छ।

अतः विश्वका कैयौँ देशले त्यसैअनुरूप उच्च शिक्षाका मानक पुनः परिभाषित गर्ने, विद्यमान पूर्वाधार सुधारमा ध्यान केन्द्रित गर्ने र निरन्तर शिक्षाको संस्कृति विकास गर्ने प्रयास गरेको पाइन्छ। नेपालले विश्वपरिवेशमा स्थापित सफल शिक्षा नीति र कार्यक्रमबाट पाठ सिक्नु आवश्यक छ।

नेपालमा उच्च शिक्षा सबैका लागि सहज उपलब्ध छैन। त्यसमा पनि प्राविधिक शिक्षा महँगो भएकाले आममानिसको पहुँचमा छैन। जब कि यस्तो शिक्षा नागरिकको अधिकार र देशको अग्रगमनको औजार हो। नेपालजस्तो विकासोन्मुख देशले समाजमा रहेको विभेद कम गर्न र नागरिकको सामाजिक आर्थिक विकासको मूल प्रवाहमा समाहित गर्न पनि सीपमूलक शिक्षा मूल आधार हुन सक्छ। त्यसका लागि प्राविधिक सीपयुक्त उच्च शिक्षा कमजोर वर्गका विद्यार्थीलाई निःशुल्क प्रदान गर्नुपर्छ। समाजमा विद्यमान विभेद र असमानता घटाउन उच्च शिक्षामा पहुँच र सफलताको नियमन गर्न र सबै क्षेत्रमा गुणस्तरीय उच्च शिक्षामा समान पहुँच सुनिश्चित गर्न नयाँ उच्च शिक्षा संस्था सिर्जना गर्न र उपग्रह वा शाखा क्याम्पसजस्ता साझेदारी व्यवस्थामार्फत सुधार गर्न सिफारिस गरेको छ। यो अभियानमा डिजिटल प्रविधिको अधिकतम प्रयोग गर्न सकिन्छ।

अन्त्यमा, विश्वले उच्च शिक्षामा प्रतिपादन र अंगीकार गरेका नवप्रवर्तनलाई नेपालले आफ्नो परिवेश सुहाउँदो हुने गरी कार्यान्वयन गर्न ढिलो गर्नुहुँदैन। शिक्षाको पहुँच नपुगेका युवालाई आर्थिक संरक्षण, व्यावहारिक शिक्षाको सान्दर्भिकताबारे जनचेतना, पछाडि परेका क्षेत्रमा गुणस्तरीय उच्च शिक्षाका पूर्वाधार विकास, उच्च शिक्षाका वैकल्पिक उपायको पहिचान, विपन्न र आरक्षण समूहका विद्यार्थीलाई शिक्षामा आरक्षणको व्यवस्था र उच्च शिक्षाको गुणस्तर सुधारका लागि कठोर मापदण्डको व्यवस्थाका माध्यमबाट मात्र देशले परिवर्तनको अनुभूति गर्न सक्छ।

त्यसका लागि उच्च शिक्षामा डिजिटल प्रविधिको उपयोगले सेवाको पहुँच र गुणस्तर दुवैमा सुधार ल्याउन सहयोगी पुग्न सक्छ। यसका लागि सरकारले डिजिटल पूर्वाधार विकासमा लगानी बढाउनुपर्छ। साथै, शिक्षक र विद्यार्थीलाई डिजिटल साक्षरताका लागि प्रेरित गर्नुपर्छ। प्राथमिकदेखि उच्च शिक्षासम्मको अध्ययनमा सामाजिक, आर्थिक रूपले पछाडि परेका वर्गका बालबालिकालाई आवश्यकताको आधारमा न्यूनतम आधारभूत आवश्यकतासहितको निःशुल्क शिक्षा दिइनुपर्छ। शिक्षामा आरक्षण पाएको व्यक्तिले पेसा-व्यवसाय निर्धारण गर्ने वा नियुक्तिमा खुला प्रतिस्पर्धाबाट मात्र सहभागी हुनुपर्ने नियम बनाइनुपर्छ।

(पौडेल पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अध्यापनरत छन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक
प्रा. लोकराज बराललाई



प्रायः हाम्रा दलका नेतृत्व आफ्नो कार्यकाल लम्ब्याउन किन मरिहत्ते गर्छन् ?

मानव स्वभाव नै स्वार्थी हुन्छ। नेतृत्वमा पुग्नेहरूको स्वार्थप्रेरित प्रवृत्तिले गर्दा यस्तो अवस्था देखिने हो। येनकेन प्रकारेण जसरी हुन्छ र जहिलेसम्म सकिन्छ, आफैँ नेतृत्वमा अडिने सोच प्रायः दलका नेतृत्वमा देखिन्छ। भर्खरै प्रधानमन्त्री केपी शर्मा ओलीजीले यो गठबन्धनको नेतृत्व गर्दाको सहमति बिर्सेर ०८७ पछि मात्र संविधान संशोधन हुन्छ भनेका छन्। यो पनि प्रकारान्तरले त्यतिखेरसम्म आफू नेतृत्वमै रहने संकेत हुन सक्छ।

कांग्रेस नेतृत्वले विधानको व्यवस्थालाई किन पालना नगरेका होलान् ?

विधानलाई बलियो बनाएर पार्टीलाई संस्थागत गराउने दिशामा कांग्रेस नेतृत्वले सशक्त पहल लिएको देखिन्न। हुन त पार्टी विधानको के कुरा गरिरहनु ? देशकै संविधानको त पालना गर्दैनन् नेताहरूले। विगतमा ओलीजीले संविधानका सीमा नाघेर दुईदुईपटकसम्म संसद् विघटन गरेको र उनको असंवैधानिक कामलाई दुवैपटक अदालतले सच्याइदिएको होइन ? त्यसैले, जब नेतृत्वमा न्यूनतम सोच, संस्कारको अभाव हुन्छ, तब देखिने यस्तै हो। फेरि कांग्रेसमा पहिलेदेखि नै नजिर यस्तै छ। पार्टीको विधानमा विशेष परिस्थितिमा कार्यकाल एक वर्ष लम्ब्याउन सकिने छिद्र राखिएको छ। त्यस छिद्रलाई टाल्नुको साटो सबैमा त्यसैबाट छिर्ने प्रवृत्ति हाबी हुँदै आएको देखिन्छ।

यस्तो प्रवृत्तिले पार्टी र नेतृत्वलाई बलियो बनाउला कि कमजोर ?

यस्तो स्वार्थप्रेरित कार्यले पार्टी र नेतृत्वलाई केको बलियो बनाउँथ्यो ? एक न एक दिन महाधिवेशनको सामना गर्नै छ भने विधानको व्यवस्थाअनुरूप समयमै गरिदिए चाहिँ पार्टी र नेतृत्व बलिया हुने हुन्। तर, हामीकहाँ हाबी देखिएको नेतामुखी तन्त्रमा कसैलाई संस्था बलियो चाहिएकै छैन, सबैलाई आफू बलियो भए पुगेको छ।

प्रेरक प्रसंग

बुद्ध र गिलासको पानी

एकपटक एक युवक गौतम बुद्धकहाँ पुगे र भने- भगवान्, कृपया मलाई आफ्नो शिष्य बनाउनुहोस्। म तपाईंबाट धेरै ज्ञान हासिल गरेर तपाईंजस्तै महाज्ञानी बन्न चाहन्छु। बुद्धले ती युवकलाई सम्झाउँदै भने- बाबु, तिमी मबाट केही सिक्न चाहन्छौ भने १० दिनपछि आऊ।

ती युवक त्यहाँबाट फर्किए र १० दिनपछि पुनः बुद्धसामु उपस्थित भए अनि आफूलाई शिष्य बनाएर ज्ञान दिन अनुरोध गरे। बुद्धले यसपटक पनि पहिलेजस्तै जवाफ दिए र १० दिनपछि पुनः भेट्नू भन्दै बिदा गरे। यही क्रम महिनौँसम्म चल्यो। आखिरमा हैरान भएर एक दिन युवकले बुद्धसामु प्रश्न गरे- भगवान्, आखिर हजुर मलाई किन यसरी झुलाउँदै हुनुहुन्छ ? मलाई आफ्नो शिष्य बनाएर ज्ञान दिन हजुरलाई केले रोकिरहेको छ ?



यसपटक बुद्धले भने- ठिक छ, भित्र गएर एक गिलास पानी ल्याऊ त ! बुद्धको आदेश पाउनासाथ ती युवक भित्र गए र एक गिलास पानी लिएर आए। त्यो पानी लिँदै बुद्धले भने- ठिक छ, अब फेरि अर्को एक गिलास पानी ल्याऊ। युवकले भित्रबाट अर्को गिलासमा पनि पानी ल्याए। बुद्धले आफ्नो हातको पानीको गिलास युवकलाई दिँदै भने- ल अब यो गिलासको पानी त्यो गिलासमा खन्याऊ त !

युवकले भने- भगवान्, मैले यस्तो गरेँ भने त पानीजति सबै पोखिइहाल्छ नि ! किनकि, यो गिलास त पहिल्यै पानीले भरिएको छ। बुद्धले हल्का मुस्कुराउँदै भने- हो, मैले भन्न खोजेको पनि यही हो। तिमी केही सिक्न तयार भएकै छैनौ। पहिल्यै तिमीभित्र असीमित पूर्वाग्रह र अहंकार भरिएको छ। तिनलाई त्याग नगरी तिमी ज्ञान सिक्न सक्दैनौ। जसरी एउटा भरी गिलासको पानी अर्को भरी गिलासमा खन्याउन एउटालाई खाली गर्नैपर्छ, ठिक त्यसरी नै नयाँ ज्ञान लिन पनि पहिल्यै दिमागमा भरिएका यस्ता पूर्वाग्रह र अहंकार खाली गर्नुपर्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विद्यार्थीलाई खुसीको खबर

सरकारी कार्यालयमा पनि इन्टर्नसिप गर्न पाउने व्यवस्था सरकारी तवरबाटै गर्न लागेको सञ्चार माध्यमबाट सुन्न र पढ्न पाइयो। उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीलाई यो खबरले खुसी लाग्नु स्वाभाविक हो। सरकारी कार्यालयमा पनि स्नातक र स्नातकोत्तरमा अध्ययन गरिरहेका विद्यार्थी (हाललाई त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयका विद्यार्थीलाई मात्र) यो मौका पाउने बताइएको छ। पारिश्रमिक पाउने गरी ६ महिना वा वर्ष दिनका लागि सरकारी कार्यालयमा इन्टर्नसिप गरी आफ्नो कार्य क्षमता प्रस्तुत गर्नका लागि विद्यार्थीलाई सरकारबाट आउन लागेको यो अभूतपूर्व अवसरले देश छाडी बिदेसिने तयारीमा रहेका विद्यार्थीलाई थोरै नै भए पनि स्वदेशमै रमाउने प्रेरणा दिन सक्छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

यस्तो पनि हुन्छ अध्यादेश ?

'रविलाई 'तारो' बनाएर अध्यादेश ल्याउँदा ५२ हजार बचतकर्ताको साढे सात अर्ब झन् अनिश्चित' शीर्षकको समाचार पढियो। यसरी कुनै पनि मुद्दामा पीडक र पीडितको सहमति भएको अवस्थामा मिलापत्र गर्छौं, पीडितलाई उसको रकम फिर्ता गर्छौं भन्दा पनि सहमति गरेर रकम फिर्ता गर्न रोक्ने पनि अध्यादेश हुन्छ ? पीडकले रकम फिर्ता गर्छ भने कानुनले उसलाई किन रोक्ने ? के पीडितको डुबेको बचत फिर्ता गर्नु छैन हो ?

● **वामिका भुसाल**
इमाडोल, ललितपुर

पहिले कान्तिको उपचार गर

बालबालिकाका लागि देशकै प्रमुख र एक मात्र विशिष्टीकृत सरकारी अस्पताल कान्ति बाल अस्पताल आफैँ बिरामी भएको समाचार पढ्दा सारै दुःख लाग्यो। बालबालिकालाई विभिन्न रोग लाग्दा उपचार गराउने उद्देश्यले राजधानीको मुटुमा स्थापित बाल अस्पताल आफैँ बिरामी पर्नु र उसको उपचार कतैबाट नहुनु दुःखको विषय हो। देशभरिका बालबालिकाको उपचार गर्दै आएको अस्पताललाई यसरी बिरामी अवस्थामा पुर्‍याउनु, उपचार नगरी थला पार्नु र अलपत्र छाड्नु गम्भीर चिन्ताको विषय हो।

● **सुवास रम्तेल**
बबरमहल, काठमाडौं

कुलमानलाई प्रोत्साहन कि दुरुत्साहन ?

अर्बौं घाटामा गएको नेपाल विद्युत् प्राधिकरणलाई घाटापूर्ति गरी अर्बौं नाफामा पुर्‍याउने, लोडसेडिङबाट आक्रान्त देशलाई मुक्ति दिलाउने कुलमान घिसिङलाई हटाउन ऊर्जा मन्त्रालयले नौबुँदे स्पष्टीकरण सोध्ने हो कि थप ऊर्जासाथ काम गर्न सघाउने हो ?

घिसिङ कस्ता मानिस हुन् ? उनको कामले आमजनता सन्तुष्ट छन्, छैनन् ? उनले देशहितका लागि काम गरेका छन् या छैनन् ? उनलाई बर्खास्त गर्दा जनताको प्रतिक्रिया के आउला ? कुलमान र उनका विभागीय मन्त्री दीपक खड्कामध्ये एकलाई रोज्नुपर्दा जनताले कसलाई रोज्लान् ? यी प्रश्नमा जनताको धारणा लिँदा कस्तो उत्तर आउला ? के कांग्रेस र उसका नेताले यसबारे कहिल्यै गम्भीर भएर सोचेका छन् ? विद्युत् महसुल नतिर्ने उद्योगी, व्यापारीको स्वार्थमा लागेर कुलमानलाई हटाउन खोज्ने ऊर्जामन्त्री खड्काको कामले के कांग्रेसको छवि बढ्ला ? कि उल्टो कांग्रेसप्रति जनताको वितृष्णा बढी कांग्रेसको भोट बैंक घट्ला ? यी प्रश्नमा कांग्रेस नेता अहिल्यैदेखि गम्भीर नबन्ने हो भने २०८४ को चुनावमा यिनै प्रश्न कांग्रेसका लागि गलपासो बन्न सक्छन्।

यसर्थ कांग्रेसले आफ्नो छवि र प्रतिष्ठा बचाउनकै लागि भए पनि ऊर्जामन्त्री खड्काजस्ता विवादित पात्रलाई मन्त्री पदबाट हटाएर उनको ठाउँमा काम गर्नेलाई प्रोत्साहन दिन सक्ने मानिसलाई ऊर्जामन्त्री बनाउनुपर्छ। अनि मात्र ऊर्जा क्षेत्रको विकास हुन सक्छ। एकजना गलत मन्त्रीका कारण सिंगो पार्टीको छविमा आँच आउन दिनु कांग्रेसको हितमा हुनेछैन।

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

ट्रम्पले चीन-अमेरिका द्वन्द्व ब्युँताउने सम्भावना

ट्रम्पको आक्रामक भन्सार नीतिमार्फत चीनलाई रोक्न अमेरिकाले विशेष योजना बनाएको छ



देश/विदेश

● इयान ब्रेमर

डोनाल्ड ट्रम्पको यस महिनामा ह्वाइट हाउसमा हुने पुनः प्रवेशले जो बाइडेन र सी जिनपिङको नेतृत्वमा सन् २०२४ मा कायम अमेरिकी-चीन सम्बन्धको नाजुक स्थायित्वलाई बिथोल्ने सम्भावना छ। ट्रम्पले नयाँ आर्थिक सम्झौताको उद्देश्यले चिनियाँ सामानमा नयाँ भन्सार शुल्क लागू गर्ने योजना बनाएका छन्। यद्यपि चुनावी अभियानमा भनेझैँ त्यो शुल्क ६० प्रतिशतसम्म नपुग्न सक्छ। यो दर सन् २०२५ को अन्त्यसम्म दोब्बर भएर २५ प्रतिशत पुग्ने सम्भावना छ। यसको प्रत्युत्तरमा कमजोर आर्थिक अवस्थाका बाबजुद चिनियाँ नेताबाट पहिलेको तुलनामा कडा प्रतिरोध गर्ने र थोरै मात्र सहमति जनाउने अपेक्षा गरिएको छ।

चिनियाँ नेताले सम्झौता गर्नुलाई राष्ट्रिय अपमानका रूपमा लिइन्छ कि भन्ने डर मान्छन्, जसले चीनका जनताको क्रोधलाई थप उग्र बनाउनेछ। 'ट्यारिफ म्यान' (अत्यधिक भन्सार असुल्ने व्यक्ति) ट्रम्पको पुनरागमनसँगै सहकार्यको मार्ग अघि बढ्ने देखिँदैन। उनका आक्रामक भन्सार नीतिमार्फत चीनलाई रोक्न अमेरिकाले योजना बनाएको चिनियाँ आशंकालाई पुष्टि गरेको छ। प्रविधि नीति सबैभन्दा संवेदनशील विषय बनेको छ, जहाँ चीनले आफ्नो प्रविधिगत र आर्थिक प्रगतिलाई अवरुद्ध गर्ने अमेरिकी प्रयासको विरोध गर्दै आएको छ। ट्रम्प प्रशासनले थप चिनियाँ कम्पनीलाई वाणिज्य विभागको 'एन्टिटी सूची'मा समावेश गर्दै अमेरिकी प्रविधिको पहुँचमा रोक लगाउनेछ र निर्यात नियन्त्रणलाई थप आर्थिक क्षेत्रमा विस्तार गर्नेछ।

ट्रम्पले चिनियाँ प्रविधि कम्पनीलाई उन्नत चिप निर्यातमा प्रतिबन्ध लगाउने बाइडेनको नीति जारी राख्नेछन्। यसको प्रत्युत्तरमा चीनले विद्युतीय गाडीका ब्याट्री र इलेक्ट्रोनिक्सजस्ता अत्यावश्यक प्रविधिको उत्पादनमा प्रयोग हुने महत्त्वपूर्ण खनिजको निर्यात सीमित गर्न सक्नेछ, जसले अमेरिकी राष्ट्रिय सुरक्षाका लागि आवश्यक आपूर्तिमा असर गर्नेछ। यद्यपि सन् २०२५ मा ताइबानमा चिनियाँ आक्रमणको सम्भावना छैन, तर ताइबानसम्बन्धी विवादले यस वर्ष अमेरिका-चीन सम्बन्धलाई झनै बिगार्नेछ। ट्रम्पले ताइबानप्रति कम चासो देखाए पनि उनको प्रशासनका कठोर नीतिका समर्थकजस्तै विदेशमन्त्रीका लागि नामित मार्को रुबियो र नयाँ राष्ट्रिय सुरक्षा सल्लाहकार माइक वाल्ट्जले अमेरिका-ताइबान सम्बन्धलाई बलियो बनाउने र ताइबानको सुरक्षामा स्पष्ट अमेरिकी प्रतिबद्धताको पक्षमा दबाब दिनेछन्, जुन चीनका लागि एकदमै संवेदनशील विषय हो।

चिनियाँ नेताले आफ्नो दबाब रणनीतिले ताइबानका राष्ट्रवादी राष्ट्रपति विलियम लाईलाई नियन्त्रणमा राखेको विश्वास गरेका छन् र यो सम्भवतः सही हो। ताइबानको अर्थतन्त्र मजबुत रहेका कारण लाईले जनसमर्थन बढाउन चीनलाई उक्साउन आवश्यक ठानेका छैनन्। तर, ताइबानले वास्तविक स्वतन्त्रताका लागि ठुला कदम चालेको देखियो वा अमेरिकाले चीनका रातो रेखा पार गर्‍यो भने (रुबियोले ताइबानको भ्रमण गरेमा वा अमेरिकी नौसैनिक जहाजलाई ताइबानको बन्दरगाहमा रोक्नुपर्छ भनेमा) चीनले सैन्य रूपमा तनाव बढाउने निर्णय लिन सक्छ। यसमा नौसैनिक नाकाबन्दी वा ताइबानका बाहिरी द्वीप कब्जा गर्नेजस्ता कदम समावेश हुन सक्छन्। यसबाहेक यी जोखिम ताइबानको सन् २०२८ को चुनाव नजिकिँदै जाँदा झनै बढ्नेछन् र लाईको पुनः विजय रोक्न चीनले दबाब थप दिनेछ।

चीन र अमेरिकाले सन् २०२५ मा संकट चाहँदैनन्, किनभने सी र ट्रम्प आन्तरिक नीतिमा ध्यान केन्द्रित गर्न चाहन्छन्। सीलाई आर्थिक चुनौती, सामाजिक



चित्र : गेटी इमेजेस

स्थिरतासम्बन्धी चासो र विखण्डित सैन्य नेतृत्वको सामना गर्नु छ भने ट्रम्प ती कुनै पनि समस्याबाट बच्न चाहन्छन्, जसले अमेरिकी स्टक बजारलाई असर पुर्‍याउन सक्छ र आफ्नो नेतृत्वमा विश्वास बढाउन चाहन्छन्। एकीकृत सरकार र आफ्नो पार्टीको सुदृढ नियन्त्रणसँग ट्रम्प बाइडेनभन्दा राम्रो अवस्थामा छन्, जसले एकजुट अमेरिकी दृष्टिकोण प्रस्तुत गर्न सक्छन्। तर, अमेरिका-चीन सम्बन्धलाई बलियो बनाउने कुनै आधार छैन। सीले अमेरिकाको कृषि उत्पादन र ऊर्जा निर्यात खरिद गर्ने प्रस्ताव गर्न सक्छन् र चीनमा व्यापार गर्न चाहने अमेरिकी कम्पनीका जीवन सजिलो बनाउन सक्छन्। यसबाहेक सीले अमेरिकी बजारमा थप चिनियाँ लगानीको मार्गप्रशस्त गर्न सक्छन् र युक्रेनमा युद्धविराम हासिल गर्न सक्रिय समर्थन दिन सक्छन्। तर, यस्ता रचनात्मक कदमले मात्र ट्रम्प र उनका प्रशासनका उग्र समर्थकलाई सन्तुष्ट पार्नेछैनन्। विशेषतः उनीहरू चीनको उन्नति अमेरिकाका लागि हानिकारक मान्छन्। ट्रम्पको चीनमाथि दबाब बढाउने दृढ संकल्प र यसको डगमगाउँदै गरेको अर्थतन्त्रले चीनका नेतालाई विपरीत दिशातर्फ धकेल्नेछ।

यसबाहेक दुई अप्रत्यासित कारकले यस वर्ष अमेरिका-चीन सम्बन्धलाई प्रभाव पार्न सक्छन्, जसमा ट्रम्प आफैँ र उनका नयाँ सल्लाहकार इलोन मस्क पर्न सक्छन्। ट्रम्पले सीसँग राम्रो व्यक्तिगत सम्बन्ध बनाउन प्रयास गर्न सक्छन् र मस्कका चीनमा थुप्रै व्यापारिक चासो भएकाले सीलाई एक उपयोगी मध्यस्थ बनाउनेछन्। तर, अमेरिका र चीनलाई अलग गर्ने शक्ति यी सम्भावनाभन्दा धेरै बलिया छन्।

सम्बन्धका सन्दर्भमा आउने सम्भावित तनावलाई विश्वले महसुस गर्नेछ। अधिकांश देशले नयाँ शीतयुद्धमा चासो राख्दैनन् र तिनले यसलाई निकट भविष्यमा असम्भाव्य बनाउनेछन्। तर, प्रमुख अमेरिकी साझेदार र व्यापारिक सहकारी अर्थात् जापान, दक्षिण कोरिया, मेक्सिको र युरोपियन युनियन सुरक्षासम्बन्धी क्षेत्रमा पक्ष छान्न बाध्य हुन सक्छन्, तर यसका लागि यी मुलुकले अर्थतन्त्रमा ठुलो मूल्य चुकाउनुपर्नेछ। चाहे चीन होस् वा अमेरिका, दुवै सन् २०२५ मा महँगो टकराव चाहँदैनन्, तर दुवैतर्फका प्रारम्भिक संकेतले बढ्दो संघर्षलाई टार्न झनै गाह्रो हुँदै गएको छ भन्ने देखाउँछ।

(ब्रेमर युरेसिया ग्रुप र जिजिरोका संस्थापक एवं अध्यक्ष हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

युक्रेन युद्धमा मारिने सेनाको वास्तविक संख्या कति ?

रुसले यस साता पूर्वी युक्रेनको प्रचुर स्रोत-साधनयुक्त सहर कुराखोभ कब्जा गरेको दाबी गऱ्यो । दुवै देशका सेना आआफ्ना अडानका साथ करिब तीन वर्षदेखि आक्रमण र प्रत्याक्रमणमा बढिरहेका वेला रुसको सो दाबी आयो । युक्रेनले रुसको कुर्स्कमा नयाँ आक्रमण सुरु गरे पनि त्यहाँका बासिन्दालाई स्तब्ध पार्दै मस्कोका सेनाले पूर्वीयुक्रेनमा केही फाइदा प्राप्त गरेको छ । रुसको अथक आक्रमणको सामना गर्दै जनशक्ति संघर्षको सामना गर्ने युक्रेनी सेनाको मनोबलमा अराजक युद्धले असर गरिरहेको देखिन्छ ।

युद्धमा मारिएका आश्चर्यजनक नयाँ संख्याले दोस्रो विश्वयुद्धपछि युरोपको सबैभन्दा ठुलो द्वन्द्वमा युद्धले दुवै पक्षमा थोपरेको लागतमा तीव्र वृद्धिलाई औंल्याइरहेका छन् । रुसले सन् २०२४ मा मौरिससभन्दा दोब्बर युक्रेनी क्षेत्र कब्जा गरेको विज्ञहरूले बताएका छन् । तर, यो प्रक्रियामा दुवै देशले कति सैनिक गुमाए ?



● सारा समिम

समिम पाकिस्तानमा बसेर पत्रकारिता गर्छिन्

रुसले कति युक्रेनी क्षेत्र कब्जा गऱ्यो ?

वासिंटन डिसीस्थित इन्स्टिच्युट फर द स्टडी अफ वार (आएसडब्लु)ले संकलन गरेको तथ्यांकअनुसार रुसी सेनाले २०२४ मा युक्रेनी भूमिको चार हजार १६८ वर्गकिलोमिटर (एक हजार ६०९ वर्गमाइल) कब्जा गरेको थियो । त्यो हिन्द महासागरको राष्ट्र मौरिससको दोब्बर र न्युयोर्क सहरको क्षेत्रफलको पाँच गुणा हो ।

> युक्रेनका कमान्डर-इन-चिफ कर्णेल जनरल ओलेक्सान्डर सिर्स्कीका अनुसार सन् २०२४ को डिसेम्बर ३० सम्म चार लाख २७ हजार रुसी सेना युक्रेन युद्धमा मारिए वा घाइते भए । जनवरी २ मा युक्रेनको रक्षा मन्त्रालयबाट प्रकाशित विज्ञप्तिमा रुसतर्फ गत वर्ष चार लाख ३० हजार ७९० सैनिकलाई क्षति भएको उल्लेख छ ।

आइएसडब्लुका अनुसार कुर्स्कमा युक्रेनबाट फिर्ता भएको क्षेत्रबाहेक सन् २०२४ मा रुसी क्षेत्रीय लाभमा धेरै हदसम्म युक्रेनी क्षेत्र र साना बस्ती पर्छन् । थप रूपमा रुसले अभदिभका, सेलिडोभ, भुहेल्डर, कुराकहोभलगायत क्षेत्र कब्जा गरिसकेको छ ।

रुसले कति सैनिक गुमायो, युक्रेनको के भनाइ छ ?

युक्रेनका कमान्डर-इन-चिफ कर्णेल जनरल ओलेक्सान्डर सिर्स्कीका अनुसार सन् २०२४ को डिसेम्बर ३० सम्म चार लाख २७ हजार रुसी सेना युक्रेन युद्धमा मारिए वा घाइते भए । जनवरी २ मा प्रकाशित एक विज्ञप्तिमा युक्रेनको रक्षा मन्त्रालयले रुसतर्फ गत वर्ष ४ लाख ३० हजार ७९० सैनिकलाई क्षति भएको उल्लेख छ ।

हालैको संख्यामा गणना गर्दा सन् २०२४ मा रुसी क्षति प्रतिदिन औसतमा ११ सय ८० हो र प्रति वर्गकिलोमिटर क्षेत्र कब्जा गर्दा झन्डै १०३ जनामा क्षति हुन आउँछ । युक्रेनका अनुसार रुसको घाटा वर्षको अन्त्यतिर बढेको छ । रक्षा मन्त्रालयले नोभेम्बरमा ४५ हजार ७२० र डिसेम्बरमा ४८ हजार ६७० नोक्सानी भएको जनाएको छ । यो प्रस्ट छैन कि यीमध्ये कति रुसी सेना मारिए र कति घाइते भए वा युद्ध मैदानबाट हटे ।

मृत्युको संख्या पुष्टि गर्न किन गाह्रो ?

मृत्युको संख्या पुष्टि गर्न कठिनाइ छ, किनभने ती संख्याले दुवै पक्षका लागि अपार प्रचार मूल्य राख्छन् । 'दुवै पक्षबाट युद्धबारे विविध विवरण आएका छन् । दुवै पक्षले आफ्नो सफलतालाई मैदानमा देखाउन र अर्को पक्षलाई कमजोर पार्न संख्या प्रयोग गर्छन् । यी विवरण युद्धका हिस्सा हुन्,' इग्नाटोभले अल जजिरालाई भने ।

२०२२ को फेब्रुअरीमा युद्ध सुरु भएदेखि ४३ हजार युक्रेनी सैनिकको युद्धभूमिमा मृत्यु भएको डिसेम्बर ८ मा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले एक टेलिग्राम पोस्टमा घोषणा गरे । अन्तिमपटक फेब्रुअरीमा उनले युद्धमा मारिने युक्रेनीको मृत्युको संख्या घोषणा गरेका थिए । उनले ३१ हजार युक्रेनी सेना मारिएको बताए । यसको मतलब सन् २०२४ मा लगभग १० महिनाको अवधिमा १२ हजार युक्रेनी सेनाको युद्धभूमिमा मृत्यु भएको थियो ।

रुस र युक्रेन दुवैले युद्धमा हराएका सेनाको संख्याबारे नियमित रूपमा तथ्यांक प्रकाशित गरेका छन् । 'तर, उनीहरू अर्को पक्षलाई आफ्नो सैन्य कारबाही कत्तिको प्रभावकारी छन् भन्ने जानाकारी दिन हिच्किचाउँछन्,' किंग्स कलेज लन्डनको युद्ध अध्ययन विभागकी अनुसन्धानकर्ता मारिना मिरोनल भन्छिन् । उनका अनुसार यदि सरकारले आधिकारिक रूपमा सेनालाई मृतकको रूपमा स्वीकार नगरेको अवस्थामा मृतकका परिवारलाई क्षतिपूर्ति तिर्न पर्दैन ।

१० वर्षसम्म चलेको सोभियत-अफगान युद्धमा सोभियत सेनातर्फ लगभग १५ हजार हताहत भएका थिए । २० वर्षसम्म चलेको भियतनाम युद्धका क्रममा अमेरिकी सेनाले ५८ हजार २२० सैनिक गुमाएको थियो ।



रुसी ग्यास बन्द भएपछि ट्रान्सनिस्ट्रियाका लगभग सबै उद्योग बन्द

युक्रेनले आफ्नो भूमि हुँदै युरोप जाने ग्यास आपूर्ति बन्द गरेपछि रुसनिकट ट्रान्सनिस्ट्रिया सबैभन्दा बढी प्रभावित भएको छ । मोल्डोभाबाट एकतर्फी रूपमा अलग भएको घोषणा गरेको ट्रान्सनिस्ट्रिया क्षेत्रमा रुसी ग्यास आपूर्ति बन्द भएपछि खाद्य उद्योगबाहेक सबै कलकारखान बन्द भएका छन् । सन् १९९० को दशकमा सोभियत संघको पतन भएपछि मोल्डोभाबाट अलग भएको यो भेगमा ४५ लाख मानिस बसोवास गर्छन् । मुख्य रूपमा रुसीभाषी बस्ने क्षेत्र गत बुधबारदेखि युक्रेन हुँदै युरोप जाने रुसी ग्यास आपूर्ति कटौती भएपछि सबैभन्दा बढी प्रभावित भएको छ ।

'खाद्य उत्पादन गर्ने कम्पनीबाहेक सबै उद्योग बन्द भएका छन्,' ट्रान्सनिस्ट्रियाका प्रथम उपप्रधानमन्त्री सर्गेई ओबोलोनिकले स्थानीय समाचार च्यानललाई भने । युक्रेनले रुसले आफूमाथि करिब तीन वर्षदेखि आक्रमण गरेको भए पनि उसको भूमि हुँदै युरोप जाने रुसी ग्यास आपूर्तिमा अवरोध पुऱ्याएको थिएन । युक्रेनले उसको भूमिमा रुसी ग्यास पाइप राख्न दिएबापत बर्सेनि एक अर्ब डलर कमाउँदै आएको थियो । तर, वर्षको प्रारम्भबाट पाइपलाइनसम्बन्धी पाँचवर्षे सम्झौता अन्त्य भएसँगै रुसले सम्झौता नवीकरण गर्न अस्वीकार गऱ्यो ।

स्लोभाकिया र अस्ट्रियाजस्ता युरोपका सबैभन्दा ठुला रुसी ग्यास खरिदकर्ताले वैकल्पिक आपूर्ति सुरक्षित गरेर कटौतीको तयारी गरेका थिए । तर, मस्कोसँग नजिकको सम्बन्ध रहेको र अत्यधिक रूपमा रुसमाथि आश्रित ट्रान्सनिस्ट्रियासँग अन्य विकल्प थिएन । सो भेगमा अझै एक हजार ५०० रुसी सेना तैनाथ छन् । बुधबारदेखि स्थानीय ऊर्जा कम्पनीले घरघरमा जोडिएको ताप ऊर्जा र तातोपानी कटौती गऱ्यो । सरकारले परिवारलाई एउटै कोठामा भेला भएर झ्याल, पर्दा वा कम्बलले छोपेर र इलेक्ट्रिक हिटर प्रयोग गरेर न्यानोमा बस्न आग्रह गरेको छ ।

रुसले ट्रान्सनिस्ट्रियामा प्रतिवर्ष करिब दुई अर्ब क्युबिक मिटर ग्यास दिँदै आएको थियो । ट्रान्सनिस्ट्रियाले रुससँग भएको मौन सम्झौताअनुरूप धेरै वर्षदेखि रुसी ग्यास कम्पनी ग्याजप्रोमलाई ग्यासको मूल्य तिरेको छैन । उता मस्कोले युक्रेनमाथि पूर्णस्तरको आक्रमण गरेयता युरोपले रुसमाथि ऊर्जा निर्भरता घटाएको छ । युरोपेली मुलुकले नर्वेली ग्यास पाइप र अमेरिका तथा कतारबाट ल्याइएका तरलीकृत प्राकृतिक ग्यासलगायत स्रोतबाट आयात बढाएको छ । रुसले भने यी कदमले युरोपेली मुलुकहरुनै बढी घाटा पर्ने बताएको छ । उसका अनुसार युरोप अहिले महंगो अमेरिकी इन्धनमा आश्रित हुँदै गइरहेको छ ।

इतिहासमा आज

जनवरी १०



सन् १९६६ : भारत र पाकिस्तानबिच १९६५ को दुई देशबिचको युद्ध अन्त्य गर्ने घोषणापत्रमा हस्ताक्षर भयो । उज्वेकिस्तानको राजधानी तासकन्तमा भएको सम्झौतामा भारतका तर्फबाट प्रधानमन्त्री लालबहादुर शास्त्री र पाकिस्तानतर्फबाट राष्ट्रपति मोहम्मद अयुब खानले हस्ताक्षर गरेका थिए ।

सन् १७७६ : अमेरिका स्वतन्त्रताको पक्षमा लेखक थोमस पाइनलले तयार पारेको प्याम्प्लेट 'कमन सेन्स' प्रकाशित भयो । बेलायतभित्र थप अधिकारसहित बस्ने वा पूर्ण स्वतन्त्रताको मुद्दामा अलमलिरहेका स्वतन्त्र सेनानीलाई यसले स्वतन्त्रताको पक्षमा लाम्न बलियो आधार प्रदान गऱ्यो ।

सन् १८७० : जोन डी. रकफेलर र उनका भाइ विलियमले ओहायोमा 'स्ट्यान्डर्ड तेल कम्पनी' गठन गरे, जुन पछि गएर विश्वकै ठुलो कम्पनी बन्यो र रकफेलर विश्वको पहिलो डलर अर्बपति बने ।

सन् १८६३ : लन्डनमा बनेको विश्वको पहिलो भूमिगत रेलमार्गको प्याडिडटन र फ्यरिडडनबिचको खण्ड सञ्चालनमा आयो ।

सन् १८७८ : अमेरिकी सिनेटले महिलाहरूको मताधिकारमाथि लागू संवैधानिक प्रतिबन्ध खारेज गर्ने संशोधन प्रस्ताव गऱ्यो । यो यस्तो खालको संशोधनको माग गरिएको पहिलो प्रस्ताव थियो ।

सन् १९१४ : चीनका तत्कालीन राष्ट्रपति युआन सिह-काईले संसद् भंग गरे । उनले आफैंलाई बादशाह घोषणा गर्ने तयारीमा उक्त कदम चालेका थिए ।

सन् १९२० : पहिलो विश्वयुद्ध अन्त्य गर्न भएको भर्साइल सन्धि कार्यान्वयनमा आएसँगै 'लिग अफ नेसन' गठन भयो ।

सन् १९२८ : सोभियत नेता स्टालिनले आफ्ना प्रतिद्वन्द्वी लियोन ट्राटस्कीलाई देशनिकाला गर्ने निर्णय गरे, सुरुमा अल्मा अटामा आन्तरिक निर्वासित भएका ट्राटस्की एक वर्षपछि टर्की गए ।

सन् १९७२ : बंगलादेश स्वतन्त्र भएपछि पाकिस्तानी जेलमा रहेका शेख मुजिबुर रहमान लन्डन हुँदै ढाका ल्याइए ।

सन् १९८४ : अमेरिकाले ११७ वर्षपछि भ्याटिकनसँग पूर्ण कूटनीति सम्बन्ध पुनर्स्थापित गऱ्यो ।

सन् १९८५ : पूर्ववामपन्थी विद्रोही समूह स्यान्डानिस्टाका नेता डेनियल ओरटेगाले पहिलो कार्यकालका लागि निकारागुआका राष्ट्रपतिको शपथ लिए ।

क्रेमलिनद्वारा विमान दुर्घटनाको जिम्मेवारी लिन अस्वीकार

मस्को/ अजरबैजानले गत महिना भएको विमान दुर्घटनाको जिम्मेवारी स्विकार्न रुसलाई पटक-पटक भने पनि बिहीबार क्रेमलिनले अजरबैजानी विमानलाई खसालेको अस्वीकार गरेको छ । अजरबैजानका राष्ट्रपति इल्हाम अलियेभले डिसेम्बर २५ मा कजाकिस्तानको आकाशबाट खसेको अजरबैजान एयरलाइन्सको विमान रुसी 'जमिनबाट' हानिएको गोलीले दुर्घटनाग्रस्त भएको दाबी गरेका छन् । दुर्घटनामा ३८ जनाको मृत्यु भएको थियो ।

रुसले त्यस समयमा उसको हवाई सुरक्षा प्रणाली युक्रेनी ड्रोन रोक्न सक्रिय रहेको दाबी गरे पनि विमान पनि तिनै प्रणालीको सिकार भएको खण्डन गर्दै आएको छ । रुसनजिक रहेका अजरबैजानी राष्ट्रपति अलियेभले यसै हप्ता रुसले 'अपराधबोध' गर्नुपर्ने दोहोऱ्याएका थिए । त्यसै उनले रुसमाथि दुर्घटनाको वास्तविक कारण 'लुकाएको' आरोप पनि लगाए । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले बिहीबार दुर्घटनाको कारणबारे निष्पक्ष जाँचले मात्र वास्तविकता बाहिर ल्याउने बताउँदै जाँचबुझ आयोगको नतिजा प्रतीक्षा गरिरहेको बताए । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले दुर्घटनापछि अलियेभलाई दुईपटक फोन गरेर रुसी हवाई क्षेत्रमा भएको यस घटनाका लागि माफी मागेको क्रेमलिनले सार्वजनिक गरेको छ । अजरबैजानले दुर्घटनाग्रस्त विमान प्वालले भरिएको र यसको अनुसन्धानको प्रारम्भिक नतिजाले यसलाई रुसी हवाई सुरक्षा मिसाइलले खसालेको देखाएको छ ।

ट्रम्पले कार्यभार सम्हाल्नुअघि युक्रेनका सहयोगी राष्ट्रहरूको रक्षा बैठक

बर्लिन/ पश्चिमी सहयोगी र युक्रेनी अधिकारीहरू राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसहित बिहीबार जर्मनीको एक अमेरिकी आधार शिविरमा भेला भएका छन् । यसलाई अमेरिकामा रिपब्लिकन नेता डोनाल्ड ट्रम्पले राष्ट्रपतिको शपथअघिको उत्तर एट्लान्टिक सन्धि संगठन (नेटो) सदस्यहरूको अन्तिम बैठकका रूपमा हेरिएको छ । रामस्टिन एयर बेसमा हुने २५औं वार्तामा अमेरिकी रक्षामन्त्री लोयड अस्टिन पनि सहभागी हुनेछन् । जर्मनीका रक्षामन्त्री बोरिस पिस्टोरियससँगै युक्रेनरक्षा सम्पर्क समूहको बैठकमा नेटोका महासचिव मार्क रुट र युरोपेली संघका विदेश नीति प्रमुख काजा कल्लास पनि सहभागी हुने अपेक्षा छ । करिब तीन वर्ष लामो युद्धमा संलग्न रुसी र युक्रेनी सेनाले जनवरी २० मा ट्रम्पको शपथग्रहणअघि नै आ-आफ्नो स्थान सुरक्षित गर्न खोजिरहेका छन् । किभका लागि अमेरिकी सैन्य सहायताको आलोचना गर्दै आएका ट्रम्पले सत्तामा आएपछि युद्धको शीघ्र अन्त्य गर्ने वाचा गरेका छन् । तथापि, उनले युद्धविराम वा शान्ति सम्झौताका लागि कुनै ठोस प्रस्ताव पेस गरेका छैनन् । अमेरिका हालसम्म युक्रेनको सबैभन्दा ठुलो युद्धकालीन समर्थक रहँदै आएको छ । अमेरिकाले फेब्रुअरी २०२२ यता युक्रेनलाई ६५ अर्ब डलरभन्दा बढीको सैन्य सहायता प्रदान गरेको छ ।

लस एन्जलस डढेलो : पाँचजनाको मृत्यु, एक हजार ५०० भन्दा बढी घरमा क्षति

वासिंटन डिसी/ अमेरिकाको लस एन्जलसवरपर फैलिएको डढेलोमा परी कम्तीमा पाँचजनाको मृत्यु भएको अधिकारीहरूले बुधबार बताएका छन् । वनको डढेलो बस्तीतर्फ फैलिएपछि कम्तीमा एक हजार ५०० भन्दा बढी भवन जलेर नष्ट भएका छन् भने एक लाखभन्दा बढी मानिस विस्थापित भएका छन् । लस एन्जलस काउन्टीका अग्नि नियन्त्रक एन्थोनी मारोनले आफूमातहतका कर्मचारी विपत्तिको परिमाण र गतिसँग जुधिरहेको बताएका छन् । 'हामीले सक्दो प्रयास गरिरहेका छौं, तर हामीसँग लस एन्जेलसका सबै विभागमा यसलाई सम्हाल्न सक्ने गरी पर्याप्त अग्नि नियन्त्रक छैनन्,' मारोनले भने । पासाडेनाका अग्नि नियन्त्रक चाड अगस्टिनका अनुसार आगलागीका कारण ५०० भन्दा बढी भवन नष्ट भएका छन् । उनले आगलागी भीषण रहेकाले नियन्त्रणमा ल्याउन निकै कठिन भएको बताए । उता 'लस एन्जलस डिपार्टमेन्ट अफ वाटर एन्ड पावर'का प्रमुख कार्यकारी जेनिस क्विनोनेसले प्यासिफिक पालिसडेसमा पानीका स्रोत (हाइड्रेन्ट) सुकेपछि पानीको जथाभावी प्रयोग नगरी जोगाउन आग्रह गरेका छन् । अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले बुधबार आफ्नो सामाजिक सञ्जालमार्फत पानीको अभाव राज्यको वातावरणीय नीतिका कारण भएको दाबी गरेका छन् ।

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
काभ्रेपलाञ्चोक

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८१/०९/२६)

यस कार्यालयबाट मिति २०८१/०८/२१ को PPMO को E-Procurement Portal मा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित आयोजना, बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित र सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा ITB ३९.१ बमोजिम निजले पेश गरेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

S. N.	Name of Road	Lowest & Responsive Bidder	Bid Price (With VAT & PS) NRs.	Contract ID
1	Upgrading Works on Zero Kilo, Ram Mandir Chyan Danda Moter Road, Bhumlu RM -7	M/S Aayush Construction Kavre, Namobuddha-10, Kavre	41,96,464.32	IDOKAVRE/W/ NCB/21/081/82
2	Construction Works on Khardal Pauwa Hundai Patal Jane Bato Kalopatre, Namobuddha - 5, Kavre	M/S Konjyosom Builders, Namobuddha-9, Kavre	18,85,691.34	IDOKAVRE/W/ NCB/22/081/82
3	Upgrading Works on Mathurapati Fulbari Chokdekhi Kuldevatako Mandir Sadak, Namobuddha - 1, Kavrepalanchok	M/S Timal Kanpur Construction, Kanpur-2, Kavre	14,41,999.77	IDOKAVRE/W/ NCB/23/081/82
4	Upgrading Works on Baikalpik Sadak, Dodini Mulachaur Mulabari Road, Mandandeupur -8, Kavre	M/S D and s nirman sewa, Panchkhal -11, Kavrepalanchok	13,43,964.37	IDOKAVRE/W/ NCB/24/081/82
5	Upgrading Works on Darimtar Guragain 6 and Khatpathe Road, Mandandeupur 8 and Dametar Rimaltol Chhineko Pahiro Road, Mandandeupur - 8	M/S Gautam & Aarabh Construction Pvt. Ltd., Mandandeupur Municipality - 07, Kavrepalanchok	23,36,063.01	IDOKAVRE/W/ NCB/25/081/82
6	Upgrading Works on Thuldihi Banskharka Biskate Road, Mandandeupur -12, Kavrepalanchok	M/S Maskey Construction, Panchkhal Na. Pa. 09, Kavrepalanchok	12,86,942.59	IDOKAVRE/W/ NCB/26/081/82
7	Upgrading Works on Chhap Salbisauna Road, Mandandeupur - 12, Kavrepalanchok	M/S Maskey Construction, Panchkhal Na. Pa. 09, Kavrepalanchok	10,90,003.65	IDOKAVRE/W/ NCB/27/081/82
8	Upgrading Works on Setidevi Tolange Tol Road, Dhulikhel - 04	M/S Siddhartha Nirman Sewa, Roshi - 1, Kavre	11,87,941.88	IDOKAVRE/W/ NCB/28/081/82
9	Upgrading Works on B.P Rajmarg (Sitalbasti)-Thulitar-Tinpiple(Araniko Rajmarg) Road Dhulikhel-11 And B.P Rajmarg Sharada Batase Hudai Ite Jane Road, Dhulikhel-10.	M/S Siddhartha Nirman Sewa, Roshi - 1, Kavre	28,76,430.82	IDOKAVRE/W/ NCB/29/081/82
10	Construction Works on Khalanga Bahadurmoda Dandaghar Road, Bethanchok Rural Municipality - 02	M/S Januka Nirman Sewa, Panauti 10, Kavre	16,36,660.36	IDOKAVRE/W/ NCB/30/081/82

Office Chief, IDO, Kavre

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार २६ पुस ०८१

१ माघदेखि बैंकमा खाता खोल्न राष्ट्रिय परिचयपत्र अनिवार्य

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकले १ माघदेखि बैंक तथा वित्तीय संस्थामा खाता खोल्दा राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको छ। केन्द्रीय बैंकले बिहीबार निर्देशन जारी गर्दै बैंक तथा वित्तीय संस्थालाई अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्र वा नम्बरका आधारमा मात्रै खाता खोल्नुपर्ने व्यवस्था गरेको हो।

त्यस्तै, सामाजिक सुरक्षाअन्तर्गतको सरकारी भुक्तानी दिँदा सरकारी निकायले उपलब्ध गराएको विवरणका आधारमा मात्रै खाता खोल्नुपर्ने भएको छ। यसका लागि खाताबाट रकम झिक्नुअघि ग्राहकको पहिचान गर्नु अनिवार्य भएको निर्देशनमा भनिएको छ।

ग्राहकको पहिचान गर्दा पनि ग्राहकको नेपाली नागरिक वा राष्ट्रिय परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणका आधारमा गर्नुपर्ने उल्लेख छ।

त्यसबाहेक अब बैंक तथा वित्तीय संस्थाले ग्राहकले खाता खोल्दा उपलब्ध गराएको मोबाइल नम्बर सम्बन्धित व्यक्तिको भएको वा नभएको यकिन गर्ने प्रणाली अवलम्बन गर्नुपर्ने व्यवस्था गरिएको छ। अब अरूका नाममा दर्ता भएको मोबाइल नम्बरबाट बैंकिङ कारोबारमा कडाइ हुने भएको हो।

अब बैंक तथा वित्तीय संस्थाले उच्चपदस्थ व्यक्तिलाई पाँच प्रकारले पहिचान गर्नुपर्ने भएको छ। पदमा बहाल रहेका उच्चपदस्थ व्यक्ति, पदमा बहाल नरहेका, छिमेकी वा नजिकका विदेशी मुलुकका उच्चपदस्थ, अरू विदेशी मुलुकका र अन्तर्राष्ट्रिय संस्थाका उच्चपदस्थ व्यक्तिका रूपमा वर्गीकरण गर्नुपर्ने भएको छ। उच्चपदस्थ व्यक्तिको अभिलेख पदमुक्त भएको पाँच वर्षसम्म राख्नुपर्ने प्रावधानलाई बढाएर १० वर्ष कायम गरिएको छ। त्यस्तै, उच्चपदस्थ व्यक्तिका परिवार वा नजिकको सम्बन्ध भएका व्यक्ति भए नभएको यकिन गर्न आफूसँग ग्राहकबाट प्राप्त जानकारी वा संयन्त्रको प्रयोग गर्नुपर्ने उल्लेख छ।

ग्राहकको पहिचान गर्दा भ्रष्टाचार, कर छली, मानव बेचबिखन एवं जोखिमयुक्त कसुर र क्यासिनो वा इन्टरनेट क्यासिनो व्यवसायी, बहुमूल्य धातु व्यवसायी, घरजग्गा व्यवसायी तथा सहकारीको खाता भएका व्यक्तिहरूको कारोबारलाई प्राथमिकताका आधारमा अनुगमन गर्नुपर्ने केन्द्रीय बैंकको निर्देशनमा उल्लेख छ।

संघीय सरकार घाटामा, स्थानीय र प्रदेश सरकार बचतमा

तीनै तहको खर्च प्रतिबद्धता सवा नौ खर्बको, पौने १८ अर्ब भुक्तानी गर्न बाँकी, तर सञ्चित कोष भने एक खर्ब १७ अर्बले ऋणात्मक

कृष्ण रिजाल/नयाँ पत्रिका

आम्दानीभन्दा खर्च बढी हुँदा संघीय सरकारको सञ्चित कोष ऋणात्मक देखिएको छ। तर, खर्चभन्दा आम्दानी बढी हुँदा स्थानीय तह र प्रदेशका सञ्चित कोष भने बचतमा छन्।

महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष ०८०/८१ को 'संघ, प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय विवरण'ले उक्त आवमा संघीय सरकार घाटामा गएको तथा स्थानीय र प्रदेश सरकार भने बचतमा रहेको देखाएको हो।

आव ०८०/८१ मा संघीय सरकारको सञ्चित कोष दुई खर्ब २८ अर्ब ३५ करोड ७६ लाखले ऋणात्मक रहेको छ। तर, प्रदेश सञ्चित कोष ५० अर्ब ९० करोड ९८ लाख र स्थानीय सञ्चित कोष ६० अर्ब ५० करोड ८० लाख रुपैयाँले धनात्मक देखिएको हो। तीन तहका सरकारको समग्र सञ्चित कोष भने एक खर्ब १६ अर्ब ९३ करोड ९७ लाखले ऋणात्मक नै रहेको प्रतिवेदनले औंल्याएको छ। यो समग्र घाटा आव ०७९/८० को तुलनामा ७८ अर्ब ७३ करोड ४३ लाख रुपैयाँले बढी हो। उक्त आवमा समग्र सञ्चित कोष ३८ अर्ब २० करोड ५४ लाखले ऋणात्मक रहेको थियो। जसमा संघीय सञ्चित कोष एक खर्ब ८१ अर्ब २६ करोड ७३ लाखले ऋणात्मक हुँदा प्रदेश सञ्चित कोष ६४ अर्ब ४१ करोड ८६ लाख र स्थानीय सञ्चित कोष ७८ अर्ब ६४ करोड ४४ लाखले धनात्मक थिए।

■ कोष घाटामा, तर साढे नौ खर्ब दायित्व

तीनै तहका सरकारको समग्र सञ्चित कोष नोक्सानमा भए पनि आगामी दायित्व भने साढे नौ खर्ब देखिएको छ। तीनै तहको खर्च प्रतिबद्धता र भुक्तानी दिन बाँकी दायित्व कुल नौ खर्ब ४३ अर्ब २० करोड ४८ लाख रुपैयाँ रहेको छ।

सरकारले गत आर्थिक वर्षबाट खर्च प्रतिबद्धताको अभिलेख राख्न थालेको हो। आव ०८०/८१ को अन्त्यमा प्राप्त विवरणअनुसार संघीय र प्रदेश सरकारका बजेटरी निकायका खर्च प्रतिबद्धता रकम नौ खर्ब २४ अर्ब ४७ करोड ६८ लाख रहेको छ। यसमा स्थानीय तहको विवरण समावेश गरिएको छैन। निर्णय वा सम्झौताबमोजिम भविष्यमा भुक्तानी दिनुपर्ने रकम नै खर्च प्रतिबद्धता हो।

त्यस्तै, उक्त आवसम्ममा सरकारले भुक्तानी दिन बाँकी दायित्व रकम १८ अर्ब ७२ करोड ८० लाख रहेको छ। अघिल्लो आवमा यस्तो रकम आठ अर्ब ७४ लाख रहेको थियो।





■ राजस्वभन्दा झन्डै पाँच खर्ब बढी खर्च

आव ०८०/८१ मा तीनै तहका सरकारले राजस्व संकलन गरेभन्दा झन्डै पाँच खर्ब रुपैयाँ बढी खर्च गरेका छन्। कुल ११ खर्ब ४३ अर्ब १९ करोड ७८ लाख रुपैयाँ राजस्व उठाएका सरकारहरूले १६ खर्ब ४० अर्ब ७२ करोड २० लाख रुपैयाँ खर्च गरेका हुन्। यस आवमा संघीय सरकारले नौ खर्ब २९ अर्ब चार करोड ७७ लाख रुपैयाँ राजस्व संकलन गरेको छ। त्यस्तै, प्रदेशले ९३ अर्ब ६० करोड ७५ लाख र स्थानीय तहले एक खर्ब २० अर्ब ५४ करोड २६ लाख रुपैयाँ राजस्व संकलन गरेका हुन्। तीनै तहका सरकारले गरेको कुल खर्चमध्ये चालूतर्फ नौ खर्ब ४३ अर्ब १० करोड ३३ लाख, पुँजीगततर्फ चार खर्ब ६६ अर्ब ३७ करोड ८२ लाख र वित्तीय व्यवस्थातर्फ दुई खर्ब ७२ अर्ब ५० लाख रुपैयाँ खर्च गरेका हुन्। सरकारले उठाएको कुल राजस्वले चालू र वित्तीय व्यवस्था गरी अनिवार्य दायित्वसमेत पूर्ति गर्न सकेको देखिँदैन। यस्तो अनिवार्य दायित्व रहेको १२ खर्ब १५ अर्ब १० करोड ८३ लाख रुपैयाँ पूर्ति गर्ने राजस्वमा ७१ अर्ब ९१ करोड ५ लाख रुपैयाँ अपुग देखिन्छ। बाँकी भुक्तानी सरकारले ऋणबाट गरेको हो। यस अवधिमा तीनै तहका सरकारको कुल प्राप्ति १५ खर्ब ५१ अर्ब पाँच करोड ७० लाख र कुल भुक्तानी १६ खर्ब ४० अर्ब ७२ करोड २० लाख रहेको छ।

प्रतिबद्धता र सम्भावित दायित्व खर्चका लागि स्रोत बढाउनैपर्छ

● **ओमप्रसाद रिजाल**, उपमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय



सरकारको दायित्वको तुलनामा राजस्व संकलन न्यून छ। विगतका दायित्व छन्, चालू आयोजना तथा कार्यक्रमका दायित्व पनि छन्, नयाँ परियोजना पनि थपिन्छन्। प्रतिबद्धता खर्च दायित्व नै नौ खर्बभन्दा बढी छ। स्थानीय तहको समेत जोड्दा यो धेरै हुन सक्छ। यो रकम एकैपटक तिर्नुपर्ने त होइन, तर कुनै न कुनै दिन तिर्नैपर्छ। अहिले नै पनि सञ्चित कोष ऋणात्मक छ। प्रतिबद्धता र सम्भावित दायित्व खर्च पूर्तिका लागि स्रोत बढाउनैपर्छ। यसका लागि राजस्व वृद्धिको विकल्प छैन।

■ तीनै तहका सरकारले कहाँ गरे खर्च ?

महालेखा नियन्त्रक कार्यालयले तीनै तहका सरकारबाट भएको खर्चलाई 'सेवा तथा कार्यगत'रूपमा छुट्याएको छ। आवमा ०८०/८१ मा तिनै तहका सरकारले गैरबजेटरी र दोहोरो गणनाबाहेकको कुल १४ खर्ब नौ अर्ब तीन करोड ४७ लाख खर्च गरेका छन्। जसमध्ये सबैभन्दा बढी रकम आर्थिक मामिलाअन्तर्गत तीन खर्ब ६५ अर्ब ९७ करोड २७ लाख खर्च भएको छ। त्यस्तै, सामान्य सार्वजनिक सेवाअन्तर्गत दुई खर्ब ९२ अर्ब २३ करोड ६० लाख र शिक्षातर्फ एक खर्ब ९८ अर्ब ५६ करोड ९० लाख रुपैयाँ खर्च भएको छ। सामाजिक सुरक्षाअन्तर्गत एक खर्ब ९५ अर्ब ६५ करोड ८९ लाख खर्च भएको कार्यालयको तथ्यांक छ। त्यस्तै, स्वास्थ्यमा ९८ अर्ब ३८ करोड ८७ लाख, आवास तथा सामुदायिक सुविधातर्फ ९८ अर्ब १४ करोड ८० लाख, सार्वजनिक शान्ति सुरक्षातर्फ ७५ अर्ब ३८ करोड ५९ लाख, रक्षामा ५८ अर्ब ६१ करोड ३१ लाख, मनोरञ्जन संस्कृति तथा धर्ममा १४ अर्ब ४४ करोड ३७ लाख र वातावरण संरक्षणमा ११ अर्ब ६१ करोड ८२ लाख रुपैयाँ खर्च भएको हो।

कम्पनी ऐन, २०६३ को दफा ७५(३) को प्रयोजनका निमित्त प्रकाशित सूचना

मिति २०८१ साल मंसिर २७ गते, बिहिबार (तदनुसार १२ डिसेम्बर २०२४) का दिन राष्ट्रिय सभा गृह, प्रदर्शनीमार्ग, काठमाडौंमा सम्पन्न नबिल बैंक लिमिटेडको ४०औं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माईन्यूट) बैंकको वेबसाइट (website) www.nabilbank.com मा प्रकाशित गरिएको व्यहोरा समस्त शेयरधनी महानुभावहरूको जानकारीका लागि अनुरोध गर्दै शेयरधनी महानुभावहरूले उक्त माईन्यूट बैंकको वेबसाइटमा गएर हेर्न तथा प्राप्त गर्न सक्नुहुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७८७१

गैह बैंकिङ्ग सम्पत्ति बिक्रीको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी ७ दिने सूचना

(प्रकाशित मिति : २०८१/०९/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा संस्थाको कर्जा असुली विनियमावलीले दिएको अधिकार प्रयोग गरी यस संस्थाको नाममा दर्ता स्वामित्व रहेको तपसिलमा उल्लेखित गैह्र बैंकिङ्ग अचल सम्पत्ति जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि बिक्री गर्नुपर्ने भएकोले इच्छुक सर्वसाधरणबाट अचल सम्पत्ति के-कति रकममा बोल-कबोल गर्ने हो सो रकम समेत खोली यस सूचना प्रकाशित मितिले ७ दिन भित्र यस संस्थाको प्रधान कार्यालय, कमलादी काठमाडौंमा शिलबन्दी बोलपत्र पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्ति (घर/जग्गा/सवारी साधन) को विवरणः

क्र.सं.	जिल्ला	न.पा./ गा.वि.स	वडा नं.	कि.नं.	क्षेत्रफल
१	काठमाण्डौ	धापासी	३	२५	१५९.०० वर्गमिटरको जग्गा र सो मा बनेको घर समेत
२	काठमाण्डौ	का.म.न.पा.	२२	६२१, ६२२	०-०-३-१ को जग्गा र सो मा बनेको घर समेत
३	काभ्रे	नासीका स्थान साँगा	४क	२६६९	११९.२२ वर्गमिटरको जग्गा र सो मा बनेको घर समेत
४	काठमाण्डौ	का.म.न.पा	१०	१८७	०-६-२-० को जग्गा र सो मा बनेको घर समेत

लिलाम बिक्रीका मुख्य शर्तहरु :

१) बोलपत्र आवेदन फारम मिति २०८१/०९/२६ गते देखि संस्थाको प्रधान कार्यालयबाट रु.१०००/- तिरी प्राप्त गर्न सकिनेछ।
२) बोलपत्रदाताले बोलपत्र आवेदन साथ धरौटी स्वरुप आफुले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम बराबरको अन्य बैंक तथा वित्तीय संस्थाले यस संस्थाको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) वा यस संस्थाको नाममा खिचिएको बैंक तथा वित्तीय संस्थाको Good for Payment Cheque संलग्न गर्नु पर्नेछ। यसमा कुनै व्याज गणना हुने छैन।
३) बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ। बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था, फर्म, कम्पनी भएमा अख्तियारनामा सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि समेत आवेदन साथ पेश गर्नुपर्नेछ।
४) शिलबन्दी बोलपत्र फारम मिति २०८१/१०/०३ गते भित्र यस संस्थाको प्रधान कार्यालय कमलादीमा दर्ता गराई सक्नु पर्नेछ। म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखी आएका आवेदनहरु उपर कुनै कारबाही गरिने छैन।

(लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा साथै शिलबन्दी खोलिने मिति, समय र स्थान यस संस्थाको वेबसाइट www.bestfinance.com.np मा समेत रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ)।

BFC BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

प्रधान कार्यालयः
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन : ०१-४५४२४६१/६२/६३

Invitation for Bids

Proposal for supply of Calendar 2082

First Date of Published January 10, 2025

Citizens Bank International Ltd. (hereafter referred as the Bank) invites sealed "Qualify and Bid" from registered Nepalese contractors for the supply of Calendar under the terms and conditions outlined below:

1. Scope of Job
   - I)Supply of Calendar
2. A complete set of Bid documents may be purchased during office time hours from General Service Department of the Bank at Head Office, Narayanhiti Path Kathmandu upon payment of 1,000.00(Nepalese Rupees One Thousand Only), nonrefundable; latest by 11.00hours, January 23, 2025 No joint venture (JV) is allowed.
3. Sealed tender should be submitted to Head Office of the Bank latest by 17.00hours, January 23,2025 Sealed Bids will be opened at 11.00hours, January 24,2025 at Head Office, of the Bank at Narayanhiti Path, Kathmandu in presence of respective bidders (or in presence of authorized representative of the bidders). However, non -presence of the bidders or its representative will not affect or change the pre-scheduled bid opening date for opening of the Bids.
4. If the last date of Purchasing, submission and opening falls on a public holiday, immediate next working day shall be considered the last day for respective jobs.
5. Bidder must have supplied Calendar at least one Nepali Commercial Bank .
6. All other information is mentioned in the bid documents
   The Bank, at its sole direction, reserves all the rights to accept or reject the Bids received from the bidders, wholly or partly any or all the bid without assigning reason whatsoever.

Citizens Bank

General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti path, Kathmandu, Nepal
Telephone : +977-01-4527842,+977-01-4527843
Fax 977-01-4527044, Email: gsd@ctznbank.com

www.ctznbank.com

वायुसेवा निगम सुधार गर्न संसदीय उपसमिति गठन

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण शीघ्र अगाडि बढाउन अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको निर्देशन

नयाँ पत्रिका

अक्षम व्यवस्थापनका कारण दिन-प्रतिदिन धराशायी बन्दै गइरहेको नेपाल वायुसेवा निगम (नेवानि) सुधारका लागि संसदीय समिति गठन गरिएको छ। प्रतिनिधिसभा अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बिहीबारको बैठकले शिशिर खनालको नेतृत्वमा चार सदस्यीय 'नेपाल वायुसेवा निगम अध्ययन उपसमिति' गठन गर्ने निर्णय गरेको हो।

उपसमितिमा छिरिङ ल्हामु लामा (तामाङ), योगेश गौचन 'थकाली' र सुनीता बराल सदस्य छन्। समितिका सभापति राजकिशोर यादवले निगममा देखिएका समस्या र सुधारका उपायहरू अध्ययन गरी सुझावसहितको प्रतिवेदन एक महिनाभित्र बुझाउन उपसमितिलाई निर्देशन दिएका छन्। निगमको व्यावसायिक योजनालाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याई सोको प्रगति समय-समयमा समितिमा पेस गर्न पनि निर्देशन दिइएको छ।

दिन-प्रतिदिन थलिँदै गइरहेको निगमलाई सुधार गर्न विगतमा पनि थुप्रै समिति, आयोग, कार्यदललगायत गठन हुँदै आएका छन्। पछिल्लो समय पूर्वगभर्नर डा. दीपेन्द्रबहादुर क्षेत्रीको अध्यक्षतामा निगमको संरचनागत एवं व्यवस्थापकीय अध्ययन तथा सिफारिस समिति गठन भएको थियो। तर, अहिलेसम्म अध्ययन प्रतिवेदन कार्यान्वयनतर्फ कसैले चासो देखाएको देखिँदैन।

समितिको बिहीबारको छलफलमा संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले विमान सञ्चालन र व्यवस्थापनमा कमजोरी रहेकै कारण निगम घाटामा गएको बताए। 'वायुसेवा निगमलाई सुधार नगरी विश्राम लिँदैनौं भन्ने सन्देश दिन आवश्यक छ, त्यसका लागि समितिलगायत सरोकारवाला निकायले ध्यान दिनुपर्छ,' उनले भने, 'निगमले समयमै विमान उड्छन् भन्ने सन्देश दिएमा पहाडी विमानस्थलमा समेत यात्रुको कमी हुँदैन।'

गत मंगलबारको बैठकमा निगमको सुधारका लागि अनुभवी कम्पनीलाई म्यानेजमेन्ट कन्ट्राक्टमा भित्र्याउन सत्तारुढ दल एमाले र कांग्रेस एकमत देखिएका थिए। एमाले सांसद भीम आचार्यले व्यवस्थाकीय क्षमता कमजोर हुँदा नेपाल एयरलाइन्समा समस्या आएको भन्दै म्यानेजमेन्ट कन्ट्राक्ट उपयुक्त विकल्प भएको बताए। कांग्रेस सांसद एनपी साउदले पनि निजी क्षेत्रलाई व्यवस्थापनको जिम्मा दिनु उपयुक्त हुने बताए। सांसद योगेश गौचनले निगममा एकातिर जहाज ग्राउन्ड गरेर आर्थिक भार थपिएको र अर्कोतिर मर्मतका नाममा व्यापक भ्रष्टाचार भएको भन्दै विस्तृत छानबिनको माग गरेका थिए।

समितिले बारामा निर्माणाधीन निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्यलाई शीघ्र अगाडि बढाउन निर्देशन दिएको छ। अहिले निजगढ निर्माण कार्य अन्योलमा छ। समितिले निजगढ विमानस्थल निर्माण अगाडि बढाउन सरकारलाई निर्देशन दिने निर्णय गरेको हो।

■ 'ऊर्जा विकास मार्गचित्र, २०८१' सार्वजनिक

सबैभन्दा धेरै लगानी विदेशमा भएका नेपालीबाट जुटाइने

नयाँ पत्रिका

'ऊर्जा विकास मार्गचित्र, २०८१' को लक्ष्य पूरा गर्न विदेशमा रहेका नेपालीबाट सबैभन्दा धेरै लगानी जुटाउने खाका बनाइएको छ। मार्गचित्रमार्फत सन् २०३५ सम्म साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने र त्यसका लागि आवश्यक पर्ने पूर्वाधार बनाउन ४६ अर्ब ५० करोड डलर लागत अनुमान गरिएको छ। यसका लागि सबैभन्दा धेरै लगानी विदेशमा रहेका नेपालीबाट जुटाउने खाका प्रस्तुत गरिएको छ।

१६ पुसमा मन्त्रिपरिषद्बाट स्वीकृत मार्गचित्रलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बिहीबार सार्वजनिक गरेको हो। त्यसमा वैदेशिक रोजगारमा रहेका नेपाली र गैरआवासीय नेपालीबाट १२ अर्ब डलर अर्थात् १६ खर्ब ५२ (बिहीबारको विनिमय दरअनुसार) रुपैयाँ लगानी जुटाउने बताइएको छ।

> सरकारलाई ८८ अर्ब राजस्व, आयोजनाको आम्दानी ३९ खर्ब, विद्युत् प्राधिकरणलाई २६ खर्ब नाफा

त्यसपछि धेरै लगानी नेपाली निजी क्षेत्रबाट उठाउने मार्गचित्रमा उल्लेख छ। निजी क्षेत्र र बैंकबाट १० अर्ब डलर अर्थात् १३ खर्ब ७६ अर्ब ६० करोड रुपैयाँ उठाउने लक्ष्य लिएको छ। विदेशी लगानी, ऋण तथा अनुदानबाट आठ अर्ब ५० करोड डलर लगानी भित्र्याउने लक्ष्य छ। यसैगरी, नेपाल विद्युत् प्राधिकरणबाट आठ अर्ब डलर, नेपाल सरकारबाट ६ अर्ब डलर र क्लाइमेन्ट फाइनान्सिङबाट दुई अर्ब लगानी जुटाउने लक्ष्य लिएको छ।

मार्गचित्रमार्फत वर्ष २०३५ सम्म नेपालको विद्युत्जडित क्षमता २८ हजार पाँच सय मेगावाट पुऱ्याउने लक्ष्य लिइएको छ। त्यसमा १५ हजार मेगावाट निर्यात गर्ने र साढे १३ हजार नेपालमै खपत गर्ने लक्ष्य लिएको छ। त्यसमा भारतमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य तोकिएको छ। त्यसका लागि ०८० पुसमै भारतसँग सम्झौता भने भइसकेको छ। बाँकी पाँच हजार मेगावाटमा अधिकांश विद्युत् बंगलादेश र चीनमा निर्यात गर्ने लक्ष्य छ। बंगलादेशमा पनि ४० मेगावाट विद्युत् निर्यात सुरु भइसकेको छ।

मार्गचित्रमार्फत २०३५ सम्म प्रतिव्यक्ति विद्युत् खपत १५ सय युनिट पुऱ्याउने लक्ष्य लिइएको छ। हाल नेपालको प्रतिव्यक्ति खपत प्रतिवर्ष ४१० युनिट रहेको छ। त्यो अवस्थामा अबको ११ वर्षमा सोबराबरको प्रतिव्यक्ति विद्युत् खपत पुग्ने बताइएको छ।

सरकारले यसअघि ०४९ र ०५८ मा पनि ऊर्जा विकास नीति ल्याएको थियो। पछिल्लोपटक ०७५ मा ऊर्जा श्वेतपत्र जारी गर्दै रणनीति पनि बनाएर १० वर्ष अर्थात् ०८५ सम्म १५ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको थियो। तर, त्यसको कार्यान्वयन हुन नसकेपछि सरकारले पुनः ऊर्जा विकाससम्बन्धी नयाँ मार्गचित्र बनाएको छ। प्रतिवेदनअनुसार काम भएमा सरकारले विद्युत् आयोजनाबाट ८८ अर्ब रुपैयाँ राजस्व प्राप्ति गर्नेछ। विद्युत् उत्पादकहरूले भने ३९ खर्ब रुपैयाँ आम्दानी गर्नेछन्। यसैगरी विद्युत् खरिद-बिक्रीबापत नेपाल विद्युत् प्राधिकरणलाई २६ खर्ब रुपैयाँसम्म फाइदा हुनेछ।

दैलेखमा पेट्रोल खोज्दा ग्यास भण्डारण भेटियो

अन्य दुई स्थानका भण्डारणको खोजी गरिदिन आग्रह

दैलेखमा **विष्णु शर्मा**

दैलेखको जलजलेमा सुरु गरिएको पेट्रोलियम पदार्थ र प्राकृतिक ग्यास अन्वेषणको कार्य सकिएको छ। २८ वैशाख ०८१ बाट सुरु गरिएको ड्रिलिङको काम चार हजार १३ मिटर गहिराइमा पुग्दा ग्यासको भण्डार भेटिएपछि ड्रिलिङको काम सम्पन्न भएको हो।

नेपालमा अहिलेसम्म गरिएका अन्वेषणहरूमध्ये सबैभन्दा राम्रो नतिजा प्राप्त भएको खानी तथा भूगर्भ विभागका गणेशनाथ त्रिपाठीले बताए। नेपालमा पनि ग्यास र पेट्रोलियम पदार्थको भण्डारण हुन सक्ने सबैभन्दा बलियो प्रमाण भेटिनुले नेपालको समृद्धिको आधारस्तम्भ दैलेख हुन सक्ने आशा गरिएको उनको भनाइ छ। यसलाई थप अध्ययनका लागि ड्रिलिङका वेला संकलन गरिएका नमुनाहरू थप परीक्षणका लागि चीन पठाउने र त्यहाँबाट प्राप्त प्रतिवेदनका आधारमा थप प्रक्रिया अघि बढ्ने खानी तथा भूगर्भ विभागका प्रकाश लुइँटेलले जानकारी दिए।

भण्डारण पत्ता लागेपछि आर्थिक विश्लेषण गरेर उत्पादनका लागि थप काम कसरी अगाडि बढाउन सकिन्छ भनेर विभागले अन्वेषण टोलीलाई पत्र पठाइसकेको छ। करिब तीन महिनासम्म



स्पष्ट खाकासहितको प्रतिवेदन चीन सरकारको टोलीले नेपाल सरकारलाई दिएपछि अर्को प्रक्रिया सुरु हुने खानी तथा भूगर्भ विभागका दिनेश नेपालीले जानकारी दिएका छन्।

पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन गर्न चीनसँग ०७२ सालमा सहमति भएसँगै चीन सरकारको दुई अर्ब ४० करोडको आर्थिक तथा प्राविधिक सहयोगमा अन्वेषणको सुरु गरेको थियो। आर्थिक समृद्धिको बाटोमा देशलाई अगाडि बढाउन गरिएको प्रयासले सार्थकता पाएपछि जिल्लावासी खुसी भएको दैलेख उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष नरेन्द्र थापाले बताए। तत्कालीन प्रधानमन्त्री केपी ओलीका पालामा सम्झौता भएको परियोजना अहिले ओली प्रधानमन्त्री भएकै समयमा सम्पन्न भएको छ। ग्यासको नमुना भेटिएसँगै देशको आर्थिक अवस्था सुधारको एउटा चरण सुरु हुने आशा देखिएको नारायण नगरपालिका दैलेखका प्रमुख लोमन शर्माले बताए।

ग्यास भण्डार भेटिएसँगै दोस्रो चरणको काम सकिएको छ। तेस्रो चरणमा कति रकम खर्च लाग्छ र त्यसको व्यावसायिक उत्पादन योग्य छ-छैन, प्रतिवेदन चीन सरकारले नेपाललाई बुझाएपछि थप प्रक्रिया अगाडि बढ्नेछ। तीनदेखि चार महिना अझै लाग्ने देखिएको र अब बेल टेस्टिङको काम अगाडि बढाउनुपर्ने अधिकारीहरूको भनाइ छ। दैलेख सदरमुकामको नारायण नगरपालिका, दुल्लु नगरपालिका र भैरवी गाउँपालिकाको संगमस्थल शिरस्थाननजिकै जलजले क्षेत्रमा पेट्रोलियम पदार्थको अन्वेषणका लागि ४५ रोपनी जग्गा सरकारले अतिक्रमण गरेर अन्वेषणको काम सुरु भएको थियो।

जिसिएफबाट मान्यता पाउने पहिलो वाणिज्य बैंक बन्यो नेपाल इन्भेष्टमेन्ट मेगा बैंक

काठमाडौं/ नेपाल इन्भेष्टमेन्ट मेगा बैंक निजी क्षेत्रको संस्था एवं हरित जलवायु कोष (जिसिएफ)बाट मान्यता प्राप्त गर्ने नेपालको पहिलो वाणिज्य बैंक बनेको छ। मध्यम आकारको वर्गमा मान्यता पाएसँगै बैंक पाँच करोडदेखि अढाई अर्ब डलरसम्मका परियोजना व्यवस्थापन गर्न सक्षम बनेको छ। यो प्राप्तिले जलवायु वित्तमा नेपालको निजी क्षेत्रको महत्त्वपूर्ण प्रगतिलाई दर्साउने बताइएको छ। जिसिएफ जलवायु कार्यका लागि विश्वको सबैभन्दा ठुलो कोष हो।

यो कोषले जलवायु परिवर्तनसँग लड्न अन्तर्राष्ट्रिय समुदायले तोकेका लक्ष्य प्राप्त गर्न र विकासोन्मुख देशलाई उनीहरूको योगदान उठान र महसुस गर्न समर्थन गर्न विश्वव्यापी प्रयासमा महत्त्वाकांक्षी योगदान पुऱ्याउँछ।

'जिसिएफद्वारा मान्यता प्राप्त गर्न पाउँदा खुसी छौं,' बैंकका सिइओ ज्योतिप्रकाश पाण्डेले भने, 'नवीन र परिवर्तनकारी जलवायु परिवर्तन योजना कार्यान्वयन गर्ने हाम्रो उद्देश्यलाई अगाडि बढाउन यो अवसरले सहयोग पुऱ्याउनेछ।'

एनएमबि बैंकको २९औं वार्षिक साधारणसभा

काठमाडौं/ एनएमबि बैंकको २९औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। बैंक सञ्चालक समितिका अध्यक्ष, सञ्चालक र सेयरधनी महानुभावलगायतको उपस्थितिमा बिहीबार, त्रिभुवन आर्मी अफिसर्स क्लब, टुँडिखेलमा, साधारणसभा सम्पन्न भएको छ।

बैंकको सञ्चालक समितिका अध्यक्ष मनोजकुमार गोयलको सभापतित्वमा उक्त साधारणसभामा सेयरधनीहरूले आआफ्नो विचार राखेका थिए।

बैंकको ०८१ असारसम्ममा खुद नाफा दुई अर्ब २४ करोड, निक्षेप २२७.१० अर्ब र कर्जा २०४.६१ अर्ब रुपैयाँ रहेको छ। बैंकले हाल देशभरि दुई सय एक शाखा, एक सय ८७ एटिएम र ११ एक्सटेन्सन काउन्टरमार्फत बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

विश्वकै लामो र अग्लो 'मेगाट्रोल'को सफल परीक्षण

काठमाडौं/ साहसिक पर्यटनका लागि प्रमुख गन्तव्य बन्दै गएको कुश्मास्थित 'द क्लिफ'मा विश्वकै लामो र अग्लो मेगाट्रोल सञ्चालनमा आउने भएको छ। दुई सय ५५ मिटर अग्लो मेगाट्रोलको लम्बाइ १२ सय २८ मिटर छ।

मेगाट्रोलमा एकैपटकमा तीनजनासम्म खेल्न सकिन्छ। एक्लै वा जोडीसँगै पनि खेल्न सकिने द क्लिफका अध्यक्ष राजु कार्कीले बताए। उनका अनुसार मेगाट्रोलको गति प्रतिघण्टा एक सय ४० किलोमिटरको हुनेछ। उनले भने, 'द क्लिफले विश्वकै दोस्रो अग्लो बन्जीजम्प, स्विङ, स्काई साइक्लिङलगायत साहसिक पर्यटकीय गतिविधिका साथै सुविधासम्पन्न रिसोर्टको सुविधा उपलब्ध गराइरहेको छ, अब पर्यटकलाई मेगाट्रोल पनि उपलब्ध गराउन लागेको हो।'

मेगाट्रोल पनि साहसिक गतिविधिमै पर्छ। यसले जिपलाइन र रोलरकोस्टरको ब्लेन्डेड अनुभव दिने कार्कीको भनाइ छ। एक वर्षअघि निर्माण सुरु गरिएको मेगाट्रोल करिब दुई सातामा सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ। अहिले परीक्षण भइरहेको उनको भनाइ छ।

'कालीगण्डकी नदीको मनोरम दृश्य हेर्दै यसको अनुभव लिन सकिन्छ, यहाँ आउने पर्यटकका लागि थप सुविधा उपलब्ध गराउन पाएकोमा निकै खुसी लागेको छ,' कार्कीले भने।

भावपूर्ण श्रद्धाञ्जली

जन्म: वि.सं. १९५५



स्वर्गारोहण: वि.सं. २०८१/०९/१५

स्व. लिलामाया श्रेष्ठ

यस महासंघका साधारण सदस्य निर्माण व्यवसायी संघ सिन्धुलीका अध्यक्ष श्री तुलसीराम श्रेष्ठज्यूकी ममतामयी माता लिलामाया श्रेष्ठको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं ।

रवि सिंह
अध्यक्ष,
एवं
नेपाल निर्माण व्यवसायी महासंघ परिवार
अनामनगर, काठमाडौं

हार्दिक समवेदना



जन्म वि.सं. २०१०/४/३१

स्वर्गारोहण वि.सं. २०८१/५/१४

स्व. आशाकाजी महर्जन

हाम्रा सहकर्मी अष्टबीर महर्जनका पुजनिय पिता आशाकाजी महर्जनको असामयिक निधन भएकोमा हामी मर्माहत भएका छौं । यस दुःखद घडीमा स्वर्गीय बुबाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नयाँ पत्रिका
परिवार

हार्दिक श्रद्धाञ्जली



जन्म वि.सं. २०५२/०९/२१ गते

स्वर्गारोहण वि.सं. २०८१/०९/१४ गते

स्व. विमल नाथ योगी

लक्ष्मी सनराइज बैंक लिमिटेडमा कार्यरत हाम्रा कर्तव्यनिष्ठ कर्मचारी विमल नाथ योगीको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत बनाएको छ। हामी स्व. योगीको आत्माको चिरशान्तिको कामना गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति समवेदना व्यक्त गर्दै धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनी भगवानसँग प्रार्थना गर्दछौं।

लक्ष्मी सनराइज बैंक परिवार

लक्ष्मी सनराइज बैंक

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५२ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पुर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
७)	**१) ऋणी कम्पनी: प्रिन्स ह्याचिङ्ग एण्ड पोल्ट्री प्रा.लि.**, संचालक तथा जमानीकर्ताहरु: रुपेश महतो, अंजित कुमार चौधरी, मधु सुदन उप्रेती दर्ता नं.: कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं. २९३००७/७८/०७९, दर्ता मिति: २०७९/०३/१२, ठेगाना: जिल्ला चितवन, राप्ती न.पा. वडा नं. ८
	जमानीकर्ताहरु: १) रुपेश महतो २) अंजित कुमार चौधरी ३) मधु सुदन उप्रेती
	२) ऋणी: रुपेश महतो ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४, बाबु : फेकन महतो, बाजे: जदु महतो
	जमानीकर्ताहरु: १) सोमिन्दर भन्ने सुमित्रा देवी कोइरीनी २) अंजित कुमार चौधरी ३) मधु सुदन उप्रेती
	धितोको विवरण: १) जदु महतोको नाति, फेकन महतोको छोरा, महोत्तरी जिल्ला, बर्दिवास न.पा. वडा नं. १४ बस्ने रुपेश महतोको नाममा मालपोत कार्यालय बर्दिवास, महोत्तरीको लगातमा दर्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं., बहादुरगंज गा.वि.स. वडा नं. १७ (हाल बर्दिवास न.पा. वडा नं. १७) स्थित कित्ता नं. ९०२ र ९०३ को क्षेत्रफल क्रमश: ०-०-१३-० र ०-१-६-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । २) प्रिन्स ह्याचिङ्ग एण्ड पोल्ट्री प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । — बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	३) ऋणी: मधु सुदन उप्रेती स्थायी ठेगाना : चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ८, हालको ठेगाना : काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. ३२ बाबु: विष्णु प्रसाद उप्रेती, बाजे : प्रेम प्रसाद उप्रेती
	जमानीकर्ताहरु: १) भावना सुवेदी २) विष्णु प्रसाद उप्रेती ३) सिता देवी उप्रेती
	धितोको विवरण: रुद्र प्रसादको नाती, प्रेम प्रसादको छोरा चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ११ बस्ने विष्णु प्रसाद उप्रेतीको नाममा मालपोत कार्यालय खैरहनी, चितवनको लगातमा दर्ता कायम रहेको चितवन जिल्ला, कठार गा.वि.स. वडा नं. ६क (हाल खैरहनी न.पा. वडा नं. ११) स्थित कित्ता नं. १३७९ को क्षेत्रफल ३०४३.५० (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । — बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	४) ऋणी: सोमिन्दर भन्ने सुमित्रा देवी कोइरीनी स्थायी ठेगाना : महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स. वडा नं. ६, हालको ठेगाना : पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. २१ बाबु : राम प्रकाश महतो, ससुरा : जदु महतो, पति : फेकन महतो
	जमानीकर्ता: रुपेश महतो
	धितोको विवरण: राम प्रकाश महतोकी छोरी, जदु महतोकी बुहारी, फेकन महतोकी पत्नी, महोत्तरी जिल्ला, बर्दिवास गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, विरगंज म.न.पा. वडा नं. २१ बस्ने सोमिन्दर भन्ने सुमित्रा देवी कोइरीनीको नाममा भुमिसुधार तथा मालपोत कार्यालय पर्सा, बिरगंजको लगातमा दर्ता कायम रहेको पर्सा जिल्ला, लिपनीवितां गा.वि.स. वडा नं. १ (हाल वीरगंज म.न.पा. वडा नं. २१) स्थित कित्ता नं. १०१ को क्षेत्रफल १६३.७५ (वर्ग मिटर) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगालगापात समेत । — बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

नोट: ऋणी तथा प्रोप्राईटर/अध्यक्ष बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/अध्यक्षको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्या(लय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमा(नतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

धितोमा रहेको अचल सम्पति लिलाम बिक्रि गर्ने सम्बन्धि ३५ दिने सूचना

प्रकाशित मिति : २०८१/०९/२६

यस रिभरसिटि सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका विभिन्न समयमा व्यवसायीक कर्जा उपभोग गरेका तपसिल वमोजिमका ऋणीहरुलाई कर्जा चुक्ता गर्ने बारेमा यस संस्थाबाट बारम्बार मौखिक एवं लिखित रुपमा अनुरोध तथा ताकेता गर्दा समेत कुनै वास्ता नगरी ऋण दायित्व फछौंट गर्ने तर्फ तदारुकता नदेखाएको, संस्थाले कर्जा चुक्ता गर्न समय समयमा पत्राचार गर्दा पत्र बुझेर पनि कर्जा बुझाउने तर्फ बेवास्ता गरि बसेको, संस्थामा समेत सहभागी भई ऋणी तथा ऋणीको घर परिवारसँग छलफल गर्दा कर्जा चुक्ता गर्छु भनी संस्थालाई लेखिदिएको निवेदन, प्रतिवद्धताहरु पुरा नभएको र ऋणीको कर्जा चुक्ता गर्ने मनसाय समेत नदेखिएको हुनाले यो अविलम्ब कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र यस सहकारीलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य रकम एकमुष्ठ बुझाउन सूचित गरिन्छ। उपरोक्त अनुसारको म्याद भित्र बक्यौता रहेको सम्पुर्ण लेना रकम चुक्ता भुक्तानी नगरेमा यस सूचना प्रकाशित भएको मितिले ३६ औं दिनमा ऋणीले यस सहकारीलाई लेखिदिएको तपशिल वमोजिमको धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गरिनेछ। कदमकदाचित यो धितोबाट सम्पुर्ण रकम असुल उपर हुन नसकेमा, असुल उपर हुन बाँकी रकम निजको एकासंगोल परिवारको नाममा रहेको अन्य चलअचल सम्पत्तिबाट असुल उपर गरिनेछ साथै ऋण लिदा व्यक्तिगत जमानी दिनेको नाममा रहेको वा निजको एकासंगोल परिवारको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट असुल उपर गरिनेछ। यस सहकारी संस्थाको कर्जा असुली निति तथा प्रचलित कानून वमोजिम लिलाम बिक्री गरी वा अन्य कानूनी प्रकृया अवलम्बन गरि संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

साथै यो सूचना वमोजिम यस संस्थामा रहेको चल अचल सम्पत्ति सकार गरि लिन इच्छुक व्यक्ति तथा संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन अर्थात मिति २०८१/११/०२ गते दिनको ४:०० बजे सम्म कार्यालयको समय भित्र संस्थाको कार्यालयमा आई पुग्ने गरी निम्न सर्तहरुको अधिनमा रहि यो गोप्य सिलबन्दी बोलपत्र पेश गर्न हुन आह्वान गरिन्छ। बोलपत्र प्राप्त भएको ३७ औं दिन अर्थात २०८१/११/०३ गते दिनको ३:०० बजे संस्थाको कार्यालयमा खोलिने हुदां बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन यसै सूचना द्वारा जानकारी गराइन्छ। यो सूचना वमोजिम अचल सम्पत्ति लिलाम विक्रीहुन नसकेमा संस्थाको अनुकुल समयमा संस्था आफैले सम्बन्धित ऋणीलाई पूर्व सूचना नदिईकन पनि संस्थाकै नाममा सकार गरी लिन सकिने व्यहोरा पनि सूचित गरिन्छ।

तपशिल

क्र.स.	ऋणीको नाम थर	बाबुको नाम थर	बाजेको नाम थर	कर्जा शिर्षक	धितोको विवरण
१	सिह बहादुर तामाङ	दल बहादुर तामाङ	छोइं तामाङ	व्यापार	१.कमल मेटल ग्रील उद्योग प्रा.लि पान नं ६००७०८६०१, ल.न.पा. वडा नं ४, धोबिघाट, ललितपुर २. उदयपुर जिल्ला, बसाहा गा. वि.स, बडा नं ३ (क) कित्तानं ९५, क्षेत्रफल १-०-१९.२५-०

१. बोलपत्र फाराममा आफुले बोल कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
२. बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण सहकारी संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्ने छ।
३. बोलपत्रको खाम बाहिर समेत कर्जा शिर्षक र नम्बर उल्लेख गर्नु पर्नेछ।
४. लिलाम बिक्रि हुने धितो सुरक्षणको जग्गा हेर्न चाहेका वा लिलाम बिक्रि हुने सम्पत्ति वापत ऋणीले तिर्न बुझाउन बाँकी रकम बारे जानकारी लिन चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सहकारी संस्थामा सम्पर्क राखि जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बुझ्न वा निरिक्षण गर्न सकिनेछ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम संस्थामा बुझाई अचल सम्पत्ति आफ्नो नाममा दा.खा. नामसारी गरि लिनु पर्नेछ।
६. बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेख रकम वा सर्तमा कुनै हेरफेर हुने छैन।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत गर्ने सम्बन्धि सम्पूर्ण अधिकार सहकारी संस्थामा नै निहित रहनेछ।
९. बोलपत्र सदर बदर हुन अगावै ऋणीले संस्थाको लेना रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ।

RIVERCITY SAVING AND CREDIT CO-OPERATIVE LTD.
रिभरसिटि सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.
वसन्तपुर, काठमाण्डौं, फोन नं.४२२६१२९

Janaki Rural Municipality
Office of Rural Municipal Executive
Durgauli, Kailali
Sudurpaschim Province, Nepal

Invitation for Bid

Date of Publication :- 10th January 2025

1. **Janaki Rural Municipality, Office of The Rural Municipal Executive, Durgauli, Kailali** invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

S. N.	Contract Identification Number	Name Of Project and Location	Estimated Amount (Without VAT) NRs.	Bid Security Amount NRs.	Cost of Bid Document NRs.
1.	NCB/JRM/W/ 17/2081/82	Construction of School building at Bhirkuri secondary school	75,02,355.01	2,18,000	3000

2. Eligible Bidders may obtain further information at **Janaki Rural Municipality, Office of The Rural Municipal Executive, Durgauli, Kailali or Telephone NO.: +977 091-500077,** or may visit PPMO e-GP System **www.bolpatra.gov.np/egp.**
3. Please visit **www.janakimunkailali.gov.np** for more details.

Chief Administrative Officer

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
शुक्रबार २६ पुस ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

जय ट्रफी एलिट कप

कुशलको अलराउन्ड प्रदर्शनमा पुलिसको जित

दोस्रो खेलमा नेपाल पुलिस क्लबले पहिलो जित निकाल्दा त्रिभुवन आर्मी र बागमती प्रदेशले पुनः अंक बाँडे

वीरगन्जमा तिवारी यादव
जनकपुरमा हदिश खुद्दार



तस्बिर सौजन्य : क्यान

कुशल भुर्तेलको अलराउन्ड प्रदर्शनसँगै नेपाल पुलिस क्लबले जय ट्रफी पुरुष दुईदिवसीय एलिट कपमा पहिलो जित निकालेको छ। दोस्रो खेलमा पहिलो जित निकाल्ने क्रममा पुलिसले मधेश प्रदेशविरुद्ध एक इनिङ्स र ३५ रनको सानदार जित निकाल्यो। बिहीबार नारायणी रंगशालामा पुलिसका बलर हाबी भएपछि मधेशको ब्याटिङ चल्नै सकेन। फलतः पुलिस इनिङ्ससहित विजयी भयो। प्लेयर अफ दी म्याच कुशल भुर्तेलले ६३ रन बनाउनुका साथै सात विकेट हात पारेका छन्।

पहिलो खेलको पहिलो इनिङ्समा डकआउट भएका भुर्तेलले दोस्रो खेलमा अर्धशतक बनाएका हुन्। खराब लयपछि आलोचना खेपिरहेका भुर्तेलले १४ खेलपछि अर्धशतक बनाएका थिए। दुई खेल चार इनिङ्ससँगै भुर्तेल प्रतियोगितामा सर्वाधिक विकेटकर्ताको शीर्ष स्थानमा छन्। पुलिसका भुर्तेलसँगै पुलिसकै ललितनारायण राजवंशी र आर्मीका शाहब आलमले समान १२ विकेट हात पारे। तीनै खेलाडी स्पिनर हुन्। ब्याटिङतर्फ मधेशका १८ वर्षीय खेलाडीले चार इनिङ्समा सर्वाधिक २०८ रन बनाएका छन्। उनी प्रतियोगितामा २०० रन कटाउने एक्ला खेलाडी हुन्।

दोस्रो खेल सम्पन्न भएसँगै पुलिस ४० अंकसहित तालिकाको शीर्ष स्थानमा छ। लगातार दोस्रो बराबरी खेलेको आर्मी ३० अंकका दोस्रो स्थानमा छ। बागमती २८ अंकसहित तेस्रो र २१ अंक रहेको मधेश पहिलो हारसँगै पुछारमा छ।

पुलिसका बलर हाबी

राष्ट्रिय टोलीका अधिकांश खेलाडी समावेश गरेको पुलिसले मधेशविरुद्ध सानदार प्रदर्शन गऱ्यो। पहिलो दिन सानदार ब्याटिङ गरेको पुलिसले दोस्रो दिन बलिङ पनि उस्तै गऱ्यो। स्पिनर चम्किएपछि मधेश प्रदेश ९४ रनमै अलआउट भयो। त्यसैले पुलिसले आफ्नो दोस्रो इनिङ्स ब्याटिङ गर्न नै परे। बिहीबार नारायणी रंगशालामा भएको खेलमा पुलिसका स्पिनर भुर्तेल र ललितका साथै तीव्र गतिका बलर गुल्सन झाले मधेशको धमाधम विकेट चट्काएका थिए। खेलको दोस्रो इनिङ्समा बलिङमा पुलिसका स्पिनर भुर्तेल एक्लैले पाँच विकेट लिए। उनले मात्र ४.२ ओभरमा ५ विकेट लिएपछि मधेशको ब्याटिङ क्रम ध्वस्त भएको थियो। गुल्सनले तीन विकेट लिए भने ललित राजवंशीले दुई विकेट लिन सफल भए।

चलेन मधेशको ब्याटिङ

मधेशका विशाल पटेलले २७ र मयन यादवले २२ रन बनाए। अन्य ब्याटरले दोहोरो अंकमा रन नै बनाउन सकेनन्। खेलको दोस्रो दिन पुलिसले चार विकेटको क्षतिमा २५८ रन बनाएर पहिलो इनिङ्स समाप्तिको घोषणा गऱ्यो। मधेश पहिलो दिन १२९ रनमै अलआउट भएको थियो। पुलिसले पहिलो इनिङ्समै १२९ रनको अग्रता बनाएको हो। पहिलो इनिङ्समा पुलिसका लागि भुर्तेलले ६३ रन बनाएका थिए। दिलीप नाथले ४०, अमृत श्रेष्ठले ३५, कप्तान आरिफ शेखले अविजित ४० र शंकर रानाले नटआउट ३१ रन बनाए। बलिङमा मधेशका हरिशंकर साहले दुई विकेट लिए।

टस जितेको पुलिसले फिल्डिङ रोजेपछि पहिले ब्याटिङ गरेको मधेश प्रदेश पहिलो इनिङ्समा १२९ रनमा समेटिएको छ। मधेसले लन्च ब्रेकसम्म २९.१ ओभरमा चार विकेटको क्षतिमा ९९ रन बनाएको थियो। यस्तै, थप ३० रन जोड्दा ६ विकेट गुमायो। मधेशका मयन यादवले सर्वाधिक ५९ रन बनाउँदा नीरज यादवले २ ९ रन बनाए। अभिषेक तिवारीको १७ रन बनाए। पुलिसका गुल्सन झाले १३ ओरभरमा ४० रन दिएर पाँच विकेट लिए। कुशल भुर्तेलले दुई विकेट लिए भने श्रवण यादव र ललित राजवंशीले एक-एक विकेट लिएका छन्। मयनले बागमतीविरूद्धको अघिल्लो खेलमा शतक प्रहार गरेका थिए।

बागमती र आर्मीको बराबरी

बलियो लक्ष्य दिए पनि विकेट लिन नसक्दा आर्मीले बागमतीसँग अंक बाँडेको छ। जनकपुरस्थित रामजानकी मैदानमा बिहीबार आर्मीले प्रस्तुत गरेको २०४ रनको लक्ष्य पछ्याएको बागमतीले दोस्रो तथा अन्तिम दिनको खेल सकिँदा पाँच विकेट गुमाएर ८५ रन मात्रै जोड्यो। यसपछि दुवै टोलीले अंक बाँडेका हुन्।

बागमतीका लागि शुभ कंसाकारले ३३, रित गौतमले १६ र नन्दन यादवले १३ रन बनाए। आर्मीका लागि आकाश चन्द र पवन कार्कीले समान दुई तथा कुशल मल्लले एक विकेट लिए। आर्मीले आठ विकेट गुमाउँदै १२७ को स्थितिमा दोस्रो इनिङ्स समाप्तिको घोषणा गरेको थियो। त्यसपछि बागमतीले २०४ रनको लक्ष्य प्राप्त गरेको हो। आर्मीका लागि तृतराज दासले २८, कप्तान विनोद भण्डारीले २७, कुशल मल्लले अविजित २१ र इमरान शेखले १५ रन बनाए। बागमतीका लागि चन्दन यादवले चार, प्रतिश जिसीले तीन रिजन ढकालले एक विकेट लिए।

त्यसअघि टस हारेर ब्याटिङ गरेको आर्मीले पहिलो इनिङ्सको निर्धारित ६० ओभरमा पाँच विकेट गुमाउँदै २७६ रन बनाएको थियो। बागमतीले ९ विकेट गुमाउँदा २०० रन बनाएपछि इनिङ्स समाप्तिको घोषणा गऱ्यो। यससँगै खेलमा आर्मीले ७६ रनको अग्रता लिएको थियो। अब, लिग चरणको अन्तिम खेलमा आर्मीले मधेश तथा बागमती प्रदेशले पुलिसको सामना गर्नेछन्।

सेतो जर्सी लगाएर खेल्दा रमाइलो भएको छ



कुशल भुर्तेल, खेलाडी
नेपाल पुलिस क्लब

पहिला के भयो त्यो जय ट्रफीमा सोचेको छैन। विगतलाई बिर्सेर नयाँ खेल खेल्छु भन्ने थियो। टिमका लागि यो प्रदर्शन गर्न पाउँदा खुसी छु। अझै राम्रो हुनेमा विश्वस्त छु। ओपनरका रूपमा निकै चुनौती छ। पहिलोपटक दुईदिवसीय क्रिकेट खेलिरहेको छु। यो सेतो जर्सी लगाएर खेल्न निकै उत्साहित थिएँ। रमाइलो भएको छ। यसरी क्रिकेट राम्रो हुँदै जाने हो।

खेलाडीमा धैर्य भएन



सुनील साह, प्रशिक्षक, मधेश प्रदेश

पुलिस क्लबमा राष्ट्रिय टिमका खेलाडी बढी छन्। उनीहरूले उत्कृष्ट प्रदर्शन गरेपछि हामी पराजित भयौं। पुलिसका खेलाडी नियमित प्रशिक्षणमा छन्। त्यसैले अनुभव पनि प्रयोग गरे। मधेशका खेलाडीको अभ्यास उनीहरूको जस्तो पनि छैन। जसका कारण हाम्रो खेलाडी धैर्य बन्न सकेनन्। मनोबल पनि कमजोर भयो। अगामी दिनमा खेल्दा सबै खेलाडी सचेत भएर खेल्ने विश्वास छ।

खेल संक्षेप

१० नवनियुक्त सदस्यले लिए शपथ

मकवानपुर/ बागमती प्रदेश खेलकुद विकास परिषद्मा मनोनीत १० सदस्यले बिहीबार पद तथा गोपनीयताको शपथ लिएका छन्। नवनियुक्त सदस्यलाई युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जन र प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामाको उपस्थितिमा सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीले शपथ गराएकी हुन्। १० मंसिरमा बसेको बागमती प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले दुई महिलासहित चारजनालाई परिषद्को सदस्यमा नियुक्त गर्ने निर्णय गरेको थियो। सदस्यमा ललितपुरका रवि महर्जन, मकवानपुरका संगीत श्रेष्ठ, चितवनकी नवीना खनियाँ र रामेछापकी कल्पना खड्का नियुक्त भएका थिए। बाँकी ६ जना सदस्यको मनोनयन भने गत मंगलबारको मन्त्रिस्तरीय निर्णयअनुसार गरिएको हो। सामाजिक विकासमन्त्री खड्गीले सत्तासाझेदार दल एमाले र कांग्रेसबाट तीन-तीनजना गरी ६ सदस्य नियुक्त गरेकी हुन्। मनोनीत सदस्यहरू सविन भट्टाचार्य, राजन धिताल, दीपा क्षेत्री, अमृत लुइ्वा, अञ्जना शिवाकोटी र गोविन्दलाल श्रेष्ठसहित १० सदस्यले बिहीबार शपथ लिएका हुन्।

स्ट्रिट डिफेन्समा चार देश

काठमाडौं/ नेपाल जितकुन्डो मार्सल आर्टस् संघको आयोजनामा प्रथम दक्षिण एसियाली स्ट्रिट डिफेन्स प्रतियोगिता शनिबारदेखि हुने भएको छ। प्रतियोगितामा नेपाल, भारत, बंगलादेश र श्रीलंकाबाट ७० खेलाडीको सहभागिता रहने बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोजक संघका अध्यक्ष रामबहादुर ठकुरीले जानकारी गराए। पुरुषमा पाँच र महिलामा दुई गरी सात स्पर्धामा प्रतिस्पर्धा हुनेछ। पुरुषमा ५५ केजीमुनि, ६० केजीमुनि, ६५ केजीमुनि, ७० केजीमुनि र ७० केजीमाथि तौल समूहमा खेल हुनेछ। महिलामा ५५ केजीमुनि र ५५ केजीमाथि तौल समूहमा भिडन्त हुनेछ। कुल पुरस्कार राशि तीन लाख ५० हजार रुपैयाँ रहेको छ। प्रत्येक स्पर्धाको कुल पुरस्कार राशि ५० हजार रुपैयाँ रहेको छ। दक्षिण एसियाली स्ट्रिट डिफेन्स नेपालमै पहिलोपटक हुन लागेको हो।

मच्छिन्द्रको लगातार दोस्रो जित

काठमाडौं/ मच्छिन्द्र फुटबल क्लबले एन्फा यू- १६ युथ लिगमा दोस्रो जित निकालेको छ। बिहीबार दोस्रो जित निकाल्ने क्रममा मच्छिन्द्रले एफसी खुमलटारलाई २-० ले हरायो। लगातार दोस्रो जितसँगै दुई खेलमा ६ अंक जोडेको मच्छिन्द्र शीर्ष स्थानमा उक्लिएको छ। दुवै खेलमा पराजित खुमलटार अंकविहीन छ। पहिलो खेलमा मच्छिन्द्रले हिमालयन शेर्पा क्लबलाई ५-० ले पराजित गरेको थियो। सातदोबाटोस्थित एन्फा मुख्यालयमा मच्छिन्द्रलाई जित दिलाउन हिमाल थिङ र सौगातकुमार बम्जनले गोल गरे। खेलको ८२औं मिनेटमा हिमालको गोलमार्फत मच्छिन्द्रले अग्रता लिएको थियो। दुई मिनेटपछि नै सौगातले गोल गर्दै टोलीको जित पक्का गरे। अर्को खेलमा संकटा क्लब र फ्रेन्ड्स क्लबले बराबरी खेल्दै अंक बाँडेका छन्।

चाबहिल क्वार्टरफाइनलमा

काठमाडौं/ चाबहिल भेट्रान दोस्रो ललितपुर मेयर कप भेट्रान फुटबल प्रतियोगितामा क्वार्टरफाइनलमा प्रवेश गरेको छ। जावलाखेल मैदानमा बिहीबार चाबहिलले साबिक विजेता कुपन्डोल ४० प्लस भेट्रानलाई ३-० ले पराजित गऱ्यो। चाबहिलका अजब श्रेष्ठले दुई तथा राजनलाल नेपालीले एक गोल गरेका थिए। श्री कुसुन्ती युवा क्लब र ललितपुर महानगरपालिका वडा नं. १३ द्वारा संयुक्त रूपमा आयोजित प्रतियोगितामा थर्ड आई क्लब, आइयुएफसी र आयोजक कुसुन्ती 'बी' पनि क्वार्टरफाइनलमा पुगे। थर्ड आईले आयोजक कुसुन्ती 'ए'लाई १-० ले हरायो। थर्ड आईका विश्व बैरागीले निर्णायक गोल गरे। आइयुएफसीले बिआर ब्रदर्सलाई ४-१ ले पाखा लगायो। कुसुन्ती 'बी'ले बुढानीलकण्ठ भेट्रानलाई २-१ गोलले पन्छायो। क्वार्टरफाइनल पुग्ने बाँकी चार टिमको टुंगो शुक्रबार लाग्नेछ।

१७ खेलकुद संघलाई सातदिने सोधियो स्पष्टीकरण



कास्कीमा रोहितराज पराजुली

गण्डकी प्रदेश खेलकुद परिषद्ले समयमा साधारणसभा र नवीकरण नगर्ने र प्रतिवेदन नबुझाउने १७ वटा संघको दर्ता खारेज प्रक्रिया सुरु गरेको छ। गण्डकी परिषद्मा दर्ता भएका ५० खेल संघमध्ये २० पुससम्म साधारणसभा नगर्ने, नवीकरण नगर्ने र प्रतिवेदन नबुझाउने १७ खेल संघको दर्ता खारेजी प्रक्रिया सुरु गरेको सदस्यसचिव श्रीधर शर्माले जानकारी थिए। यसका लागि १७ संघलाई सात दिनको म्याद दिएर स्पष्टीकरण सोधिएको छ।

परिषद्का तर्फबाट महाशाखा प्रमुख रामप्रसाद आचार्यले प्रदेश खेल संघहरूलाई पठाएको पत्रमा भनिएको छ, 'प्रदेश खेलकुद विकास ऐन, २०७७ तथा प्रदेश खेलकुद विकास नियमावली, २०७८ को नियम ८ बमोजिम वार्षिक प्रगति प्रतिवेदनको प्रतिलिपि, अघिल्लो वर्ष (आव ०८०/८१) को वार्षिक लेखापरीक्षणको प्रतिवेदनसमेत संलग्न गरी नवीकरणका लागि २०८१/०९/२० गतेभित्र साधारणसभा सम्पन्न गरी नवीकरण गर्न/गराउन सार्वजनिक सूचना प्रकाशित गरिएको अवस्थामा तपाईं अध्यक्ष रहेको संघ नवीकरणका लागि निवेदन पेस गर्नुभएको नदेखिएकाले उल्लेखित नियमावलीको नियम नं. १० (क) को व्यवस्थाबमोजिम त्यस संघको दर्ता खारेज किन नगर्ने ? कुनै आधार प्रमाण भए सात दिनभित्र प्रमाणको प्रतिलिपि संलग्न राखी पेस गर्नुहुन सूचित गरिन्छ। सात दिनभित्र प्रमाण र आधारसहित जवाफ पेस हुन नआएमा त्यस संघको दर्ता खारेज गरिने हुँदा त्यस संघको लेटरप्याड, छाप र पदीय हैसियतले अबउप्रान्त कुनै कार्य नगर्नू/नगराउनसमेत सूचित गरिन्छ, यदि प्रयोग गरेको पाइएमा प्रचलित कानुनबमोजिम सजायका लागि प्रक्रिया अगाडि बढाउने व्यहोरासमेत सूचित गरिन्छ।' पत्रको बोधार्थमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) पनि छ।

के छ कानुनी व्यवस्था ?

प्रदेश खेलकुद विकास ऐन र नियमावलीअनुसार प्रदेश खेल संघहरूले आफूले सम्पादन गरेको काम-कारबाही तथा आय-व्ययको विवरणसहितको वार्षिक प्रगति प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र परिषद्मा र दुई महिनाभित्र मन्त्रालयमा बुझाउनुपर्ने हुन्छ। प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण गराई आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र खेल संघहरू नवीकरण गराइसक्नुपर्ने कानुनी व्यवस्था छ। ऐन र नियमावलीमा भएको समयसीमालाई बढाएर परिषद्ले प्रदेश संघहरूलाई २० पुससम्मको समय दिएको थियो। त्यसबमोजिम नगरेका संघ परिषद्ले खारेज गर्ने लागेको सदस्यसचिव शर्माले जानकारी दिए। खारेज भएका संघहरूले लेटरप्याड छाप र पदीय हैसियत प्रयोग गरेको पाइएमा प्रचलित कानुनबमोजिम सजायका लागि प्रक्रिया अघि बढाउने शर्माले जानकारी दिएका छन्।

यी हुन् १७ संघ

प्रदेश फुटबल संघ, साइक्लिङ संघ, ट्रायथलन संघ, इक्वेस्ट्रियन संघ, क्लाइम्बिङ संघ, योग खेलकुद संघ, इ-स्पोर्टस् संघ, च्याफ्टिङ एन्ड क्यानोइङ संघ, सितोरियो करााँते महासंघ, टेबुलटेनिस संघ, कुस्ती संघ, रग्बी संघ, नेपाल मार्सल आर्ट गेम्स महासंघ, एडभेन्चर रनिङ फेडेरेसन, आर्चरी संघ, नेपाल रेसिङ स्पोर्टस् एसोसिएसन

फाइनल पुग्दाको खुसी



एजेन्सी/ बार्सिलोना स्पेनिस सुपर कपको फाइनल प्रवेश गरेको छ। बार्सिलोनाले एट्लेटिक क्लबविरुद्ध २-० को सहज जित निकाल्यो। साउदी अरेबियाको किङ अब्दुल्लाह स्पोर्टस् सिटीमा बार्सिलोनालाई जित दिलाउन युवा खेलाडीद्वय गाभी र लामिन यामलले गोल गरेका थिए। एलेजान्द्रो बाल्डेको पासमा खेलको १७औं मिनेटमा गाभीको गोलमार्फत बार्सिलोनाले अग्रता लिएको थियो। गाभीले नै मिलाएको पासमा यामलले ५२औं मिनेटमा गोल गरेका हुन्।

आर्मी च्याम्पियन

काठमाडौं/ विभागीय डर्बीमा नेपाल पुलिस क्लबलाई ३-२ को सेटमा पराजित गर्दै त्रिभुवन आर्मी क्लब मदन भण्डारी गोल्डकप इन्डो-नेपाल रनिङ सिल्ड पुरुष भलिबलको च्याम्पियन भएको छ। प्रतियोगितामा मणिमुकुन्द भलिबल क्लबले तेस्रो स्थान हात पाऱ्यो। भारतको गुराजत स्टेट भलिबल एसोसिएसन अनुपस्थित भएपछि मणिमुकुन्दलाई विजेता घोषित गरिएको हो। विजेता आर्मीले सात लाख, उपविजेता पुलिसले तीन लाख ५० हजार र तेस्रो भएको मणिमुकुन्दले एक लाख ७५ हजार रुपैयाँ प्राप्त गरेका छन्।

मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजनामा भएको प्रतियोगितामा आठ टोली सहभागी थिए। बुटवल उपमहानगरपालिका- १० स्थित रामनगर खेलमैदानमा बिहीबार सम्पन्न फाइनलको पहिलो सेट आर्मीले १८-२५ ले गुमाएको थियो। दोस्रो सेट आर्मीले २५-१८ ले आफ्नो पक्षमा पार्दै पुनरागमन गऱ्यो। तेस्रो सेटमा पुनः पुलिस २५-२० ले जित निकाल्न सफल भयो। तर, चौथो सेटमा २५-२२ र पाँचौं सेटमा १५-७ ले आफ्नो पक्षमा पार्दै आर्मी अपराजित रहँदै च्याम्पियन भएको थियो।

एपिएफ प्लेअफतिर अग्रसर

विभागीय डर्बीमा नेपाल पुलिस क्लबमाथि ६-० को जित निकाल्दै एपिएफ क्लबको शीर्ष स्थानमा २ अंकको अग्रता

नयाँ पत्रिका

सानदार प्रदर्शन गरिरहेको विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले राष्ट्रिय महिला लिगको उपाधिमा एकतर्फी दाबेदारी प्रस्तुत गरेको छ। बिहीबार भएको विभागीय डर्बीमा एपिएफले नेपाल पुलिस क्लबलाई ६-० ले हरायो। एपिएफको जितमा कप्तान अनिता बस्नेतले ह्याट्रिक गरिन्। मिडफिल्डर सरु लिम्बूले दुई र रेनुका नगरकोटेले एक गोल थपेका छन्।

एपिएफले यसअघि बागमती युवा क्लबलाई ५-१ र वालिङ नगरपालिककालाई ९-० ले हराएको थियो। टोलीले समग्रमा तीन खेल खेल्दा २० गोल गरेको छ। जम्मा एक गोल बेहोरेको छ। यसअघि ह्याट्रिकसहित ७ गोल गरिसकेकी रश्मिकुमार घिसिङ पुलिसविरुद्ध भने गोलविहीन भइन्।

जितपछि एपिएफले डबल राउन्ड रोबिन पद्धतिमा आयोजना भइरहेको दोस्रो चरणको लिगमा २ अंकको अग्रता बनाएको छ। लगातार तीन खेलबाट एपिएफको ९ अंक छ। पहिलो हार बेहोरेको पुलिसको चार खेल खेल्दा ७ अंक रह्यो। एपिएफ, पुलिस, आर्मी, वालिङ नगरपालिका र बागमती युथ सम्मिलित लिगको दोस्रो चरणका शीर्ष चार क्लबले प्लेअफमा स्थान बनाउनेछन्।

एपिएफले लिगमा राष्ट्रिय टोलीबाट खेलिरहेका अनितासँगै रेनुका नगरकोटे, सरु लिम्बू, गीता राना, प्रीति राई, सविता रानामगर, रश्मिकुमारी घिसिङ र अनिता केसीसहित आठ खेलाडी मैदान उतारेको छ। त्यस्तै, मञ्जलीकुमारी योञ्जनसहित



विभागीय डर्बीमा नेपाल पुलिसविरुद्ध बल प्रहार गर्दै एपिएफकी अनिता बस्नेत। **तस्बिर सौजन्य** : एन्फा

नेपालको उमेर समूहबाट खेलेका गोलकिपर सावित्री किसन, रेनुका हमाल, प्रतीक्षा चौधरी, मनमाया दमाई, कुसुम खतिवडा, हिमा रावतलाई प्रशिक्षक जीवेशकुमारपाण्डेले मौका दिएका छन्।

प्रशिक्षक पाण्डेले खेलाडीलाई दिएको जिम्मेवारी निर्वाह गर्दा ठुलो जित निस्केको बताए। उनले यो जितले उपाधि जित्ने आत्मबल बलियो भएकोसमेत जनाएका छन्। पुलिसका प्रशिक्षक भोला सिलवाललेे ठूलो हार नसोचेको बताएका छन्।

कप्तान अनिताको ह्याट्रिक

एपिएफको जितमा कप्तान अनिता बस्नेतले ह्याट्रिक गरिन्। उनले खेलको ११ मिनेटसँगै इन्जुरी समयमा दुई गोल गरेकी थिइन्। पुलिसले राष्ट्रिय टिमकी पूर्वकप्तान निरु थापासहित वर्तमान टोलीका उषा नाथ, पूजा राना, समीक्षा घिमिरे, अमृता जैसीलाई मैदानमा उतारेको थियो। अन्य खेलमा पुलिसको फाइनल थर्ड कमजोर देखिए पनि एपिएफविरुद्ध भने सबै क्षेत्रमा कमजोर रह्यो। बलियो मानिएको डिफेन्स पनि एपिएफले लगातार दबाब सिर्जना गर्दा निकै कमजोर बन्यो।

पुलिसविरुद्ध एपिएफले पहिलो हाफमा दुई तथा दोस्रो हाफमा चार गोल थपेको थियो। खेलको ११औं मिनेटमा अनिताको गोलमार्फत एपिएफले अग्रता लियो। उनले करिब २५ यार्डबाट क्रस गरेको बललाई पुलिसकी गोलकिपर उषा नाथले ठम्याउन नसक्दा सीधै जाली चुमेको थियो। ३७औं मिनेटमा रेनुकाले टोलीको अग्रता दोब्बर बनाइन्। सिक्स यार्ड बक्समा पुलिसका गोलकिपर र रक्षकबिचको तालमेल नमिल्दा त्यसको फाइदा रेनुकाले लिएकी थिइन्। सरुले दुई मिनेटभित्र दुई गोल गरेपछि पुलिस आत्तिएको थियो। सरुले खेलको ८६ र ८७औं मिनेटमा गोल गरेपछि एपिएफ ४-० ले अगाडि बढ्यो। इन्जुरी समयमा दुई गोल गर्दै अनिताले ह्याट्रिक पूरा गरिन्। जारी लिगमा उनी तेस्रो खेलमा मात्रै गोल गर्न सफल भएकी थिइन्। विभागीय डर्बीमै उनले आफूलाई पुनः लयमा रहेको प्रमाणित गरेकी छिन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com